नेपाली

# बंकिमचन्द्र चटर्जी


## सुबोधचन्द्र सेनगुप्त



N
891.440 92
C 392 S

भारतीय

N
891.440 92
C 392 S



INDIAN INSTITUTE
OF
ADVANCED STUDY
LIBRARY, SHIMLA



भित्रीपातामा छापिएको मूर्तिकलाको प्रतिरूप यो दृश्य राजा शुद्धोदनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरूले भगवान बुद्धकी आमा, रानी मायाको सपनाको अर्थको व्याख्या गरिरहेछन् । मुनिपट्टि मुंशीजी बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन् । सम्भवत: भारतमा लेखन कलाको यो सबैभन्दा पुरानो चित्रांकित अभिलेख हो ।

नागार्जुनकुण्ड, दोस्रो शताब्दी (ईस्वी)
सौजन्य : राष्ट्रीय संग्रहालय, नयाँ दिल्ली

भारतीय साहित्यका निर्माता

# बंकिमचन्द्र चटर्जी

लेखक

सुबोधचन्द्र सेनगुप्त

अनुवादक

बिर्ख खडका डुवर्सेली

साहित्य अकादेमी

Bankimchandra Chatterjee : Nepali translation by Birkha Khadka Duvarseli of Subodhchandra Sengupta's monograph in English. Sahitya Akademi, New Delhi (1996), Rs. 15.

© साहित्य अकादेमी
प्रथम संस्करण : १९९६

N
891.440
C 392 S

**साहित्य अकादेमी**

**प्रधान कार्यालय**

रवीन्द्र भवन, ३५, फ़ीरोज़शाह मार्ग, नयाँ दिल्ली ११० ००१

विक्रय विभाग : 'स्वाति', मन्दिर मार्ग, नयाँ दिल्ली ११० ००१

**क्षेत्रीय कार्यालय**

जीवनतारा बिल्डिंग, चौथो तल्ला, २३ ए/४४ एक्स.,
डायमंड हार्बर रोड, कलकत्ता ७०० ०५३

३०४-३०५, अन्ना सलाई, तह्यनामपेट, मद्रास ६०० ०१८

१७२, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग,
दादर, बम्बई ४०० ०१४

ए डी ए रंगमन्दिर, १०९, जे. सी. मार्ग, बैंगलौर ५६० ००२

**मूल्य :** पन्द्रह रुपियाँ

ISBN 81-260-0001-5

116979
8/12/04
SHIMLA

**टाइपसैटिंग :** वैलविश पब्लिशर्स, दिल्ली ११० ०३४

**प्रिंटर्स** : कलरप्रिंट, दि

Library IIAS, Shimla
N 891.440 92 C 392 S
00116979

# विषय-सूची


| | |
|---|---|
| प्रस्तावना | ७ |
| परिचय | ११ |
| प्रारम्भिक उपन्यासहरू | १९ |
| मध्यकालका उपन्यासहरू | २६ |
| अन्तिम अवधिका उपन्यासहरू | ३८ |
| साहित्यिक समीक्षा | ४४ |
| विविध लेखोट | ४९ |
| **परिशिष्ट** | |
| वन्दे मातरम् (१८७६-१९७६) | ५२ |
| बंकिमचन्द्रका कृतिहरू | ५८ |

# प्रस्तावना

आधुनिक भारतीय साहित्यका निर्माताहरूमा बंकिमचन्द्रको विशिष्ट स्थान छ । उनको जन्म-शताब्दी १९३८मा मनाइयो । तर हिजोआज शताब्दी समारोह लोकप्रिय—प्राय: फेशन नै, भएको छ अनि तल्लो दर्जाका लेखकहरूको पनि स्मृति उत्सव आयोजित हुन्छ । अझै चाख लाग्दो कुरो के छ भने १९६५ मा बंकिमचन्द्रको पहिलो उपन्यास 'दुर्गेशनंदिनी' को शताब्दी मनाइयो, तर कसैले यो सोचेनन् एउटा पुस्तकको गरिमा बढ़ाउन समारोह गर्नु फजूल खर्च अथवा अनौठो कार्य हो, किनभने दुर्गेशनंदिनीमा बंगला—अथवा भन्न सकिन्छ, आधुनिक भारतीय उपन्यासको निम्ति यसको प्रकाशनपछि रूपरेखा मात्र थियो। १८६५ मा उल्लेख गर्न सकिने कुनै सिर्जनात्मक गद्य रचना थिएन । दुर्गेशनंदिनी निस्कियो अनि बंगला उपन्यास एकै चोटि प्रौढ़ भयो ।

अहिले हामीले शेक्सपियरको 'फर्स्ट फोलियो' जस्तो महान् किताबको शताब्दी समारोह मनाएको थाहा पायौं, तर एउटा गीतलाई यस्तो सम्मान दिएको कसले सुनेकोछ ? हामी अहिले बुझदै छौं, बंकिमचन्द्रले आफ्नो उपन्यास 'आनन्दमठ'मा समावेश सरेको भजन 'बन्दे मातरम्' को रचना भएको एक सयौं वर्ष-समारोहको आयोजन देशभक्तहरू तथा काव्य र संगीतका प्रेमीहरूले विभिन्न प्रकारले गरिरहेका छन् । यसै प्रेरक गीतले विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न धर्मावलम्बीहरू तथा विभिन्न भाषा-भाषीका मासिहरूलाई एउटै राष्ट्रमा समाहित हुने आग्रह गर्‍यो अनि तिनीहरूलाई स्वतन्त्रता का लागि एक जुट भएर कार्य गर्ने प्रोत्साहन दियो । अहिलो त्यो स्वतन्त्रता त प्राप्त भयो, तर अझै यसले अझ राम्रो जीवन व्यतीत गर्ने प्रेरणा दिनेछ जो स्वतन्त्र देशमा मात्र संभव छ अनि जसको विषयमा बंकिमचन्द्रले आफ्ना सिर्जनात्मक तथा समालोचनात्मक कृतिहरूमा रूपरेखा प्रस्तुत गरेका छन् ।

आफूलाई बंगाली नेताहरूसम्म सीमित राखेर सोच्दा हामी भन्न सक्छौं, भारतीय पुनरूत्थान दुइ चरणको थियो । पहिलो चरणमा राममोहन रायले हामीलाई प्राचीन व्याकरण, अर्थहीन आध्यात्मिक सूक्ष्मता अनि अंध विश्वासी कर्मकाण्डको दासत्वबाट मुक्त गर्ने कार्य गरेर अगुवा भए अनि यस अभियानले हामी लाई पाश्चात्य विचार र विज्ञानसँग जोड़ेर विचार गर्ने बनायो । दोस्रो चरणमा अगि-पछि हेरियो, अत्यधिक पश्चिमीकरणको विरोध भयो अनि नयाँ-पुरानो नीतिलाई एकीकृत गरेर त्यस आधारमा जीवनको सम्पूर्ण दर्शन प्राप्त गर्ने प्रयास गरियो तथा ऋषि-मुनिहरूको प्राचीन बुद्धि र आधुनिक वैज्ञानिक,

तर्कपूर्ण विचारलाई मिलाइयो । यस विचारधाराका मुख्य प्रवर्तक बंकिमचन्द्र थिए जसले संस्कृतिको धर्मको प्रचार गरे जसमा गीताको ईश्वरबाद अगस्ट कॉम्तको स्वीकारवादसँगै सम्मिलित थियो ।

साहित्यमा बंकिचन्द्रले गद्य-कथा मात्र सिर्जन गरेनन्, तर उनको लेखनीबाट यूनानी देउता जोभको टाउकोबाट मिनर्वाको आविर्भाव भए झैं आफ्ना उपन्यासहरू अनि निबन्धमा पनि जो धेरै जसो आफ्नो पत्रिका 'बंगदर्शन', साहित्यिक आस्वादन सिर्जनात्मक लेखनको लागि मूल्यांकनको मानदण्ड पनि स्थापित गरे । 'बंगदर्शन' बंगलामा पहिलो साहित्यिक पत्रिका थिएन, तर स्तरको दृष्टिमा पहिलेका सबै पत्रिकाहरूलाई उछिनेको थियो अनि यसको स्तरसम्म पछिका पत्रिकाहरू मुश्किलले पुग्न सकेका छन् । वस्तुपरकता यसको मुख्य विशिष्टता थियो अर्थात् सिर्जनात्मक लेखनमा उच्च स्तर कायम गर्नु तथा निबन्ध र समीक्षाहरूमा उचित विद्वता, सहज प्रस्तुतीकरण तथा निष्पक्ष मूल्यांकन गर्नु थियो । यिनै कति कारणले गर्दा बंकिमचन्द्र एक जना महान् उपन्यासकार अथवा ऋषि जसले बन्दे मातरम्को सन्देश प्रचार गरे भनेर मात्र चिनिएनन् तर साहित्य-सम्राट्को रूपमा पनि चिनिए । यो पदवी भारतका महानतम् कवि रवीन्द्रनाथ टैगोरलाई पनि दिइएको थिएन, यद्यपि उनी बंकिमभन्दा बढ़ता उपयोगी र धेरै विधाहरूका लेखक थिए । बंकिमकौ मृत्युपछि जब 'बंगदर्शन' को पुनर्प्रकाशन शुरू भयो टैगोर पनि कुनै समय यसको सम्पादक भए, तर यस 'बंगदर्शन' ले पूर्वजले छोड़ेको रिक्त स्थान कुनै प्रकार पूरा गर्न सकेन ।

यस संदर्भमा हामीले सोच्न सक्ने मात्र डॉ जान्सन छन् जो महान् एकाधिपति अथवा साहित्यमा तानाशाहको रूपमा चिनिए । दुइ व्यक्तिबीच समता र भिन्नता शिक्षाप्रद छ, किन भने बंकिमचन्द्रले असामान्य कल्पना-शक्तिको देनद्वारा उच्च स्तरीय सिर्जनात्मक कृतिहरू छोड़े तर जान्सनको सर्वाधिक महत्व कृतिहरू सिर्जनात्मक नभएर असामान्य ज्ञान-विवेक तथा स्थायी साहित्यिक देन जस्तै उनको शब्दकोश, उनको शेक्सपियरका कृतिहरूको सम्पादन तथा उनको 'लाइव्स अव् द पोयट्स' नामक ग्रन्थ थियो जसको महत्व जीवनीभन्दा समीक्षाको रूपमा बढ्ता छ । तर यस्तो असमानता हुँदाहुँदै पनि बंकिमचन्द्र जान्सनका आलोचक किए—दुवै जना जीवन र साहित्यलाई परस्पर संयुक्त मान्ने गर्द थिए, दुवैले सुस्वाद र संतुलित मूल्यांकनका लागि शुद्ध र स्वच्छ लेखनको मानदण्ड स्थापित गर्ने कार्य गरे अनि दुवै जना कल्पनाशील कृतिहरूलाई आदर्श जीवनको सहायक मान्ने गर्द थिए ।

एकजना महान् व्यक्तिमाथि यस्तो सानो किताब लेखेकोमा म क्षमा-याचनासहित शेष गर्न चाहन्छु अनि लेखकभन्दा बढ़ता कोही पनि यसको सीमासँग परिचित छैन । म यति नै थप्न सक्छु, यदि मेरा भूतपूर्व शिष्य, प्रेसिडेन्सी कालेज, कलकत्ताका

प्रोफेसर अशोक कुमार मुखर्जी सतर्क हुँदैन थिए भने यसको त्रुटि अझै नै प्रस्ट हुने थियो ।

'बन्देमातरम्' को श्रीअरविन्द अनुवाद फेरि छाप्ने अनुमति प्रदान गरेकोमा म श्रीअरविन्द आश्रम, पांडिचेरीप्रति कृतज्ञ छु अनि कलकत्ताका श्री एच. के नियोगीप्रति पनि अनुमति अति छिटो प्राप्त गराएकोमा कृतज्ञ छु ।

**सितम्बर १९७६** **—सुबोधचन्द्र सेनगुप्त**

# परिचय

बंगालको साहित्य-संसारमा बंकिमचन्द्रको आविर्भावलाई आकाशमा सूर्यको आगमन जस्तो तुलना गरिएको छ । बिहानको भुक्भुके अँध्यारोमा अचानक क्षितिजमा सूर्य देखा पर्छ अनि हामी चारैतिर उज्यालो र चहल-पहलका प्रतीकहरू पाउँछौं । बंगला साहित्य अनि त्यसै अनुरुप भारतीय साहित्य तिनताक निष्क्रिय अवस्थामा थियो । 'दुर्गेशनन्दिनी' सन् १८६५मा प्रकाशित भयो अनि त्यसपछि 'कपालकुण्डला' र अन्य उपन्यासहरू प्रकाशमा आए, यसले गर्दा साहित्य संसार चिरनिन्द्राबाट जागृत भयो । लगत्तै प्रत्येकको ओठमा 'बन्दे मातरम्' को संदेश गुञ्जित भयो ।

तर के त्यो जागृति भने जस्तै अचानक भयो ? भारतको सरकारी भाषा र शिक्षाको मुख्य विषयको रूपमा अंग्रेजी स्वीकृत भएको ३वर्ष पछि खतराको स्थिति देखिएको समयमा बंकिमचन्द्रको जन्म भयो । सन् १८५५ सालमा कलकत्ताको हिन्दु कलेज प्रेसीडेन्सी कलेजमा परिवर्तित भयो, सन् १८५७मा तीनवटा विश्वविद्यालयहरू स्थापित भए अनि बंकिमचन्द्र कलकत्ता विश्वविद्यालय (१८५८) का प्रथम स्नातक थिए । तर त्यस बेला प्रतिवाद गर्ने आन्दोलन शुरू भयो, यसमा ब्रिटिश प्रभुत्वको मात्र विरोध गरिएन्, पाश्चात्य जीवन-शैली तथा विचारधाराको विरोधमा पनि प्रतिक्रिया व्यक्त गरियो जुन सिपाही विद्रोह अथवा पहिलो स्वतन्त्रता-संग्रामको रूपमा चिह्नित भयो । अत: त्यस समयको विकट स्थितिलाई सही निर्देशन र यथोचित नेतृत्व दिने व्यक्ति बंकिमचन्द्र भए ।

बंकिमचन्द्रले सन् १८५८ सालदेखि डिपूटी मेजिस्ट्रेटको पदमा सरकारी सेवा शुरू गरे; पश्चिम बंगाल, पूर्व बंगाल तथा उड़िसाको विभिन्न जिल्लामा उनलाई खटाइयो- ती सबै ठाउँहरू त्यस बेला बंगालमा नै अन्तर्भुक्त थिए । सन् १८६१ सालमा उनले अवकाश ग्रहण गरे । एक जना सरकारी पदाधिकारीको हैसियतले प्रशासनिक समस्या समाधान गर्नमा आफ्नो कार्य-दक्षता, कर्मठता र मानवीयताका लागि विख्यात थिए । जीवनमा पछि बंकिमचन्द्रले यो राम्ररी बुझे, विदेशी शासनका दोषहरूमध्ये एउटा के हो भने स्थानीय प्रतिभालाई विकासको पर्याप्त मौका उपलब्धि हुँदैन । हामी दु:ख पोख्दै भन्छौं, उन्नाइसऔं शताब्दीको मध्यमा स्थानीय प्रतिभावान् व्यक्तिले पाएको ठूलोभन्दा ठूलो बंगाल सरकारका लागि दफ़तरी सहायक सचिव थियो । भारतीय राष्ट्रिय कंग्रेस को स्थापना भएको ६ वर्षपछि सन् १८६१ सालमा बंकिमचन्द्र सरकारी सेवाबाट अवकाश ग्रहण गरे । उनी बंगालमा मात्र हैन, भारतमा पनि विशिष्ट साहित्यिक विभूति

थिए । उनका केही कृतिहरूको अनुवाद अंग्रेजी र अन्य भाषाहरूमा भयो । तर जीवनमा उपार्जित सुख-सुविधा उनले राम्ररी उपभोग गर्न पाएनन् । अवकाश ग्रहण गरेको समयमा नै उनको स्वास्थ्य बिग्रदै गयो अनि १८९४को शुरूमा उनी गम्भीर रूपमा बिरामी भए । त्यही वर्ष ८ अप्रेलमा उनको देहावसान भयो ।

बंकिमचन्द्रको साहित्यिक योगदान अन्तर्गत एउटा अंग्रेजी उपन्यास समेत १४वटा उपन्यासहरू छन् अनि कविता सम्बन्धी कृति बाहेक विविध निबन्धका धेरै खण्डहरू छन् जसलाई २ अथवा तीन कालमा विभाजन गरिएको छ । 'शुरूमा बंकिमचन्द्र केवल कवि तथा साहित्यिक थिए, पछि उनी भविष्यदर्शी र राष्ट्र-निर्माता भए' भन्दै श्री अरविन्दले उनका कृतिहरूलाई पहिलेका र पछिका भनी दुई भागमा छुट्याए । अपूर्व बुद्धि-सम्पन्न लेखकका कृतिहरू सम्पूर्ण अखण्ड रूपमा अध्ययन गर्नुपर्छ अनि हामीले आफूलाई चेस्टर्टन्स पेराडक्सबाट ओझल पार्नु हुँदैन, जसमा भनिएको छ-राम्रो नीति कला नै नैतिक शिक्षा हो अनि नराम्रा कथामा पनि नैतिक शिक्षा हुन्छ ।

अझै समालोचना गर्न सुविधाका लागि बंकिमचन्द्रलाई एक जना उपन्यासकारको रूपमा उपलब्धि विवेचना गर्नअघि हामी उनलाई चिन्तकको रूपमा चर्चा गर्न अग्रसर हुन सक्छौं, तर यस प्रकारको दृष्टिकोण कालक्रम अनुरूप संरक्षण गर्ने छैन किन भने उनको युवा र व्यस्क अबहयाका उपन्यासतिर बढ़नअघि हामीले उनको जीवनको अन्तिम समयका उपन्यास र निबन्धमा पछिल्लो जीवनका कृतिहरूको विवेचना गर्नुपर्छ ।

उन्नाइसऔं शताब्दीमा आएको जागरणका उन्नायक राजा राममोहन रायलाई बंगाल-नव जागरण अथवा भारतीय नवजागरणको प्रतीकको रूपमा सम्मान गरिन्छ । तर केही सीमासम्म कथनमा भूल पनि छ । सन् १४५३ ई० मा कन्सटेनटिपलको पतनपछि शास्त्रीय विद्वानहरू पश्चिम तर्फ पलायन गर्दा परेको प्रभावलाई अतिशयक्तिपूर्ण देखाइको छ, तर यसमा शंका छैन—यूरोपको नवजागरण ग्रीक विद्वानहरूद्वारा व्यापक रूपमा प्रेरित भएको थियो । यो प्राथमिक तौर मा प्राचीन विरासतको आविष्कार थियो । भारतमा नवजागरणको अर्थ आधुनिक विदेशी प्रभावको परिणास्वरूप हाम्रो साहित्य दर्शन र सामाजिक व्यवस्थामा हाम्रो विश्वासको खलबली थियो । यसै कारण शुरूदेखि नै प्राचीन तथा अर्वाचीन, स्वदेशी विदेशी भिन्नताको तनाउ देखिएको कियो । राम मोहनले सरकारी संस्कृत कलेजको स्थापनाको विरोध गरे, किन भने उनको सोचाइमा यो अन्धविश्वासको गुँड हुनेछ । तर यो अझै उत्साहका साथ स्थापित भयो, यसको महान् सृष्टिगर्ने यूरोपेली विचारधाराका पण्डित ईश्वरचन्द्र विद्यासागर जस्ता रूढ़िवादी ब्राह्मण थिए जसले आफ्नो विद्वतालाई प्राचीन ग्रन्थहरू उद्घृत गरेर आधुनिक सुधारको समर्थनमा उपयोग गरे । ख्रिस्तानी मिसनरीहरूले धर्म परिवर्तन गर्ने प्रयास गरे तापनि ब्राह्मणवादको रूपमा विकसित एउटा नयाँ धर्म सक्रिय थियो जुन सही अर्थमा इस्लाम र एकेश्वरवाद प्रति पनि ऋणी थियो । तर यो नाम अनुरूप उपनिषद् र अद्वैत वेदान्ततिर ढल्केको पाइयो

ब्राह्मणवादले हिन्दु विचारधारालाई नयाँ दिशा देखायो तर जाति प्रथाले ग्रस्त हिन्दु समाजलाई जातिवादबाट मुक्त गर्न सकेन अनि पूजा-अर्चनाको बहुईश्वरीय रूपलाई परित्याग पनि गर्न सकेन ।

यस विचारधाराको विरोधमा गरिएको कार्य बुझिए तापनि हामीले बंकिमचन्द्रको दृष्टिकोण अघि राख्नुपर्छ अनि विभिन्न संस्कृतिलाई एक गर्नमा कति सक्षम छ, यो कहाँसम्म एउटै दर्शन हो अनि विविध तथ्यहरू संग्रह गर्नमा यो कतिको उन्मुक्त छ —सबै कुरो भन्नुपर्छ । उनको सबै रचनाहरूमा एउटा सामान्य तथ्य हुन्छ अनि त्यो तथ्य खुशी र महत्ताको चाभीको रूपमा आत्म-नियन्त्रणको आवश्यकतामाथि जोर दिनु हो । शशिशेखर भट्टाचार्य जंगली प्रवृत्तिको युवा मानिस थियो जसको प्राथमिक कार्य घटिया र नीच मानिन्थ्यो तर जब बंकिमको पहिलो उपन्यास 'दुर्गेशनन्दिनी' मा ऊ सन्यासी, ज्ञानी र मनीषी भएको छ तब उसले मनोवेगमाथि पूर्ण अधिकार प्राप्त गरेको हुन्छ । उनको दोस्रो उपन्यास 'कपालकुण्डला'मा मोती बीवी मुगल दरबारमा आनन्दप्रिया महिला थिइन्, ऊ आफूलाई एक एक गरेर फूलहरूको पराग चूस्ने पखेटा भएको मौरी सोच्ने गर्थिन् । जब ऊ बर्षौंअघि छुटिएको आफ्नो पतिको प्रेममा पर्छिन, शिकारानन्दको खोक्रोपन थाहा लाग्छ । चौथो उपन्यास 'विषवृक्ष' लाई आत्म-नियन्त्रणको गुणमाथि नैतिक शिक्षा हो भन्न सकिन्छ अनि आफ्नो जीवनका कृति-कथा र निबन्धमा पाठयक्रमका उद्धरणद्वारा अथवा संकलनद्वारा बंकिमचन्द्र यही शिक्षा नै दिनु चाहन्छन् ।

अत: बंकिमचन्द्र कविबाट भविष्यदर्शी र नीतिवाचक बनिए भन्न सकिन्न । नीतिवाचन ज्यादै कर्णकटु हुन्छ, यस कारण विकासको गतिलाई नियमितता मान्न सकिन्छ भने विकासको पथमा सिर्जनात्मक क्षमता घट्न थाल्नु सामयिक लक्षण हो । मानिसले खुशी अर्जन गर्न आफूलाई संलग्न अथवा व्यस्त राखेर मात्र सम्भव छैन तर आत्म-नियन्त्रणले गर्न सक्छ । तर कुवानी त्याग्नु एउटा नकारात्मक उपलब्धि मात्र हो, आवेशलाई वशमा राखिएको छैन भने उच्च लक्ष्य प्राप्त हुँदैन । आत्म-नियन्त्रणको अर्थ स्वयंलाई सर्वनाश पार्नु जस्तो हो अनि जीवन सही लक्ष्यसम्म पुग्न सक्दैन । जीवनले सदा पूर्ण उपलब्धिको आकांक्षा राख्छ; यो जता तितै पत्रदल छरेको बहुपत्रदलीय गुलाफ जस्तो हुनु पर्छ । बंकिमचन्द्र डार्विन र हर्बर्ट स्पेन्सरको रचनासित परिचित थिए तर उनको जीवन-दर्शन रचनात्मक विकासको सिद्धान्तको पक्षमा मौलिक तत्व र तथ्यसित गाँसिएको मान्न सकिन्छ । व्यक्तित्वको सम्पूर्ण अनुभूतिका लागि जीवन निरन्तर चल्ने आकांक्षा हो, जो शारीरिक, मानसिक तथा बौद्धिक पक्षको सुमधुर विकासको फल पनि हो । 'धर्मको सार तत्व संस्कृति हो अनि यसको फल चाहिँ उच्च जीवन हो', सेलीले भनेका छन् अनि बंकिमचन्द्रले यही भनाइलाई आफ्नो अन्तिम उपन्यास 'देवी चौधरानी' मा लक्ष्यको रूपमा लिएका छन् ।

बंकिमचन्द्रले कृष्ण भगवान्को कथा आफ्नै ढंगको प्रस्तुत गरे, जसमा कृष्ण

भगवान्‌को अवतारको रूपमा नभएर जनगणबीच मानिस कै रूपमा छन् । यस प्रकार उनले पूर्वी र पाश्चात्य दृष्टिकोण को संतोषजनक मेलको प्रभावलाई देखाए । पश्चिमबाट उनले संस्कृतिको धर्मका सिद्धान्त ल्याए तापनि 'महाभारत' का कृष्णद्वारा त्यो संस्कृति मूर्त रूपमा भएको देखाए । उनले कृष्णको विराट् दोस्रो र तेस्रो रूपलाई हटाउने चेष्टा गरे अनि महाभारतको असली रूपमा भए जस्तो कृष्ण प्रस्तुत गरे । उनको प्रयास सम्पूर्ण रूपमा सफल भएन । रवीन्द्रनाथ टैगोरले ठीकै भनेका छन्, कृष्णलाई अमानवीय प्रतीक-विचारको मानवीकरण भन्दा मानिसमाझ मानिस कम्ती देखाइको छ । तर यहाँ हामी कलात्मक प्रस्तुतीकरण भन्दा व्यक्त विचारसँग अर्थ लगाउँछौं । बंकिमचन्द्रले 'महाभारत'मा उल्लेख गरे जस्तै नै कृष्णको कथामा तीन रूप छुट्याउने चेष्टा गरे तर अन्ततः महाभारतमा तीनै रूप यथावत् नै छन् । पहिलो रूपमा कृष्ण मानिस जस्तै व्यवहार गर्छन् अनि उनलाई ईश्वरको रूपमा देखाइएको छैन । त्यसपछि विशेष गरेर भगवत् कथामा उनलाई ईश्वरको अवतारको रूपमा प्रस्तुत गरिएको छ अनि उनी धेरथोर दार्शनिक सिद्धान्तको प्रतीक छन् । त्यसपछि अझै प्रेमको प्रतीक कृष्ण वैष्णवका कृष्ण भगवान् हुन्छन् अनि उनको नाउँमा विभिन्न मोहक आख्यानहरू छन् । बंकिमचन्द्र महाभारत कथाको मूल तह पहिल्याउन पनि विचारमग्न हुन्छन् अनि सम्पूर्ण मानवीय तस्वीरको निधो गर्छन् । जहाँसम्म मानव-संस्कृति व्यापक हुन्सकछ, कृष्णले त्यहाँ शारीरिक, बौद्धिक, मानसिक तथा नैतिक सबै कार्यक्षेत्र सिर्जना गरेका छन् । यसरी सम्पूर्ण रूपमा विकसित व्यक्तित्वलाई महाभारतका विभिन्न पर्वहरूमा विशेष गरेर कौरव र पाण्डवको युद्धको कथामा सक्रिय रूपमा देखिन्छ ।

कुरूक्षेत्रको प्रतीकको रूपमा कृष्णको लक्ष्य र आदर्श के छ ? बंकिमचन्द्र अनुसार त्यसताक भारत दुइ साना राज्यमा विभाजित थियो जो सधैँ लड़ीनै रहन्थे । अतः एक जना शासकको अधीनमा देश नभएको खण्डमा शान्ति र उन्नति हुँदैन । ससाना राजाहरूलाई शेष गरेको खण्डमा मात्र यो अव्यक्त लक्ष्यको प्राप्ति सम्भव थियो । लामो अवधिसम्म चल्ने युद्धको प्रारम्भमा नै राजकुमारलाई बाच्न नदिनु जरूरी थियो । यस कथाको ऐतिहासिक अंश अति काल्पनिक हुनसक्छ तर हामी बंकिमचन्द्रको इतिहास प्रस्तुतीकरणभन्दा दर्शनसित मतलब राख्छौं । अन्य पुस्तकमा जस्तै यसमा पनि बंकिमचन्द्र कर्त्तव्यको सिद्धान्त व्याख्या गर्छन् । कृष्ण कुरुक्षेत्रको मैदानमा विनिर्माण नाटकको पर्यवेक्षक थिए । उनले कसैलाई रोक्न केही गरेनन् अनि बरू आंशिक रूपमा जिम्मेवार भए भन्न सकिन्छ । बंकिमचन्द्रको बुझाइ अनुसार सामाजिक परिवेशमा कर्त्तव्यबोधको भावना किन उप्जिदैन ? यस प्रश्नको जवाफ छ, यो सब आधुनिक मानिसद्वारा सामाजिक आर्थिक कारण भनी चिनिएको विशेष परिस्थितिद्वारा नै निर्धारित हुन्छ । कृष्नले जुन स्थितिमा भारतलाई पाए, तिनी ईश्वरको सट्टा मानिसको रूपमा थिए अनि शान्ति र उन्नति विनिर्माण द्वारा नै प्राप्य थियो; त्यसै कारण नव निर्माण शुरू हुनुभन्दा अघि विनाशको कार्य पूरा गर्ने जिम्मा उनी र अर्जुनमाथि आइलाग्यो ।

हामी बंकिमचन्द्रको सोच-विचारमा रूढ़िवादी तत्वको आधार पाउँछौं । कर्त्तव्यको निर्धारण आवेग अथवा मूल दर्शनद्वारा नभएर समाजको त्यस संरचना र यथार्थ स्थितिद्वारा हुन्छ जसमा समाहित छौं । सही अर्थमा उनको व्याख्या त्यही हो जसमा कृष्णप्रति समर्पित बन्धनसित विरोध प्रदर्शित गरिएको छ । महाभारतको प्रारम्भिक चरणमा कृष्णको एकभन्दा बढ़ता स्वास्नी भएको प्रमाणित हुँदा पनि उनी दोषी थिएनन् किन भने त्यो समयानुकूल आदेश नै थियो भनी अतिशयोक्तिपूर्ण वर्णन भएको उल्लेख बंकिमचन्द्र गर्छन् । फेरि यसै कारण समाज-सुधारको क्षेत्रमा मालबारी जस्तै बंकिमचन्द्र ढीठ भए । बहुबिवाह प्रथा अथवा यस्तै अन्य सामाजिक कुरीतिलाई उनले अनुमोदन गरेको चाहिँ होइन । तर उनले सोचे, नैतिक अथवा राजनैतिक विकासद्वारा नै यसमा सुधार ल्याउन सकिन्छ अनि सामाजिक कुप्रथाहरू आफै हराउनेछन् । यस सिद्धान्तको पक्षमा तर्क राख्दै उनले महान् ईश्वरचन्द्र विद्यासागरको सुधारवादी आन्दोलनमा नि:स्वार्थ भावको सेवा भएको पाए ।

बंकिमचन्द्र 'धर्मतत्व' र अन्य कृतिमा वर्णन गरे अनुसार महाभारत का कृष्ण संस्कृतिका शीर्षस्थ मूर्त रूप हुन् । तर यी कृष्ण चतुर र मौकावादी छन् अनि आफ्नो स्वार्थका लागि प्रत्येक वस्तु र व्यक्तिको शोषण गर्न तयार छन् भन्दै यस सन्दर्भमा बर्नाड शॉको सीजर र बलन्टीस्ली सम्झना गराए जसको मूल प्रवृति सांसारिक लक्ष्यको सेवाप्रति समर्पित मानिएको छ । तर बंकिमचन्द्र विश्वव्यापी सफलतालाई समापन मानेर महिमा गाउँदैनन् । बहुजन हिंताय मात्र नभएर मानव-जातिको हित—सम्पूर्ण मानव जाति अथवा सम्पूर्ण सृष्टिको भलोको लक्ष्य प्रत्येक गतिविधिमा हुनुपर्छ । यदि तपाईं कृष्णलाई सम्पूर्ण सृष्टिका स्वामीको रूपमा हेर्नुहुन्छ भने यो पनि बुझनुपर्छ—उनी यसमा अन्तर्यामी छन् र नै सेवा र याचनाका पात्र बनिन्छन। बंकिमचन्द्र राजनैतिंक चिन्तक थिए अनि उनको प्रभुत्वलाई क्रान्तिकारीहरू र भारतको ब्रिटिश शासनका प्रमुख दुवैले मानेका पनि थिए । तर उनको राजनैतिक विचारधारामा कुनै मत विरोध छैन् । सरकार जन-साधारणको सुव्यवस्थित तथा सर्वांगीण विकासमा सुवर्ण अवसर प्रदान गरेर बाँच्छ । यदि ती अक्सरहरू उपलब्धि छन् भने विदेशी प्रभुत्व सोझो कुकृत्य होइन; यो कुनै पनि स्थितिमा अपवित्र कर्म हुन सक्दैन । उनले मुगल शासनको तुलना पठान शासनसित गरे । प्रशासको रूपमा मुगलहरू पठानभन्दा बढ़तै दक्ष थिए, तिनीहरूले स्थानीय प्रतिभालाई प्रोत्साहित गरेनन् । पठान शासन कालमा बंगाल हिन्दु नवजागरण व्याप्त थियो, जुन 'नव्यन्याय' र वैष्णव दर्शनमा अन्य तथ्यहरूसँगै उप्जेको तत्वबाट प्रमाणित हुन्छ । यसै अनरूप नै भारतको ब्रिटिश सरकार अथवा अन्य कुनै स्थानीय अथवा विदेशी सरकार को विवेचना हुनुपर्छ ।

जनहित भन्दा केही प्रतिभा सम्पन्न व्यक्ति जस्तै रघुनाथ शिरोमणि अथवा रघुनन्दन अथवा श्री चैतन्यले पाएको सुअवसर बुझिँदैन । यसको अर्थ धनी-गरीब, ठूला-साना सबैलाई अधिकार र अवसर पाउनु हो । यहाँ हामी बंकिमचन्द्रको विचारधाराको अर्को

पक्ष क्रान्तिकारी आदर्शवादलाई विवेचना गर्छौं । उनी समानताका समर्थक हुन् जसको अर्थ सबै प्रकारको विभिन्नताको अन्त चाहने चाहिँ होइन । बुर्केको कथनलाई विपरीत प्रकारले विचार गर्दै उनले समानतालाई समर्थन भनेको एउटै तहमा ल्याउनु भनेको होइन । 'ट्रोइलस एण्ड क्रेसिड़ा' मा यूलिसेज'ले देखाएको स्थिति हुनुपर्छ तर समाज र सरकारको व्यवस्था-पद्धतिले अधिकार र अवसर अधिकारको समता निश्चित गर्नुपर्छ । बंकिमचन्द्रको 'कमलाकान्त' शॉ को 'अल्फर्ड डूलिट्ल' जस्तै असहाय गरीबको समर्थक छ । कमलाकान्तको बिरालोले भन्छ, 'तिमी मलाई लौरोले कूट्छौ, किन भने मैंले तिम्रो भाग दूध चोरेर खाएँ-यदि यस्तो काम कुनै महान् व्यक्ति जस्तै पण्डितले गरेको भए तिमी प्रसन्न अनुभव गर्ने थियौ । तर किन ? किन मैंले अचानक अनुभव हुने कष्टभन्दा थोर अनुभव गर्नु?' यस अनुभवबाट प्रेरित भएर बंकिमचन्द्रे जमीनका हलीहरूमाझ जमीनको वितरण तथा स्थायी व्यवस्थाको समाप्तिका लागि गत शताब्दीको सातौं दशकसम्म विवेकपूर्ण बयानहरू अघि सारे ।

सोध्न सकिन्छ, आत्म-नियन्त्रणका लागि प्रेरणा के हुनु पर्छ अनि मानवीय गतिविधिको नीतिशास्त्रका आधार के हुन् ? बंकिमचन्द्र आस्तिक थिए अनि उनको विचारमा ईश्वरको अस्तित्व स्वीकार गरेपछि चर्चा र तर्कको कुरै उठ्दैन । अठारहौं शताब्दीका यूरोपीय चिन्तकहरू अनि उपयोगितावाद तथा वास्तविकतावादबाट विषयवस्तु र मतादि ग्रहण गर्ने उनी विचारशील व्यक्ति पनि थिए, उनले ईश्वर बिनाको विश्वासमा प्रतिक्रिया व्यक्त गरे, मिलको प्रभावमा लेखिएका केही निबन्धहरू उनले प्रकाशमा ल्याएनन् अनि 'कमलाकान्त'को माध्यमबाट उपोयिगताबादलाई पेटपूजाको दर्शनको रूपमा स्वीकार गरे । उनको कथन अनुसार सबै कार्य ईश्वरलाई समर्पित हुनुपर्छ अनि 'आनन्दमठ'को प्रस्तावनामा उनी भन्दछन्, भक्ति अथवा धार्मिक श्रद्धा नभए जीवन बलिदानको अर्थनै लाग्दैन । यस सन्दर्भमा शंका र तर्कका लागि उनी कुनै स्थान दिँदैनन् । यदि हामी ईश्वरलाई विश्वमा सर्वव्यापी आनि सर्वशक्तिमान् निरीक्षक र न्यायपालनकर्त्ता ठान्दछौं भने हामीले साँचो अर्थमा विश्व र मानवजातिलाई माया गर्नुपर्छ । उनको दर्शनको यो पक्ष चाहिँ विवेकपूर्ण छैन; यो केही दार्शनिकहरूले स्वैच्छिकवाद भने जस्तै हो । यसको अर्थ हुन्छ-यदि हामी आफूलाई सिद्धान्तको पक्षपाती ठान्छौं भने त्यसको समर्थन अथवा खण्डन कुनै अनुभूति-मूलक तथ्यको अपीलद्वारा हुन सक्दैन । त्यसलाई ग्रहण गर्ने पक्षमा हामी पुग्नुपर्छ । एक पटक यो धारणा बनिएपछि उनी वर्त्तमान लक्ष्य र अतीतको इतिहासको आधारमा आफ्नो तर्क प्रस्तुत गर्ने भए ।

तर के मानव-प्रेम अथवा धार्मिक भक्तिले जनहितको लक्ष्य प्राप्त गर्न मार्ग दर्शन गर्ने कार्य गर्छ ? बंकिमचन्द्र आफैले प्रस्ट पारेका छन्, केही अत्याचारी मानिसहरू ईश्वरकै इच्छामा कार्य गरेको सोच्छन् । धार्मिक भक्त र धर्मान्ध, आदर्शवादी र बौलाहा माझ भेद कसले छुट्याउन सक्ने छ ? जून सेवाको लक्षय शेखर कार्य गर्ने प्रतिज्ञा जस-जसले गरेका छन्, तिनीहरूले नै घिनलाग्दो ध्वंसात्मक कुकृत्य गरे अनि ईश्वरको

सेवकको रूपमा करौड़ौ मानिसहरूलाई अलमल पारे । बंकिमचन्द्रले आफ्नो तर्कको व्याख्या गरेनन्, यसर्थ यस्तो आपत्तिमा उनको उत्तर जनहितको कार्यका लागि मात्र नभएर हशिम शेख, प्राण मण्डल र राम मछुआ जस्ता श्रमजीवी भूमिपुत्रको अधिकार र क्षमताको मान्यताको पक्षमा थियो । यी सब कुरा सरकारको कार्यदक्षताका लागि हुनुपर्छ अनि यसबाट नै राष्ट्रको विकासका आधार बनिनेछ अनि राष्ट्रीय प्रतिभाको विकासमा सफल कार्य पनि हुनेछ । यस प्रकार धेरै कुरामा रूढ़िवादी भए तापनि आधुनिक समाजवादका प्रवर्तक भएका छन् बंकिमचन्द्र ।

'आनन्दमठ' मूलत: राजनैतिक उपन्यास हो, किन भने यसले जनसाधारणको आवाजलाई प्रतिनिधित्व गर्छ । संन्यासीहरू संसार परित्याग गरेको भए तापनि तिनीहरू जनगणसित जनगणका लागि जनगण कै भएका छन् । तिनीहरूको गतिविधिमा जनसाधारणको दयनीय स्थिति अभिव्यक्त भएको पाइन्छ अनि तिनीहरू स्वदेशी अनि राष्ट्रीयवादका सही उन्नायक हुन् किन भने भूमिका सन्तान हुन्)। मोहम्मद अथवा ब्रिटिश शासनको विरोधमा अभियान भएको विवाद अर्थरहित छ । सन्यासीहरू संकीण मोहम्मदी शासन विरोधमा छन् जो शासन गर्छन तर व्यवस्था गर्दैनन् । सन्यासीहरू विशेष गरेर अंग्रेज़हरूको विरोधमा लड्छन् अनि 'आनन्दमठ' धेरै देशभक्तहरूको बाइबल थियो, जसले हिंसात्मक कार्यवाही द्वारा अंग्रेजलाई लखेटन चाहेका किए । यसले जन-साधारणको अधिकार र क्षमता को समय र ठाउँको परवाह नगरी आन्दोलनलाई प्रोत्साहन दिन्छ । सन्यासीहरू गाउँछन् — 'कसले युवाको जोशलाई मार्ग दर्शन गर्छ ? अनि यो गीत सबै काल र देशका नव युवा-युवतीलाई सोझो आह्वान हो ।

यस दृष्टिकोणबाट हामी महान् वन्देमातरम् गीतको उचित प्रशंसा गर्न सक्छौं, जो भारतको उत्कृष्ट साहित्यिक सम्पद मध्ये एउटा हो । बंकिमचन्द्रका कृतिहरूको प्रत्येक पक्ति संवृत छ अनि प्रेमको सुर आलाप गरेको पाइन्छ । उनी मातृभूमिको अभिवादन 'सुजला सुफला शस्य श्यामला' भनेर गर्छन् । तर यो मातृभूमि मात्र नभएर देवीदेवताको स्थल पनि हो । बंकिमचन्द्र दुर्गा, लक्ष्मी तथा सरस्वती जस्ता धेरै हिन्दु देवीहरूको याचना गर्छन् तर उनको भनाइमा आरिसे व्यक्तिहरू गुनासो नै पोख्ने गर्छन् — राष्ट्रीय गीतले हिन्दु देवी देवताको अर्चनालाई महत्त्व दिएकोछ । सत्यबाट कुनै पनि वस्तु टाढ़ा हुन सक्दैन । बंकिमचन्द्र आफैले यस उपन्यासको अन्तमा र अन्य ठाउँमा साँचो भ्रष्टाचारको रूपमा हिन्दुको बहुदेववादको भर्त्सना गरेका छन् । ख्रिष्टानी काव्यमा ग्रीक देवीदेवतालाई उपयोग गरे जस्तै प्रतिबिम्बहरूमा काव्यगत असरलाई देखाइएको छ । देशभक्तका लागि महत्वपूर्ण के छ भने जुन सुकै नाउँमा पुकार गरिए तापनि मातृभूमिमा ईश्वर सर्वत्र व्यापक रूपमा उपस्थित हुन्छन् । यो एक प्रकार नयाँ मूर्तिपूजा हो भनेर टैगोरको 'द होम एण्ड द वर्ल्ड' मा कुनै पात्रले प्रतिवाद गरेको छ तर यदि ईश्वर र जनहितका लागि नै सेवा गरिएको छ भने देशभक्ति नै सेवाको फल हो अनि यसमा धार्मिक आस्था अवश्य नै हुनुपर्छ भनी बंकिमचन्द्र

सोच्दछन् । परम शक्तिको रूपमा 'माता' हाम्रो पाखुरामा शक्ति प्रदान गर्छिन् अनि हाम्रो शरीरलाई प्राणपनि प्रदान गर्छिन । उनले कसलाई यस्तो शक्ति दिन्छिन् ? निश्चय नै राजा, तानाशाह अथवा कुनै दललाई नदिएर धरतीकै सन्ततिलाई नै दिन्छिन् । उनको शक्ति र योग्यता मातृभूमिका लागि उपयोग गरिन्छ अनि त्यसरी नै उनको स्वर दबिने छैन अनि राष्ट्रीय आकांक्षा र आवश्यकता पूरा गर्नमा युद्धको शंखघोष गर्नेछ । बंकिमचन्द्रको अवधारणा यति विशाल र व्यापक छ, किनभने उनी देशभक्तिमा धार्मिक आस्था भएको मान्दछन् । यसै कारण यो वन्देमातरम् गीत अठारौं शताब्दीमा बंगालको दुर्गम कुना-कुनामा ससाना विद्रोही दलका नेताहरूले गाउँदा भारतीय राष्ट्रीयताको उत्कट अभिव्यक्ति भएको छ । कुनै साहित्यमा विरलै नै देशभक्ति गीत हुन्छ जसले धेरै उद्देश्यहरू अंगीकार गर्छ जसमा आवेग व्यापक र तीव्र अभिव्यक्त भएको छ ।

# प्रारम्भिक उपन्यासहरू

हामीले बंकिमचन्द्रको विचारधारालाई जस्तै मान्यता अथवा कदर दिए तापनि आधुनिक भारतको पहिलो उपन्यासकारको रूपमा उनको स्थान सुरक्षित छ अनि उनको ख्याति स्कोट जस्तै कहिलेकाहीं अस्थायी रूपमा ग्रहण-भित्र परे तापनि उनलाई महान् उपन्यासकार मध्ये एक जनाको रूपमा सम्मान गरिन्छ ।

बंगला कथा-साहित्यतर्फ बढ्नअघि बंकिमचन्द्रले ईश्वरचन्द्र गुप्तद्वारा सम्पादित 'सम्वाद प्रभाकर' र 'सम्वाद साधुरञ्जन' लाई सघाउन पुगे अनि उनका धेरै जसो रचनाहरू कवितामा थिए । कविताका दुइ किताबहरू 'ललिता' र 'मानस' सन् १८५६मा त्यस बेला प्रकाशित भए जब उनी विद्यार्थी थिए । किशोरीचन्द मित्रद्वारा सम्पादित पत्रिका 'इन्डियन फिल्ड' मा सन् १८६४मा धारावाहिक रूपमा अंग्रेजी कथा 'राजमोहनस वाइफ' प्रकाशित भयो । तर यी साहित्यिक प्रयासहरूले उनको प्रतिभाको कुनै छाप छोड्दैनन् अनि उनका पछिल्ला कृतिहरूको सम्बन्धमा कुनै पूर्वाभास पनि दिँदैनन्, यसर्थ यिनको विस्तृत विवेचना आवश्यक छैन ।

यो उल्लेख गर्न सकिन्छ, उनको जीवनकालमा 'राजमोहन्स वाइफ' किताबको रूपमा प्रकाशित भएन अनि १९३५सम्म पनि प्रकाशित भएको थिएन । पछि उनको ख्याति शिखरमा पुग्दा बंकिमचन्द्र स्वयंले 'राजमोहन्स वाइफ' लाई बंगलामा अनुवाद गर्न थाले तर सातौं पाठसम्म अनुवाद गरेर छोड़े । यसो गर्नु आफ्नो कलमको विशिष्ट सिर्जना होइन भन्ने उनले बुझे ।

'दुर्गेशनन्दिनी' (१८६५) उनको बंगला कथा क्षेत्रमा पहिलो साहसिक अभियान थियो तर यसलाई साहसिक अभियान (एडभेन्चर) भन्नु दिशाभ्रमित गर्नु जस्तो हो किन भने भूल त्रुटिरहित यो उनको पहिलो कलाकृति थियो । यो उनको युगान्तकारी उपन्यास थियो । विष्णुपुरदेखि गढ़मन्दरन हाइवेमा छोंड़सवारको यात्राको वर्णनदेखि यो कथा शुरू हुन्छ । सुप्रसिद्ध समालोचकले भने अनुसार यो हाइवे बंगला कथाको महापथ हो अनि त्यसै अनुरूप भारतीय कथाको पनि महापथ हो । यो त्यो महापथ हो जसलाई पछिका उपन्यासकारहरूले पहिल्याए । तिनीहरूले कहिले काहीं गल्ली र गोरेटोको चक्कर लगाए तर अन्तमा सबै यस महापथमा नै समाहित भए ।

'दुर्गेशनन्दिनी' मनमोहक र चाखलाग्दो ढंगले वर्णन गरेर भनिएको पहिलो कथा हो । केही त्रुटिहरू हुँदाहुँदै पनि यो भुल्न हुँदैन, उपन्यासकारहरू 'तुसीतलस' कथा सुनाउने

हुन्छन् । कुनै चरित्र अथवा अर्कै स्वर-सुरका लागि कथालाई गौण बनाउन सकिन्छ तर त्यो सधैँ त्यहाँ यथावत नै हुन्छ ; दोस्रो कुरा, मनोभाव पनि छ । मनोभाव मुख्यतः दुइ हुन्छन् अथवा प्रबल भावावेश-प्रेम र पराक्रम, दुवै रोमाञ्चका सहनशील विषय हुन् अनि यस्तो भावावेश चरित्रमा समावेश गरिएको हुन्छ । सामयिक असम्भाव्यता र अस्वाभाविक संयोगका घटनाहरू त्यहाँ छन् अनि दुइ एक अति नाटकीय भाग पनि समाहित छन्, तर विषाद र दु:ख, त्याग र खुशीले कलामा नीहित मानव-स्वार्थलाई कुनै हानि पुग्दैन । मानिसको गतिविधिपछि हामी ईश्वरको अदृश्य छाया अनुभव गर्दछौं जुन व्यंग्यात्मक, परिवर्तनशील र असंगत चाहिँ छैन ।

'दुर्गेशनन्दिनी' प्रेम र युद्धको कथा भए तापनि यसको आधार इतिहासद्वारा प्रदान गरिएको छ । यसै कारण यसलाई ऐतिहासिक उपन्यास भन्न सकिन्छ, तर बंकिमचन्द्र स्वयंले त्यस दृष्टिलाई स्वीकार गरेनन् । अकबरको दरबारमा मानसिंह महान् व्यक्ति थिए अनि सम्राट्का एक महान् सेनापति पनि थिए । उनलाई पठानबाट उड़िसामा विजय हासिल गर्न खटाइयो अनि लडाइँ चलेको बेला उनको पुत्र जगत सिंह पठानको विशाल सेनावाहिनी बाट परास्त भयो अनि उनलाई दुर्गको अस्थायी आश्रयमा लगियो । त्यस समयका पठान शासक कल्टूखाँ को चोला उठ्यो अनि पठानले मानसिंहसित शान्ति समझौता गरे । सम्पूर्ण इतिहास यति मात्र छ तर यसलाई लेखकको सिर्जनात्मक कल्पनाले परिमार्जित र सुसज्जित बनाइएको छ । यसमा पछि लोक परम्पराबाट पनि मदत लिइएको छ । बंकिमचन्द्रले ऐतिहासिक घटनालाई जगत् सिंह र सरदारकी छोरी तिलोत्तमाबीच प्रेम-कथामा परिणत गरेका छन्, पराजयलाई आकस्मिक भूलको रूपमा प्रस्तुत गरिएको छ । सरदारलाई कैदी बनाइन्छ, टाउको छिनाइन्छ अनि कल्टूखाँ को हत्या सरदारकी क्रोधित विधवीद्वारा हुन्छ । यसमा गढ़ मन्दरन दुर्ग नै चकित हुन्छ । प्रेम-कथा युद्धको घटना क्रममा विलीन हुन्छ, किन भने किल्ला घेरिन्छ अनि जगत् सिंहलाई राति सरदार की छोरीसित भेट्न जाँदा कैद गरिन्छ । दोस्रो अर्द्ध भागमा मनोवेगद्वारा उपन्यासलाई जटिल बनाइएको छ जसमा कैदी जगत् सिंहले कल्टूखाँ की छोरी आयशालाई जागृत गर्छन् जसलाई कल्टूखाँका भतीजा अनि जेनरल उस्मानले सताएका थिए । आयशा ऐतिहासिक पात्र न भए पनि उस्मान चाहिँ ऐतिहासिक पात्र हुन अनि उस्मान र जगत् सिंहको प्रेमको होड़बाजीको युद्ध हुन्छ जुन माया र मोहमा आधारित छ ।

बंकिमचन्द्र स्वतन्त्र मनोवृति अप्नाए तापनि इतिहासको मूल तथा अथवा पठान युद्ध, जगत् सिंहको हार अनि शान्ति-समझौतालाई यथावत् कायम राखेका छन् अनि स्थिति र अवस्थामा जे जस्तो सम्भव हुन्छ, त्यसमा उनले विशेष जोर दिए । उनी आगरामा मानसिंहको महलसित सरदारको अतीतलाई जोड़ेर किल्लाको घटनाको विशिष्टता पनि उल्लेख गर्छन् । सरदारकी पत्नी बिमला जस्ती सम्पूर्ण सम्भाव्य जस्तो अनैतिहासिक पात्र सिर्जन गरेर कथालाई एउटा रूपदेखि अर्कोमा बढ़ाउने अनि जोड़ने कार्य कलात्मक ढंगमा भएको छ । जगत् सिंह र सरदारकी छोरी तिलोत्तमाबीच भएको प्रेम मूल विषय गौण

छ । इतिहासमा उच्च स्थानमा रहेका जगत्सिंहलाई नायकको रूपमा प्रस्तुत गरिएको छ, तर उनको गतिविधि र कुराकानी ओजस्वी नभएर अति काल्पनिक छ । उपन्यासको शीर्षक नै भएकी सरदारकी छोरीलाई एउटा सिँगारिएको गुड़ियाभन्दा अलिक बेशी देखाइएको छ तर बिमला त्यस्ती छैनन्, उनको निर्भीक विद्वता र पतिप्रति धैर्यपूर्ण भक्तिको जानकारी उनलाई दिएको छैन, विशेष संकटकालीन क्षणमा पनि उनको मनको अवस्था ज्ञानको तीक्ष्णताले उपन्यासको पहिलो भाग चाखलाग्दो र ओजपूर्ण भएको छ तर दोस्रो भागको वर्णनको अन्तमा बिमला अन्तर्धान हुन्छिन् ।

दोस्रो भागमा कत्लू खाँको छोरी आयशा अनैतिहासिक पात्र भए तापनि नायिका जस्तै छन्, जसलाई बंकिमचन्द्रले महिला-रत्नको रूपमा प्रस्तुत गरेका छन् जो आत्म-नियन्त्रण र आत्म त्यागको चित्रण गर्ने पहिलो प्रयास भएको छ । तिनी ऐतिहासिक दृष्टिले साँचो पात्र होइनन् किन भने अन्त:पुरमा राजपुत राजकुमारलाई शत्रुको रूपमा नवाबकी छोरीले सेवा गरेको कथालाई विश्वास गर्नमा हामीले विशेष जोर दिनुपर्छ । स्कोट्स 'इभानहो' मा ज्यूसकी छोरी 'रेवेका' जस्तै तिनी कलात्मक दृष्टि कोणमा विश्वास-लाग्दी चाहिँ छैनन् । उनको आत्म-नियन्त्रण वीरतापूर्ण हुनसक्छ तर प्रेम-व्यवहार भने एक पतक अल्पभाषिकाको गाँठो खोलिएपछि बनावटी लाग्छ । त्यसरी नै उस्मान, तिनको भतीजाको समान रूपमा नै देखावटी लाग्छ, किन भने प्रेमप्रति गरिएको याचना खारेज गरिएको । प्रतिष्ठाको प्राचुर्य भएको बेला नै तिनी कथाबाट अवकाश लिन्छिन् तर अन्तिम पंक्तिहरूमा जब तिनले विषयुक्त औँठी फ्याँक्छिन्, फेरि तिनी जीवनमा आउँदिनन्, आफूलाई कठपुतली जस्तो बनाउँछिन् । सम्पूर्ण घटनाको केन्द्र बिन्दु आफै भए तापनि त्यस घटनाको महत्वलाई अन्यत्र व्यापक बनाएर फैलाउन सक्दिनन् । तिनीवाहेक उस्मान चाखलाग्दो पात्र हो तर जब ऊ तिनको सम्पर्कमा आउँछ, यन्त्र जस्तै अनियन्त्रित उन्मत्त व्यवहार देखाउँछ ।

बंकिमचन्द्रको दोस्रो उपन्यास 'कपालकुण्डला' सबै त्रुटिहरूबाट मुक्त छ । तर त्यसभन्दा पनि धेरै केही छ । अवधारणा र कार्यान्वयनमा यो समान रूपले कलाको सिङ्गो उदाहरण हो अनि यसलाई विश्वको महान् उपन्यासहरूसँग दाँज्न सकिन्छ । विषयको केन्द्र समस्या नै छ जो केही अंशमा मनोवैज्ञानिक अनि आंशिक रूपमा आध्यात्मिक छ । मानवीय चरित्रमा प्रकृतिको प्रभाव कस्तो हुन्छ ? मानौं सानै उमेरकी एउटी बालिकालाई मानव-समाज देखि टाढ़ा प्राकृतिक वातावरणमा पालन-पोषण गरियो भने काम-वासनाको आवेगलाई उसले कसरी साम्ना गर्छे ? भन्न सकिन्छ, प्रकृति नै कामाकर्षणपूर्ण र प्रजननात्मक छ अनि कामावेगले सामाजिक पोषणको प्रतीक्षा गर्दैन । कालिदासको शकुन्तला र शेक्सपियरको मिरान्डासंग त्यही घटना नै हुन्छ जसले एक जना बलिष्ट र सुन्दर पुरुषसँग भेट हुँदा काम-वासनाको आह्वानलाई सहर्ष स्वीकार गरे ।

बंकिमचन्द्रको कल्पना शक्तिले शकुन्तला र मिरान्डाभन्दा बेग्ले चरित्र सिर्जन गरेको छ अनि उसको कथा यथोचित स्थानमा उनले जोड़ेका पनि छन् । ऊ पनि मिरान्डा जस्तै

116979
8|12|64

समुद्र तटमा पालिएकी छ अनि कपालिकको कुटी प्राकृतिक परिवेश प्रोस्पेरो सेल भन्दा बेग्लै छैन । तर कपालिक प्रोस्पेरो अथवा ज्ञानी कन्वा जस्ता गुरु छैनन् । उनी तान्त्रिक सन्यासी हुन्, जो उपासना विधिको रहस्य अनुसार मानिसको लाशमाथि बसेर मानिसको खप्परमा मानिस कै रगत चढ़ाउने निर्मम र भयंकर कार्य गर्छन् । सधैँ भयंकर मानिससित सम्पर्क राख्छन् साँच्चै धार्मिक छन् अनि भयावह नरहत्या गर्छन् अनि यसरी कपालकुण्डलामा आफ्नो स्वार्थका लागि निर्दयताकासाथ मानवताप्रति दयाको अनुभूति सृष्टि हुन्छ अनि अश्वयभावी घटनाका लागि अन्धो स्वीकृतिको लक्षण पनि पाइन्छ । भाग्य यहाँ ज्योतिषीद्वारा पढ़िँदैन, यस्तै स्थिति बंकिमचन्द्रको धेरै अन्य उपन्यासहरूमा पनि देखिन्छ । यो मानिसको चरित्रको एउटा अंश नै भएको छ । यस्ती महिलाले शकुन्तला, परडिटा तथा मिरान्डाभन्दा छुट्टै ढंग ले प्रतिक्रिया व्यक्त गर्छिन् भन्दा कुनै अचम्भ हुँदैन । प्रकृतिमा निरन्तर वनस्पति जगत् को विकास भएकोमा परडिटा आनन्दले रोमाञ्जित हुन्छिन् अनि जस्तै सुन्दर भए तापनि फूलहरूको कृत्रिम पोषणलाई स्वीकार गर्दिनन् । कुमारी शकुन्तला फूल, लता र प्राणीलाई आमाले नानीलाई माया गरे जस्तै गर्छिन् । तर कपालकुण्डला यस्ती छैनन् । उनका लागि जंगलीपन र अमानवीय प्रवृतिमा प्रकृति आकर्षक छ । समुन्द्रतट बालुको थुप्रो र बाकुला ससाना पोथ्रा-पोथ्रीले सजिएको छ जसले वरिपरि जीवनलाई मधुरता प्रदान गर्दैन । पुरुषवर्ग जसलाई मिरान्डाले धेरैपटक वीर भनी सम्बोधन गरिन्, परडिटा र शकुन्तला जस्तै ऊनी विवाह, प्रजनन र मूल प्रवृति जागृत गर्छिन् तर कपालकुण्डला पुरुष अप्ठयारो स्थितिमा भएको दृश्यले मात्र पग्लिन्छिन् । त्यसै कारण उनी नवकुमारलाई बचाउन निराशाजनक चेष्टा गर्छिन् तर उनको अनुभवले उनको जीवनमा अर्कै उत्कण्ठा प्रस्फुटित गरेको देखिन्छ ।

बंकिमचन्द्र कपालकुण्डलाको चित्रण उसको अंनुभव र परिवेशको प्रत्यज्ञ प्रस्तुतीकरण द्वारा मात्र नगरेर विराधाभाषी कथनद्वारा पनि गर्छन् । उसको शत्रु उसकै लोग्नेकी प्रथम पत्नी पदमावती अथवा मतिवीवीको कथा पनि उसको जस्तै नै विचित्र छ अनि व्यक्तित्व पनि त्यस्तै रहस्यपूर्ण नै छ । पदमावतीका पिता इस्लाम धर्ममा आएर अकबरको दरबारमा प्रमुख र महान् व्यक्ति भए अनि उनकी छोरीको नाउँ फेरि लुत्फुनेशा अथवा मतिवीवी राखियो, कुटनीति र छलकपट तथा शृंगारिक आमोद रीप्रमोदको विषयमा मुगल दरबारभित्र उनलाई बाहिरी र भित्री जानकारी कियो । कपालकुण्डला जस्तै सुख र सामर्थ्यलाई मन पराउने अर्की महिला पनि छन् तर दुवैसित तिनको समता छैन । आश्चर्य को कुरो हो तर अस्वाभाविक होइन, दुवै महिलाहरूको जीवन सँगसँगै बित्छ तर दरबारमा मति बीवी कुचक्र कामुकताबाट पर सर्छिन् अनि कपालकुण्डलासित बिहे गर्ने हिन्दु पति प्रति आकृष्ट हुने गर्छिन् । यो चाख्लाग्दो कुरो हो दुवै महिलाहरू भाग्यको खेलले गर्दा यस्तो भएको भनी सोच्छन् तर दुवै आ-आफ्नो ढंगमा सोच्ने गर्छन । कपालिकबाट नयाँ बिहे गरेका पतिसँग भाग्दा कपालकुण्डलाले देवी भवानीलाई एउटा पात चढ़ाइन्, तर त्यो पात मूर्तिबाट झर्‌यो । उसको बुझाइ अनुसार यस्तो हुनु चाहिँ देवीले उनको पूजा स्वीकार गरिनन् अनि

बिहेमा खुशी भइनन् । कपालकुण्डलाले धार्मिक दृष्टिले महसूस गरिन्; पत्नीको रूपमा उनको जीवन कष्टपूर्ण हुनेछ । यस अनुभवले उनको असांसारिकता-प्रति ध्यानाकृष्ट गर्‍यो अनि अस्थिरता र अनिन्यास्त्रोपनको मनोभाव जगायो । मति बीवीका लागि भाग्य मानव-मनोभावको रहस्य मात्र हो जसका लागि सर्वस्व परित्याग गर्नुपर्छ । यदि कपालकुण्डला असांसारिक भइन् भने मति सांसारिक जीवनको प्रतिरूप हुन् । यदि नवजागृत मनोभावले दरबारबाट निस्कने स्थिति सृष्टि गर्छ जो दरबारको खुशीका लागि हानिप्रद पनि हो । यदि कपालकुण्डला आफ्नो ठाउँमा स्थिर हुन्छिन् भने उनी अवश्य नै बाहिरिन्छिन- यस्तो घटना मृत्युद्वारा सम्भव छैन र स्थायी रूपले देशनिकाला हुनसक्छ ।

ग्रीक नाटक जस्तै कपालकुण्डला गीतात्मक र मर्मस्पर्शी उत्कृष्ट कृति रचिएको छ । यो दुइ प्रख्यात महिलाहरूको कथा हो । यसो भनौं, एउटी महिला यस्ती छन् जसलाई प्रकृति र शिक्षा असांसारिक भएको छ । यो ऐतिहासिक उपन्यास होइन, तर कथामा वास्तविकताको यथोचित वर्णन गर्दै इतिहासबाट रुमानीपन र सामान्यता ल्याइएको छ । यसमा एउटा मात्र घटना यस्तो छ जुन ओजपूर्ण ढंगमा वर्णन गरिए तापनि मूल कथाबाट बाहिरिएको देखिछ । यो घटना मति बीवी र मेहरून्निशाको भेट हो, जो पछि इतिहासमा साम्राज्ञी नूरजहाँको नाउँमा विख्यात हुन्छिन् । बंकिमचन्द्र एक जना महिलाको मुटुमा रहस्यको सांक्षेत्रिक कल्पनालाई प्रभावी तौरमा वर्णन गर्छन् जो एक तिर आफ्नो पति प्रति रहेको आकर्षण र अर्कोतिर राजकुमार सलीमले उसमाथि छोड़ेको अमिट छाप जस्ता दुइ प्रकारका समान मनोवेगको यन्त्रणाले पीड़ित छिन् । तर यो घटना पनि मूल कथामा सूक्ष्म रूपमा समावेश गरिएको छ, किनभने यदि मति बीवीको मेहरून्निशासित भेट न भएको खण्डमा उनी आगरा दरबारलाई सँधैका लागि छोड्न तयार पनि हुने थिइनन् । यसरी भारतीय इतिहासकी अत्याधिक सुन्दर महिलालाई कल्पनाको संसारमा केही समयका निम्ति ल्याइएको छ अनि त्यसपछि उनको विषयमा केही भनिएको छैन । कुनै उपन्यासको मूल्यांकन हामीले अवधारणाको मौलिकताको आधारमा गरौं अथवा चरित्र-निर्माणको दृष्टिमा गरौं, तर 'कपालकुण्डला' भन्दा बढ़ता परिमार्जित कलाको विषयमा सोच्न पनि हामीलाई मुश्किल पर्छ ।

बंकिमचन्द्रको तेस्रो उपन्यास 'मृणालिनी' कपाल-कुण्डलभन्दा निम्न भए तापनि यो आफ्नै प्रकारको महान् कृति चाहिँ अवश्य नै हो । बंकिमचन्द्रलाई उनको सम्पूर्ण जीवनमा ऐतिहासिक अठ्याङ्को रूपमा सताउने विषय बख्तियार खिलजीको नेतृत्वमा मात्र सत्र (१७) जना अश्वारोहीहरूको दलले बंगालमाथि विजय प्राप्त गर्नु थियो । आफ्नो धैरै लेख-निबन्धहरूमा उनले यो देखाउन चाहे, गौड़ अथवा बंगाल क्षुद्रांश मात्र बुख्तियार खिज़ली र उनका उत्तराधिकारीले आफ्नो अधीनस्थ गरे अनि यसो हुनु मिन्हाजुद्दीनको अनुसन्धान थियो । यो तथ्य पछिका इतिहासकारहरूले पनि कुनै टीका-टिप्पणी बिना नै स्वीकार गरे । तर अरू कुनै पात्रको अपेक्षा लेखकको दृष्टिकोणको प्रतिनिधित्व गर्ने कमलकान्त बंगालका राजनीतिज्ञहरू को यो भनर खिल्ली उड़ाउँछ, जुन जातिमाथि मात्र

सत्र अश्वारोहीहरूले विजय प्राप्त गरे, तिनीहरूले राजनीतिको कुरा गर्नु लाजमर्दो कुरो हो । आफ्नो जीवनको प्रारम्भिक कालमा नै 'मृणालिनी' मा बंकिमचन्द्र-इतिहासको पुनर्लेखन कार्यमा ठूलो प्रयास गर्छन् अनि त्यसै अनरूप अरस्तुको भाषामा 'आवश्यक अनि सम्भाव्य' लाई समर्थन गर्छन् । यहाँ इतिहास र काव्य एउटैमा समाहित भएको बुझिन्छ अनि हाम्रो आँखाअघि मुस्लिम-विजयको समयको गौड़को चित्र यस्तो झल्किन्छ, जसका राजा दुर्बल र वृद्ध थिए, दरवारमा अन्धविश्वासको प्रभुत्व थियो अनि दरबारीहरू चिप्लोदल्ने तथा मन्त्रीहरू कपटी थिए ।

'मृणालिनी' (१८६९) मा बाहिरी र भित्री वास्तविक दुइ कथा छन् । बाहिरी कथा मृणालिनी र हेमचन्द्रसित सम्बन्धित पाइन्छ अनि मूल कथामा बुख्तियार खिजलीको विजय तथा बंगालका प्रधानमन्त्री पशुपति अनि उनकी अभागिनी प्रेयसी र पत्नी मनोरमाको वास्तविक कथा छ । मगधका प्रेम विह्वल राजकुमार हेमचन्द्रको कथा भावुकतापूर्ण अनि हास्यस्पद छ । मुसलमानहरूले खोसेको राज्य फेरि प्राप्त गर्न उनी क्विक्जाटी प्रयास गर्छन् । हेमचन्द्र र मृणालिनीको वर्णन 'दुर्गेशनन्दिनी' का जगत् सिंह र तिलोत्तमा जस्तै स्थूल रूपमा गरिएको छ । परी कथाको सुखद अन्त जस्तै युद्धका लागि उन्मत्त उत्साह, भावको उन्माद, विचारहीन ईर्ष्या यहाँ छ ।

तर हेमचन्द्र उपन्यासको साधारण नायक मात्र हो । असली मुख्य खलनायक पशुपति छ जो माकुरा जस्तै षड्यन्त्रको जालो बुनिरहन्छ तर युद्ध गर्दैन । उनको पछि मनोरमा देखिन्छिन् अनि उनको चरित्रांकन बंकिमचन्द्र त्यसरी सूक्ष्म रूपमा गर्छन् जस्तो 'गियोकोन्डो' मा लियोनार्डो द भिन्सीको चित्रण एक जना पुरुषमाथि महिलाले प्रभावी रूपमा गरिएको छ । व्यापक आर्दशवादले कल्पनालाई फैलाउँछ अनि दूरदृष्टि पनि दिन्छ तर स्वार्थ संकीर्ण हुँदै प्रभावलाई निष्क्रिय बनाउँछ । यसै कारण पशुपतिको तुलना सही ढंगमा माकुरासित गरिएको छ, जो असामान्य रूपमा दक्ष मानिन्छ तर बुनेको जालोमा ऊ स्वयं फँस्न पुग्छ । साँच्चै नै मुसलमानहरू सत्र अश्वारोही दलको रूपमा पसे अनि सजिलै राजधानीलाई दखलमा ल्याए, तर यो कार्य देशमा अन्धविश्वास र चिप्लो घसाइँ व्यापक भएकोले गर्दा अनि कपटीपन भएकोले गर्दा सजिलो भयो भनी वर्णन छोटककरीमा गरिएको छ । सत्र अश्वारोही पछि पचीस हजार सेना बाक्लो जंगलमा लुकेका थिए । बंकिमचन्द्रका आँखाअघि प्लासीको युद्धको दृश्य ताजा थि यो र अतीतको दृश्यको कल्पनालाई लिएर उनले बुख्तियार खिलजीको कथा फेरि सिर्जन गर्छन जसमा पशुपतिको कपट-छल मात्र समाहित गरिएको छ अनि यस्तो गर्दा सहजै विजय प्राप्त गर्ने प्रसंग सम्भाव्य हुन्छ ।

पशुपति र मनोरमाको कथा उनको आफ्नै सिर्जन हो अनि बंगला साहित्य अथवा कुनै साहित्यको निम्ति मनोरमा एउटा महान् उपलब्धि हो । मनोरमा त्यो महिला हो जसलाई प्रत्येक पुरुषले नियाल्छ — यस्तो बिम्ब हो जसलो ठाउँ ओगट्छ, चकित पार्छ अनि बाधा सृष्टि गर्छ । उनको सौन्दर्य सदाबहार क्लियोपार्टा जस्तो छैन जसलाई कसैले पुरानो जीर्ण भन्न सक्दैन तर यो यस अर्थमा नवीन छ, किन भने उसमा शैशवकालको

भोलापन, यौवनको आकर्षण अनि प्रौढ़ावस्थाको परिपक्वता सबै एकसाथ एकीकृत छन् । तर पनि उसमा यस्तो कुनै अवश्य हुन्छ जसले डर उत्पन्न गर्नसाथ आकर्षण पनि गर्छ । मनोरमा प्राय: नै डुल्वी र पगली जस्ती देखिन्छिन् तर उनको विचार र क्रिया-कलापमा प्रस्ट तर्क रहेको झल्किन्छ अनि उनको भोलापन परिपक्वता जस्तै स्थिर छ । जस्तो माथि भनिएको छ, तिनी महिलामा हुने रहस्यको जिउँदो प्रतीक हुन् जसले आफूतिर खिँच्नसाथ भ्रमित अनि चकित पार्छ अनि प्रकाशमा पनि ल्याउँछ ।

मनोरमा एउटी जादूगरनी हुन् तर तिनी स्वयं पशुपतिको टुनामा पर्छिन् । तर तिनको हृदय विवेकले आलोकित हुँदा, तिनी दर्शनको प्रवर्त्तन गर्छिन् । तर आश्चर्यको कुरो यही छ, जुन दर्शनलाई तिनी जोर दिएर व्याख्यायित गर्छिन् त्यो विवेकरहित दर्शन हुन्छ । यो विरोधाभास अर्को दृष्टिकोणबाट विचारणीय पनि छ । बंकिमचन्द्र संयम र कर्त्तव्यको प्रचार गर्ने सचेत नीतिज्ञ थिए । तर उनको महत्तम सृष्टि मनोरमा उन्मुक्त भावनालाई प्रतिष्ठित गर्न चाहन्छिन् । आफू एउटी विधवा हुँ भनेर तिनी जान्दथिइन् अनि यो पनि जान्दथिइन् उनको प्रेम परिणयमा परिणत हुँदा कस्तो परिणाम भोग्नुपर्छ ? तर तिनी कुनै चिन्ता गर्दिनन् । तिनी पूर्ण विश्वस्त छन् प्रेम पवित्र अनि अनिवार्य हुन्छ अनि यदि तर्क र नैतिकता यसको बाटोमा आए भने पनि त्यो त्यति नै मूर्खतापूर्ण हुनेछ जति अहमपूर्ण हात्तीलाई भगीरथबाट छुटेको गंगा रोक्ने कोशिश गर्दा भएको थियो । अन्ततिर मनोरमाले थाहा पाउछिन् तिनी पशुपतिकी धेरैअघि हराएकी पत्नी हुन् । तिनी अब आफ्नो वैवाहिक जीवन छल-कपटको आधारमा स्थापित गर्न चाहदिनन् तर यो एउटा मनगढन्त कथा हो, ज्योतिष र संस्कार-परम्परा टिक्न सक्छ । मनोरमाको महता उसको रहस्यपूर्ण आकर्षण र तर्करहित प्रेमको प्रसिद्धिमा छ अनि हामीलाई आश्चर्य लाग्छ, कत्ते देशको स्वतन्त्रता यस्तो पुरस्कारका लागि सानो तिनो त्याग त हुँदैन ?

पहिले नै भनिएको छ, उन्नाइसौं शताब्दीमा बंगालमा पुनर्जागरण भएको विशेषताहरू मध्ये एउटा हो- पुरानो आदर्श र नयाँ विचारधारा बीच उप्जेको तनाउ । यो तनाउ मनोरमाको कथाको प्रसंगमा पूर्णरूपेण अभिव्यक्त भएको छ अनि यो पछिका उपन्यासहरूमा पनि देखा पर्दछ, विशेष गरेर मध्यकालका उपन्यासमा; जसमा परम्परावादी नैतिकता अनि हृदयको अनुभूतिमाझ द्वन्द्व देखिन्छ । महान् साहित्यको एउटा विशेषता हुन्छ अनि यस सन्दर्भमा जीवन समतुल्य भएको हुन्छ—मौलिक द्वन्द्वहरूको समाधान हुँदैन अनि सुखान्त कृति बाहेक अरूमा निर्णय सन्तोषजनक हुँदैन । 'विषवृक्ष', 'चन्द्रशेखर', 'रजनी' अनि 'कृष्णकान्तेर विल' जस्ता उपन्यासहरूमा जुन कुरा विचित्र र आकर्षक लाग्छ, त्यो हो विरोधी शक्तिबीच तनाउ; तर यिनमा परम्परा र परी-कथालाई मान्यता दिइएको छ ।

# मध्यकालका उपन्यासहरू

चौथो उपन्यास 'विषवृक्ष' (१८७३) उपन्यासकारको रूपमा बंकिमचन्द्रको जीवनमा नौलो उपलब्धि हो । यो विगत कालको रोमाञ्च सम्बन्धी कृति नभएर सामाजिक उपन्यास भएको छ जसमा केही घटनाहरूको वर्णन छ जो बंकिमचन्द्रको समयमा बंगालको समाजमा घटेको हुनुपर्छ । कथा-वस्तुमा विधवा-विवाह र पुरुषको बहुविवाहलाई मूल समस्याको रूपमा चर्चामा राखिएको छ । तर बंकिमचन्द्र यी समस्याहरूलाई सामाजिक समस्याको रूपमा बहसमा राख्दैनन्, यसै कारण 'विषवृक्ष' लाई समस्या-प्रधान उपन्यास मान्नुमा भूल हुनजान्छ । यदि नगेन्द्रनाथकी अर्की पत्नी कुंदनंदिनी विधवा नभएर कुमारी हुन्थिन्, तब केही फर्क नै पर्दैन कियो । अनि दुवै पत्नीहरू पत्नीका नाताले सँगै बस्दैनन् । बंकिमचन्द्रले यस्तो इतिहासबाट उप्जेको सामाजिक समस्यामा चासो नराखेर पात्रको व्यक्तिगत इतिहासमा चासो राखेको पाइन्छ । कसैले यसलाई शिक्षाप्रद उपन्यास पनि भन्न सक्छन्, यसको शीर्षकमा नै उपदेशात्मकताको लक्षण पाइन्छ; तर यो समस्या-प्रधान उपन्यास चाहिँ होइन ।

नायिका सूर्यमुखी पाठकअघि हुन्छिन् अनि कथाभरी तिनको प्रभाव हुन्छ, घर छोड़ेर भागेपछि पनि । बंकिमचन्द्र तिनलाई मूल पात्रा बनाउँछन् अनि यस्तो समय पनि थियो जब पाठक र आचोलक कथालाई सूर्यमुखी कै कथा ठान्द थिए । तर यदि हामीले अलिक विचार गर्‍यौं भने पाउने छौं, मुख्य पात्रहरूमा तिनी सर्वाधिक अरुचिपूर्ण छन् अनि उनको काम पति नगेन्द्रनाथ तथा उनकी अर्की पत्नी—अभागिनी कुंदनंदिनीको चरित्र देखाउनु छ । सूर्यमुखी स्वत: स्फूर्त पात्रा पनि होइनन् । यसै कारण उनको पलायन बाहेक कुनै रूपमा मनोभाव र आवेगले उनलाई नियन्त्रण गरेको देखिन्न, तर समाजबाट उनलाई प्राप्त भएको आचरण-संहिता भने उनी अनुसरण गर्छिन् । यसै कारण तिनी खुशीका साथ पतिको आलिंगनमा फर्किन सक्छिन् जो तिनका लागि अविश्वासी भएका थिए अनि जसले आफू र तिनको बीच एउटी अर्की पत्नीको आभासम्म हुन दिएनन् ।

नगेन्द्रनाथ न त गुण-सम्पन्न व्यक्ति थिए, न दुराचारी अथवा दुष्ट नै थिए; बीच किसिमको व्यक्ति थिए । बंकिम्चन्द्रको चरित्र-चित्रणको रहस्य तिनको सामान्यपन हो । जुन भावमा तिनी बग्छन् त्यो यति प्रबल छ, यस तथ्यतिर ध्यान नै जाँदैन तिनी महान् थिए कि साधारण । यदि लेखकले यस पात्रको चरित्र विशेष रूपमा देखाएको भए हाम्रो ध्यान उसको भावतिरबाट हट्ने कियो । यसर्थ जुन प्रकार यो अवश्यंभावी

दु:खान्त घटना चरम स्थितिमा पुग्छ, हामीलाई सोफोक्लीजका नाटकको कलात्मक वैशिष्ट्य सम्झना गराउँछ । नियतिले पहिले नै चेताउनी दिइसकेको छ अनि नगेन्द्रनाथ पनि आफ्नो कामातुरतालाई थाम्ने पूरा प्रयास गर्छ, तर ऊ यति निर्बल छ, आफूलाई नियन्त्रण गर्न सक्दैन अनि कुंदनंदिनी अटल भएर विनाशतिर अग्रसर हुन्छिन् । अत: यस्तै कृतिद्वारा, तर प्राय: पाइने उपदेशद्वारा होइन, हामीलाई यो अनुभव हुन्छ, सर्वोच्च कला नैतिकतापूर्ण हुन्छ, किन भने मानिसको भूल अनि दु:खलाई आकस्मिक रूपमा प्रस्तुत नगरेर सृष्टिको क्रमको रूपमा प्रस्तुत गरिन्छ अनि मानिसको भूल प्रकृतिको अथाह शक्तिको सांघातिक प्रतिफलको रूपमा देखाइएको हुन्छ ।

नगेन्द्रनाथ र कुंदनंदिनीबीच रहेको प्रेमाकर्षण एकार्काको पूरक हो । नगेन्द्रनाथको व्यक्तित्वमा क्रमिक ह्रास एकतिर हुन्छ अनि अर्कोतिर कुंदको मस्तिष्क र चरित्रमा अप्रत्याशित विकास हुन्छ । शुरूमा कुंद सानी बालिकाको रूपमा आउँछिन् अनि अन्तसम्म पुग्दा नपुग्दा आफूलाई दृढतापूर्वक व्यवस्थित गर्न सक्दिनन् अनि स्वभावत: प्रेमले उसलाई नारीको रूपमा प्रस्फूटित बनाइदिन्छ अनि बंकिमचन्द्र स्वयंले पनि उनको मृत्युलाई फूल ओइलिनुसँग तुलना गरेका छन् । प्रश्न उठेको थियो, यस्ती महिलाको सहृदयतापूर्ण चरित्रांकन गरेर के लेखकले अनैतिकताको प्रचार त गरेनन् ? निस्संदेह नै बंकिमले यहाँ आफ्नो चरित्र-चित्रणमा भूलोन्मुख मानवता प्रति गहिरो सहानुभूति प्रदर्शन गरे ।

माथिको परिच्छेदमा भनिएको छ, सर्वोच्च कला नैतिकता हो, तर यस्तो कला अनैतिक हुनु पनि स्वाभाविक हो; किन भने सामाजिक प्रवृतिभन्दा गहिरो भएको अदमनीय पाशविक प्रवृतिलाई अघि ल्याउनूपर्छ । हाम्रो प्रवृति पहिलो प्रोटोप्लाज्मबाट आएको हो जो निष्क्रिनु पदार्थबाट सृष्टि भयो अनि मानवीय विवेक र नैतिकता पछि ग्रहण गरिएका हुन् । यस विषयमा विशेष रूपमा बहस गर्न सकिन्छ: के नानीहरूले आफ्ना हजुरबालाई नियन्त्रण गर्नुपर्छ ?

'विषवृक्ष' मा यूनानी दु:खान्त नाटकका सबै विशेषताहरू छन् — उसको प्रगीतात्मकता, कथा-वस्तुको प्राथमिकता-माथि विशेष ध्यान-दृष्टिसँगै आधुनिक रूमानी उपन्यासको व्यापकता तथा चरित्र-चित्रणको प्रभुत्व । शास्त्रीय दु:खान्त कथामा नियति पात्र हुन्छ, यसै कारण पीड़ितले पूर्व चेताउनी पाए तापनि बाँच्ने उपाय छैन । रूमानी दु:खान्तमा नियति चरित्र हुन्छ, स्त्री-पुरुषले कथा-वस्तु बनाउँछन् अनि चरित्रमा समाहित हुन्छन् । सोफोक्लीजका नाटकमा जस्तै कुंदनंदिनी लाइयस जोकास्ट र ओड़ीपस सरह — संरक्षणमा राखिन्छ तर सुफल उपलब्धि हुँदैन । 'ओडीपस टाइरेन्नस' मा पात्रहरूले आफ्नो सुरक्षामा लिएको प्रत्येक पाइलाले दु:खान्तको परिधिभित्र ज्यादाभन्दा ज्यादा पात्रहरूलाई लगेको पाइन्छ । अत: नगेन्द्रको संरक्षण लिन कुंद पनि असहाय हुन्छिन्, पहिले वैधव्यकालमा पनि तिनले सहायता लिन पाएकी थिइनन् । तर नगेन्द्रप्रति उनको रागात्मकता आफ्नै खालको छ अनि यदि यसले पनि उनलाई सर्वनाश गर्छ भने तिनी स्वयं नै आफ्नो भाग्यको निर्माता हुन्छिन् ।

कुंदप्रति सतर्क रहनका लागि नगेन्द्रलाई अतिमानवीय दृष्टिको आवश्यकता थिएन । ऊ पूर्ण प्रौढ़ छ अनि कुनै पनि सतर्कताप्रति स्वच्छ दृष्टि राख्छ । उसलाई सही सल्लाह दिने मानिसहरू धेरै छन् । यसर्थ उसका लागि कुन्दभन्दा बढ़ता रूपमा चरित्र नियति हो । ऊ र सूर्यमुखी यातनाबाट 'शान्ति र सान्त्वना' का साथ बाहिरिए तापनि यो आशा गर्न सकिँदैन, तिनको शान्ति पूर्ण रूपमा आवेगरहित छ । हीरा उनको जीवनमा आफ्नो मनोकामना पूरा गर्न अनि सूर्यमुखीको खुशी नष्ट गर्ने उद्देश्यले आउँछे तर अरूलाईकष्ट दिनुको साटो आफै नै संकटमा पर्छे । यस प्रकार चरित्रले नियतिलाई त्यसरी प्रभावित गर्छ जसरी नियति आफ्नो रहस्यपूर्ण उद्देश्यहरू पूरा गर्न चरित्रलाई प्रभावित गर्छ । अत: स्वतन्त्रता भनी चिनिने स्वच्छन्दता शास्त्रीय अध्ययनमा अनिवार्यता हो अनि यस उपन्यासमा दुवै तत्व आपस्तमा सम्पूर्ण रूपमा मिसिएका र जेलिएका छन् । संरचनाको दृष्टिमा पनि 'विषवृक्ष' मा एकतिर यूनानी दु:खान्त कृतिहरूको कसाइ छ भने अर्कोतिर त्यसमा उनाइसौं शताब्दीको स्वच्छन्दवादी उपन्यासको शिथिलता पनि छ ।

'विषवृक्ष' पछि बंकिमचन्द्रले दुइवटा कथाहरू लेखे; एउटा कथामा समकालीन जीवनबाट कथ्य लिये तर अर्कोमा तिनी अतीततिर फर्के । त्यसपछि तिनले फेरि एउटा सम्पूर्ण उपन्यास 'चन्द्रशेखर' (१८७५) लेखे, जसमा इतिहासलाई आधार बनाइको छ । 'चन्द्रशेखर' मा पहिलेका उपन्यासभन्दा इतिहासको चित्रण गरिएको छ । यसमा उपन्यासकारले अतीतमा घटेको हालैको घटनाहरू-मीर कासिमको पराजय अनि बंगालमा ब्रिटिश सत्ताको संगठन—मात्र प्रस्तुत गरेनन् तर ती साधारण गाउँलेहरूमाथि परेको प्रभावलाई पनि देखाएका छन् जसलाई आफ्नो शान्त परिवेश त्यागेर त्यस ऐतिहासिक झ्याउझमेलामा जाकिनु परेको थियो । यस्तो आपत्ति पनि उठाइएको छ, बंकिमचन्द्रले इतिहासको तथ्यलाई भताभुङ बनाएका छन्, किन भने तिनले मीर कासिमलाई अंग्रेजहरूलाई लखेट्न निष्फल प्रयासमा रत एकपछि अर्को युद्ध गर्ने देशभक्त योद्धा कम देखाइएका छन् अनि सन्तुष्ट अनि उन्मादी लोग्नेको रूपमा बढ़ता देखाएको छन् । तर यस्तो दृष्टिकोण ऐतिहासिक आख्यानका लागि राम्रो हुँदैन, किन भने पुरानो घटनाको विवरण सही प्रस्तुत हुँदैन । तर महान् इतिहासकार ट्रेविलियनले भनेका छन्, इतिहासलाई उत्सुक आकांक्षाको रूपमा प्रस्तुत गरिन्छ जसको नियति सतत परिवर्तनशील हुन्छ, जसमा सधैँ अपूर्णता देखिन्छ तर जिउँदो, जटिल अनि मानवता जस्तै व्यापक हुन्छ । इतिहासमा जटिलताभन्दा घटना तथा सामाजिक-आर्थिक-सैनिक शक्तिको जटिलता बुझिन्छ तर आख्यानमा यसको ठाउँ जटिल मानवीय समबन्ध तथा परस्पर विरोधी आकांक्षा र इच्छाले लिएको हुन्छ । 'सैरेमुताखरीन' नामक ऐतिहासिक अभिलेखमा मीर कासिमद्वारा आफ्नो सेनाधिपति गुर्गन खाँमाथि गरेको नजाइज मेहरबानीको वर्णन छ । जो शक्तिशाली, उद्दण्ड हुँदा हुँदै पनि विश्वासलाग्दो थिएन । त्यस अभिलेखमा आर्मीनियाबाट आएको वस्त्र-व्यापारीलाई आश्चर्यजनक रूपमा सेनाधिपति पदसम्म पुगेको वर्णन संतोषजनक छैन अनि नवाबको त्यसप्रति जागेको अन्धो चाहनाको कारण पनि पाइँदैन । तर बंकिमचन्द्र आफ्नो सशक्त

कलमद्वारा गुर्गनकी बहिनी तथा मीर कासिमकी रानी दालानीको चरित्र सिर्जन गर्छन् । यसले गर्दा इतिहासको गाँठो त खोलिन्छ तर जीवनको रहस्य गहिरो हुन्छ । गुर्गन अत्यन्त महत्वाकांक्षी र चतुरो छ तर दूरदर्शी भने छैन । ऊ जान्दछ, कुनै पनि नवाबका लागि अंग्रेज काँढ़ा जस्तै हो अनि त्यसलाई निकालेर फ्याँक्नुपर्छ । त्यसपछि मीर कासिमबाट अलग हुन पनि सजिलो हुन्छ अनि तब ऊ स्वयं नवाब हुनेछ । यसै कारण ऊ दालानीलाई अर्की नूरजहाँ बनाउने प्रलोभन दिन्छ ।

साँच्चै जीवन यहाँ निरन्तर प्रवाहमा छ अनि चारैतिर उत्सुक आकांक्षाको स्वर छ । अभागी नवाब अंग्रेजको बढ्दो सत्ता शेष पार्न निस्कन्छ तर ऊ आफ्नो प्रचेष्टामा नराम्रो घतले विफल हुन्छ, अझै उसको उत्साह कम हुँदैन अनि कहिले काहीं पगला जस्तो व्यवहार गरे तापनि उसको दृष्टि धमिलिएको छैन । यस कथाको मुख्य पात्र प्रताप अनैतिहासिक व्यक्तित्व छ । अंग्रेजको विरोधमा लड़ने उसको आफ्नै उद्देश्य छ अनि ऊ एक जना सैनिक जस्तै मर्छ पनि । तर ऊ मृत्युरहित आकांक्षाको प्रतीक पनि हो— आफ्नो आध्यात्मिक खोजमा मात्र ऊ आफ्नो भूमिका खेल्दैन तर युगान्तकारी घटनामा पनि सक्रिय हुन्छ, किन भने प्रिय मानिएका विदेशीहरूमा पनि ऊ शत्रु देख्छ । इस्ट इंडिया कम्पनीका कर्मचारीलाई दृढ प्रतिज्ञ, साहसी, अत्यन्त कार्यदक्ष अनि नैतिक ज्ञान शून्य संगठित दलको रूपमा चित्रण गरिएको छ तर प्लासीको युद्धपछि ब्रिटिश साम्राज्यप्रति उनको विश्वास अडिग भएको छ । हिन्दु लखपति जोसित जनसाधारण भयभीत थिए हिन्दु अनि उनको गुणगान गर्द थिए, तिनीहरू भयभीत छन् अनि कथामा वर्णित घटनासित तिनीहरूको कुनै सम्बन्ध छैन, तर तिनीहरूको आचार-व्यवहार तथा मनोवृतिले तत्कालीन परिवेशमा व्याप्त अनिश्चितता र परिवर्तनको आभास हुन्छ ।

यस उपन्यासको पृष्ठभूमि र अग्रभूमिमा पर्याप्त इतिहासको वर्णन भए तापनि मुख्य कथानक अनैतिहासिक छ अनि कुनै सामाजिक समस्या सोझै उठान गर्दैन ।

ऐतिहासिक अभिलेखमा भनिएको छ, मीर कासिमको ज्योतिषमा विश्वास थियो अनि ऊ प्राय: नै हिन्दु ज्योतिषीहरूसँग परामर्श लिने गर्द थियो । इतिहासबाट यति तथ्य पाएर बंकिमचन्द्रले आफ्नो उपन्यासको नाउँ नवाबका गुरू तथा परामर्शदाता चन्द्रशेखरको नाउँमा राखे । यसको फलस्वरूप चन्द्रशेखरको घरेलु जीवनको घटनाहरूसित ऐतिहासिक घटना मिसिन्छ अनि उपन्यासमा अरू पात्रहरूको बीच-बीचमा प्रमुखता भए तापनि चन्द्रशेखरकी पत्नी शैवालिनीको कथा प्रमुख रूपमा बढ़ेको छ, यो पात्र बंकिमचन्द्रको रचना-संसारमा आकर्षक पात्रहरू मध्ये एउटा गनिन्छ । बाल्यावस्थादेखि उसले मन पराएको प्रतालाई विवाहपछि पनि त्यस्तै आकर्षण र प्रेम स्थापित गरेको हुन्छ । शैवालिनीलाई उसको पथबाट हटाउने उद्देश्य पूरा गर्दा वीरतापूर्ण मृत्यु स्वीकार गर्ने प्रताप प्रमुख वीर चरित्र हो । तर कतिपय प्रभावकारी गुण हुँदा हुँदै यस उपन्यासमा 'विषवृक्ष' मा सूर्यमुखीले नगेन्द्रनाथ अनि कुंदनंदिनीको प्रेम तथा प्रेमबाट उप्जिएको घटना प्रकाशमा ल्याउने कार्य गरे झैं प्रताप शैवालिनीको हृदयमा सृष्टि भएको उकुस-मुकुस शान्त गर्ने चेष्टा गर्छ ।

शैवालिनी आठ वर्षको उमेरमा नै प्रतापसित प्रेम गर्न थाल्छे । जब ऊ बढ्दै जान्छे, उसलाई प्रेमको निरर्थकताको आभास हुनथाल्छ, किनभने तिनीहरूको विवाहमा हिन्दु ऐन र समाजको नियमको उल्लंघन भएको थियो । तिनीहरूले सँगसँगै आत्महत्या गर्ने निर्णय गरे तर शैवालिनी विचल भई अनि प्रतापको रक्षा गरियो । फेरि उसको विवाह चन्द्रशेखरसित भयो तर उसले प्रतापलाई बिर्सन्न सकिन अनि धेरै वर्ष बिते पनि फेरि एक पटक आफ्नो प्रेमीसित भेट गर्न निस्की । उसको यो अभियान एकदमै अतर्कपूर्ण र अर्थरहित थियो, किन भने निर्दिष्ट स्थानको साटो अर्को ठाउँमा पुग्न सकिन्थ्यो । तर अप्रत्याशित घटना घट्छ । प्रतापसंग उसको भेट हुन्छ नै, अर्को पटक फेरि आत्महत्या गर्ने अवसर आउँछ; तर यस पटक प्रतापले नै उसलाई अघि बढ्न दिँदैन । ऊ फर्किन्छे अनि रामानन्द स्वामी नामक संन्यासीको सहायताले आत्मशुद्धिको प्रक्रिया अन्तर्गत पर्छे । संन्यासी आत्मिक र यौगिक शक्ति खेलाउनमा दक्ष छन् । दाँतेको जस्तो सशक्तता थाहा पाइए तापनि शैवालिनीको कथाको यो भाग अविश्वसनीय छ । हामीलाई शैवालिनीको पहिलेको रूपले आकर्षित गर्छ जब उसको विचार प्रवाह प्रबल थियो, ऊ कसैको खोजीमा थिई अनि पराजित भई । अन्त परम्परा अनुरूप नै छ अनि उपन्यासबाट हामी त्यही प्रश्न उठेको पाउँछौं जुन उपन्यासको मध्यमा शैवालिनीले उठाइएकी थिई : ऊ र प्रताप एउटै काण्डमा प्रस्फुटित भएका फूल जस्ता थिए । के धर्म र समाजसँग तिनीहरूलाई छुट्याउने अधिकार थियो ?

'चन्द्रशेखर' पछि प्रकाशित भएका दुइ उपन्यास 'रजनी' (१८७७) र 'कृष्णकान्तेर वील' (१८७८) लाई 'राधारानी' कथाले छुट्याएको छ अनि इतिहाससँग कुनै तात्पर्य नै छैन । यी रचनाहरू सामाजिक, पारिवारिक र व्यक्ति केन्द्रित छन् । यी मध्ये पहिलो 'रजनी'मा कथ्य तथा निर्वाहको दृष्टिले केही विशिष्टता भएको पाइन्छ । यसकी नायिका फूल बेच्ने अंधी केटी छ जो प्रेम गर्न छालेकी छ जसका लागि बंकिमचन्द्रले लिटनको 'द लास्ट डेज अव् पम्पाइ' मा नाइडियांबाट सहायता लिएका छन् । एउटी अंधी केटीले कसरी सम्वेदित हुन्छे अनि आफ्नो भावना व्यक्त गर्छे, बंकिमचन्द्रले प्रस्तुत गर्ने प्रयास गरेका छन् अनि आफ्नो प्रयासमा उनी सफल पनि हुन्छन् । यस कथामा न त्यो विस्तार पाइन्छ र न त्रासद वैभव जुन लिटनको उपन्यासमा ऐतिहासिक परिप्रेक्ष्य र पृष्टभूमिमा पाइन्छ । हामी यसमा उदासीनतापूर्ण मूक भाव मिश्रित ऐन्द्रिकता सम्पूर्ण रूपमा पाउँदैनौं जसले नाइडियाको कथालाई अत्यधिक आकर्षक बनाउँछ । केही विकट क्षणहरू आइ रहेता पनि हामीलाई यो रोचक [illegible] हुँदैन, [illegible] सुखदायी हुनेछ । बंकिमचन्द्रका [illegible] प्राय: पाइने परी कथाका तत्वहरू पनि यसमा छन् । एउटी गरीब फूल बेच्ने केटी वसीयतको बलमा एकाएक धनी भएको चमत्कार घटना हामी पाउँछौं अनि एक जना संन्यासी असम्भवलाई सम्भव बनाउन सक्छ । तर परी कथा यस ढाँचामा एउटा यस्तो कथा बन्दछ जसमा आकर्षक मानवीय हितका कुराहरू छन् । संन्यासीको अलौकिक शक्तिलाई हामी त्यस रूपमा स्वीकार गर्न सक्छौं जुन रूपमा 'हैमलेट' मा भूतको उपस्थितिलाई मान्न

तयार हुन्छौं; यसैले लवंगलताको विवेक अझै बढ्छ अनि वसीयतको खोज पूरा भएपछि भ्रामक स्थिति सृष्टि भएको देखिए तापनि रजनी र अमरनाथको चरित्र बेग्ला-बेग्लै रूपमा प्रस्ट हुन्छ ।

बंकिमचन्द्रको कल्पना इतिहासमा रमिन पुगे तापनि उनले यस उन्यासलाई ऐतिहासिक पृष्ठभूमि दिने किन सोचेनन्, यो केही आश्चर्यको कुरो लाग्छ,तर लिटनको उपन्यासबाट धेरै तथ्यहरू उनलाई प्राप्त भयो । यति मात्र हो र, उनले कथामा अर्की नारी लवंगलताको कथा गुँथेर कथानाकलाई जटिल बनाए अनि दुइ नायिका मध्ये एउटीसित प्रेम गरेर अमरनाथ निराश भएका छन् अनि अर्कीसित विवाह गर्न उत्सुक छन् अनि दुइ प्रसंगबीच सेतु पनि बनिन्छन । लवंगलता एउटा बूढ़ो पतिकी तरूणी अर्की पत्नी हो जसको पहिलेकी पत्नी जीवित छ अनि उसमा ज्ञान-वुद्धि र सुख-सम्पन्नता छ । हृदयले परम्परावादी बंकिमचन्द्र के यसो भन्न चाहन्छन्, कुनै परिस्थितिमा बहु-विवाह प्रथा नराम्रो होइन ? यदि यसो भए हामी केवल यति भन्न सक्छौं, उनको कल्पना मूल अभिप्रायबाट अघि निस्कियो अनि उनले वर्जित प्रेमको मार्मिक कथा लेखेर आफ्नो महान् उत्तराधिकारी शरदचन्द्रतिर हात बढ़ाए, किनभने लवंगलताको भावनाको गाँठो 'देवदास' मा पार्वतीको मनोदशासित मूलरूपमा भिन्नै छ । कुनै समय ऊ आफ्नो प्रेमीप्रति निष्ठुर थिई, अब ऊ रजनीलाई प्राप्त गर्ने प्रेमीको प्रयासलाई विफल गर्न चाहन्छे अनि सँगसँगै त्यस वृद्ध मानिससित जोर-तोर सँगप्रेम गर्न थाल्छे जोसँग उसको विवाह भएको थियो । उसको प्रेमको सजाइमाथि शंका गर्ने कुनै कारण छैन, तर हामी यो विश्वास गर्न सक्दैनौं ऊ आत्म-प्रवचंनाको शिकार छ वा छैन । उसको प्रेम र क्रिया-कलाप जे जस्तो भए तापनि उसको हृदयको कुनामा अमरनाथले ठाउँ दखल गरेको छ । यस संसारमा, वाक्य पूरा नगरी मन दुखाएर अड़की-अड़की ऊ भन्छे—दीयो जल्दैन, फूल प्रस्फुटित हुँदैन, तर ऊसित अझै आशाहरू छन् जसलाई व्यक्त गर्ने शक्ति अथवा साहस भने चाहिँ छैन । ऊ तीव्र बुद्धि तथा प्रभावशाली व्यक्तित्व भएकी महिला हो, यस कारण कुनै प्रकारको विरोधिता सहन सक्छे । तर अमरनाथको सामु हुनासाथ ऊ विचलित हुन्छे अनि उसको इच्छाशक्तिको जाँच नगर्ने अनुरोध ऊ विनम्र ढंगले गर्छे ।

कथाको प्रस्तुतीकरणमा बंकिमचन्द्रले यस्तो तरीका अप्नाए जसद्वारा प्रत्येक पात्रले आफ्नो कथा आफै भन्न सकोस । 'घरे-बाइरे' मा रवीन्द्रनाथ टैगोरको प्रस्तुतीकरण तरीका पनि यस्तै छ । यस प्रकारको कथा-प्रस्त्तीकरणमा लेखकहरूलाई विशेष सुविधा प्राप्त भएको हुन्छ, त्यो हो नाट्यात्मक औचित्य । प्रत्येक मानिसले आफ्नै दृष्टिकोणमा घटनाको वर्णन र चित्रण गर्छ अनि चरित्र सम्बन्धी आन्तरिक भावना व्यक्त गर्दछ । एउटा मुख्य पात्रले अर्को पात्रको विषयमा के सोच्ने गर्छ, यो पनि हामी सोझै पत्तो लगाउन सक्छौं । तर मूलभूत कमी रहन्छ । यसले कृत्रिमताको प्रभाव सिर्जन गर्छ; किनभने हामीले अनुमान लगाएर अघि बढ़नु पर्छ, घटनाहरू भएपछि पात्रहरूले एउटा समिति गठन गरेको हुन्छ अनि प्रत्येकलाई आपसी सहयोगको आधारमा इतिहास निर्माण गर्ने अभिभारा

सुम्पिएको हुन्छ । यदि हामी यस्तो प्रारम्भिक सीमाना- माथि विचार गर्दैनौं भने यो स्वीकार गर्नै पर्छ, कथा सरलताका साथ सशक्त रूपमा भनिएको छ अनि घरी-घरी विषय दोहरिने स्थिति देखिए तापनि कथा तीव्र गतिमा चरम-विन्दु तिर बढ्छ । अझै, एउटी अंधी केटीले वेदनशील अनुभूति भन्नु अनि आफूअघि उपस्थित स्थितिमा कल्पनाद्वारा अनुभव व्यक्त गर्नुमा नाटकीय औचित्यता देखिन्छ । यस तरीकाको अर्को उपलब्धि के छ भने अमरनाथ र लवंगलताको सम्बन्धको सम्पर्कमा थोरैभन्दा थोरै शब्दमा धेरै तथ्य व्यक्त भएको पाइन्छ, किन भने दुवै पात्र घनिष्ठ रूपमा मिलेका भए तापनि एका अर्काका घोर शत्रु पनि छन् । व्यक्तित्वबीच भएको संघर्ष पात्रहरूमा नै प्रष्ट पारिन्छ अनि लेखकको वर्णनको आवश्यकता पर्दैन ।

'कृष्णकान्तेर वील', 'आनन्दमठ' संगै नै सर्वाधिक लोकप्रिय उपन्यास अनि बंकिमचन्द्रको सर्वाधिक विवादस्पद उपन्यास पनि भएको छ । 'आनन्दमठ' भन्दा यो यस दृष्टिमा भिन्न छ, यसमा धार्मिक अथवा राजनैतिक बाहिरी तत्व छैन । यो शुद्ध कलात्मक कृति हो—घटनाहरूको चापको फलस्वरूप प्राथमिक रूपमा चरित्रको विकास भएको पारिवारिक अनि सामाजिक उपन्यास हो । यसको मुख्य विशेषता यसको सरलता नै हो । यो साधारण बोल चालको भाषामा सरल शैलीमा लेखिएको छ । यो कुनै प्रकारको परी कथा अथवा ज्योतिषको कुरालाई तलमाथि गरेर रचिएको छैन अनि सम्पूर्ण रूपमा यर्थाथवादी छ । यसमा भ्रमर, रोहिणी तथा गोविंदलालको केवल एउटा कथा छ । वेदनात्मक मोड़ सिर्जन गर्ने अनि अन्तलाई दु:खद बनाउने निशाकर बाहिरको मानिस जस्तो छ अनि आविर्भाव जस्तै उसको प्रस्थान अचानक नै हुन्छ । 'विषवृक्ष' पनि धेरै प्रसंगमा 'कृष्णकान्तेर वील' सित मिल्छ अनि देवेन्द्र तथा हीराको प्रसंगले मूल कथालाई छर्लङ पार्छ । जे जस्तो जटिलता 'कृष्णकांन्तेर वील' को कथानकमा छ त्यो एकहोरो कथा कै जटिलता हो ।

गोविन्दलाल र भ्रमर विवाहित हुन् अनि एका अर्कालाई औधी प्रेम गर्छन् । तिनको वैवाहिक जीवनको नियमित गतिमा रोहिणी नाउँ भएकी एउटी सुन्दरी र बाठी विधवाले वाधा सृष्टि गर्छे अनि गोविन्दलाल प्रति ऊ मोहित हुन्छे तथा गोविन्दलाल उसको जालोमा फँस्दै जान्छ । गोविन्दलाल र रोहिणी एकतिर लाग्छन् अनि निक्कै टाढ़ा प्रसादपुरमा अवस्थित नीर बंगानका मालिकद्वारा छोड़ेके भवनमा बस्न थाल्छन् । समाजबाट अलग केही समय तिनीहरू एकसाथ बस्छन्, तर एक दिन त्यहाँ निशाकर अपरिचितको रूपमा पुग्छ । गोविन्दलालद्वारा अवहेलित हुन्छ तर रोहिणी ऊमाथि रूचि राख्छे अनि गोप्य भेट गर्ने व्यवस्था गर्छे । तिनीहरू पाँच मिनटसम्म एक साथ नरहदै गोविन्दलाल त्यहाँ एकाएक पुग्छ अनि रोहिणीलाई लछार-पछार पार्दै घर ल्याउँछ अनि गोली चलाएर मारिदिन्छ ।

महान् साहित्यकार शरद्चन्द्रको नेतृत्वमा यस उपन्यासका आलोचकहरूले एउटा प्रश्न उठाएका छन् : के रोहिणीको अन्त गराइमा न्याय गरिएको छ? अथवा के यो पारंपरिक

नैतिकतालाई परित्याग गर्नु जस्तो होइन् किन भने कसैसित प्रेम गर्ने अनि अर्की महिलाको पतिलाई आकृष्ट पार्ने विधवाप्रति कुनै सहानुभूति छैन । के यो मनोवैज्ञानिक दृष्टिमा संभव छ, गोविन्दलालसँग गहिरो प्रकारले प्रेममा परेकी रोहिणी कृष्णकान्तको घरमा बसीयत चोर्न पस्ने साहस गर्छे जसको कारण गोविन्दलाल आफ्नो पुर्खाको सम्पत्तिबाट वंचित भएको थियो अनि जो आफ्नो निष्फल प्रेमबाट मुक्ति पाउनका लागि आत्महत्या गर्न चाहन्छे, के एकान्त जीवनमा एक जना अपरिचितसँग आकृष्ट हुन्छे ? शरदचन्द्रको भनाइ अनुसार यस प्रकारको अन्त संकीर्ण नैतिक दृष्टिकोणबाट उप्जिन्छ अनि यो सत्य नारीत्वको दृष्टिमा अपमान पनि हो, किन भने उनले आफै पनि उपन्यासहरूमा नारीको राम्रो व्यक्तित्व देखाएका छन् ।

नारी-जातिप्रति कुनै पूर्वाग्रह बिना नै यदि हामीले उपन्यासको कथ्यलाई नियालेर अवलोकन गर्‍यौं भने हामी पाउँछौ, रोहिणीका लागि अन्तमा यस प्रकारको मोड़ असंगत होइन जुन हामी कथाको शुरूमा हामी देख्छौं । ऊ कुंदनंदिनी जस्ती सानी बालिका होइन तर अत्यधिक बाठी र दृढ़सङ्कलपधारिणी /महिला हो जो आफ्नो कुनै भूल-त्रुटि नहुँदा पनि सुख र खुशी लुटिएको खण्डमा नियतिको विरोधमा भाँडभैलो गर्न सक्छे । उसको चरित्रमा मुख्य कुरा मौजमस्तीप्रति तीव्र लालसा हो अनि त्यसलाई प्राप्त गर्नका लागि ऊ जे पनि गर्न सक्छे । नैराश्यको कारणले गर्दा उसमा नैतिक विवेकको अभाव भएको छ अनि उसको निर्भीक बुद्धि आफ्नै विषय-सुखका निमित्त हुन्छ । बंकिमचन्द्रले हास्यस्पद ढंगमा वर्णन गरेका छन्, वाञ्छित वस्तु प्राप्त न हुँदा ऊ बिरालोलाई कटाक्ष दृष्टिले हेर्न थाल्छे अनि चंचल कोइलीले उसमा प्रेमाग्नि तीव्र गरेको देखिन्छ । यदि यस्ती महिलाले सहजै सरल घरेलु जीवन-यापन स्वीकार गर्दथी भने हाम्रो नैतिक बुझाइमा धक्का नलागे पनि हाम्रो सौन्दर्य-बोधमा ठूलो आघात पुग्ने थियो । आफ्नो यौन-क्षुधा तृप्त गर्न ऊ पागल लालसा लिएर प्रसादपुर भाग्छे—यसलाई कामातुरता या प्रेम जे भने पनि—तर ऊ समाजोसमक्ष यसलाई मानवीय जीवनमा दिनहुँ चाहिने खाद्य जस्तो बनाउन सक्दिन । एउटा मात्र मूल प्रवृतिको पोषण भएको र आत्माभिव्यक्तिका सबै स्रोतहरू बन्द भएको खण्डमा जीवन थकाइलाग्दो हुन्छ अनि यो पनि सम्भव छैन, जुन महिलाले हरलाललाई तत्परतासाथ स्वीकार गरेकी थिई, उसले गोबिन्दलाललाई वशमा पारी, यो अन्य उत्सुक युवाहरूका लागि उत्सुकताको कुरो भएको छ । ऊ जानी-बुझी गोविन्दलाल प्रति अविश्वासी हुन चाहदिन थिई : शुरू-शुरूमा ऊ केही मीठा-मीठा कुरा गर्न व्याकुल थिई, किनभने यसले गर्दा निसासिने जीवनबाट दश मिनटको फुर्सद प्राप्त हुन्थ्यो जसमा न कुनै विभिन्नता छ न नवीनता नै छ अनि साथी चाहिँ परित्याग गरिएकी पत्नीतर्फ ध्यान आकृष्ट भएको देखिन्छ ।

उपन्यासको पहिलो भागमा रोहिणीको बढ्दै गरेको आवेगको उल्लेख भए तापनि वर्णनको वेग अपेक्षाकृत मन्थर छ, किन भने रोहिणीको चरित्र प्रस्ट्याउने अनि सबै सूत्रहरू खुलस्त पार्ने ध्येय छ जसले गर्दा कथामा विश्वसनीयता आओस् । तर पछि यो तरीका

अनुचित मात्र भएन बरू दिकलाग्दो पनि भयो । यसै कारण त्यहाँ बंकिमचन्द्र संकेत र विम्बको माध्यम वर्णन गरेर अर्को तकनीक अप्नाउँछन् । गोविन्दलाल र रोहिणी बस्ने घर र ठाउँको चित्रण विशिष्ट रूपमा गरिएको छ । यो एउटा विरानो जनशून्य भवन छ जहाँ अपराधका घटनाहरू हुने गर्द थियो अनि गाउँ-बस्तीबाट टाढ़ा पनि छ । यस भवनको छेवैबाट बग्ने सानो नदी पनि सुखी सकेको छ, यो अनैतिक संसर्गको उत्ताप घट्दै गएको सटीक प्रतीक हो जसको यो मौन साक्षी हो । भवनभित्रको दृश्य पनि सांकेतिक छ । आफ्नो लेनदेनको हिसाब मिलाउन यदाकदा आउने पसले बाहेक अरू कोही पनि यहाँ आउँदैनन् । कोठाहरू सजाइएका छन् तर सजावट सँधै सुरुचिपूर्ण हुँदैन । भवनको मालिक गोविन्दलाल प्राय: आफ्नी रखौटीसँग नै व्यस्त रहन्छ अनि भाव-शून्य हुन्छ । संगीतको अभ्यास चल्छ तर वर्णनबाट प्रष्ट हुन्छ यसमा कुनै तन्मयता छैन । घरका अन्य रहल दुइ सदस्य-दुइ चाकरहरू-जीवन्त मानिस जस्ता नदेखिएर भूत जस्ता देखिन्छन् । यस्तो घरमा भ्रमर नाउँको उच्चारण मात्रले पनि बमको जस्तो कार्य गर्छ अनि सबै थोक अर्थहीन हुन्छ । यस्तो स्थितिमा निशाकरको उपस्थिति केही औचित्य नै बुझिन्छ । यहाँ बंकिमचन्द्र प्रेम र पीरको मानवीय कथालाई महत्त्व दिन्छन्, पत्नीको पतिभक्तिको आदर्श अथवा अवैध तर पवित्र अनुराग सँग तात्पर्य राख्दैनन् । उनी भ्रमरलाई आभामंडित देखाउँछन् तर 'विषवृत' की समतुल्य पात्र सूर्यमुखी जस्तै कर्त्तव्य की प्रतीक देखाउँदैनन् । ऊ केटा केटा जस्ती, आफ्नै इच्छा अनुसार गर्ने अनि क्षमा दिनु नसक्ने महिला हो । यिनै अवगुणहरूको मिश्रण भएपछि ऊ मानवीय हुन्छे । रोहिणीसँग पवित्र प्रेमका झिल्काहरू भए तापनि ऊ चेतना अपूर्ण विकसित भएकी महिला हो अनि उसको विवेक-बुद्धि आवेशको वशमा हुन्छ । महत्त्वपूर्ण कुरा के छ भने ऊ आफ्नो विसंगतिमा त्यस्तै नै लागि रहेकी हुन्छे । भनिन्छ, बंकिमचन्द्रलाई आफ्नो संवै उपन्यासमध्ये 'कृष्णकान्तेर वील' मन प्रिय थियो । यसो भन्नुमा विशेष कारण उनीसँग थियो यद्यपि प्रत्येक प्रशंसकको आफ्नो आफ्नो मन पर्ने विशेषता हुन्छ ।

बंकिमचन्द्रको अर्को उपन्यास 'राजसिंह (१८८२) ऐतिहासिक र प्रचारात्मक छ । उनी हिन्दुहरूको सैन्य क्षमतालाई महान् देखाउन चाहन्छन् अनि आफ्नो भनाइलाई स्थापित गराउन राजपूत शूरवीरतिर फर्किन्छन्। उनी यो पनि बुझाउन चिन्तित छन्, कसरी धर्मान्धताले एउटा साम्राज्यको सत्ता शेष पार्न सक्छ अनि औरंगजेबलाई उपयुक्त उदाहरणको रूपमा उनी देख्छन् । उनको मत अनुसार 'राजसिंह' एक मात्र ऐतिहासिक उपन्यास हो, किन भने यसमा मुगल र राजपूतको युद्धलाई मुख्य कथनाकको रूपमा लिइएको छ अनि ऐतिहासिक आधारको रूपमा विभिन्न श्रोतबाट खोज गरिएको छ । तर यो यस्तो मत हो जसलाई धेरैले समर्थन गरेनन् । 'दुर्गेशनंदिनी' र 'चन्द्रशेखर' मा लेखकले इतिहासका मुर्दा हाड़हरूमा ज्यान थप्ने कार्यमा सफलता गरेका छन् यद्यपि उपन्यासका मुख्य कथानक ऐतिहासिक छैनन् अनि 'मृणालिनी' मा पनि मुसलमानको पहिलो विजयको समयमा पतनोन्मुख बंगालको परिवेश विश्वासनीय रूपमा देखाइएको छ । ट्रेभ्यलियनको भाषाको

आधारमा विचार गर्दा हामी भन्न सक्छौं, यी रचनाहरूमा वर्णित घटनाहरू अनैतिहासिक भए तापनि इतिहासको नकल गजब ढंगमा गरिएको छ । 'राजसिंह' मा प्रचारवादी उत्साहले दिशाभ्रमित भएर मूल कथामा लेखक आत्म-प्रवंचनाको शिकार भएका छन् । उनी विचार-विवेचना नगरी टाड, आर्मे र मानुक्कीको कुरा स्वीकार गर्छन् अनि उपन्यासमा औरंगजेबको चित्रण यस्तो निर्वल र वृद्ध व्यक्तिको रूपमा गर्छन् जो आफ्नो अंत:पुरलाई नियन्त्रण गर्न सक्दैनन् । आर्मेको 'हिस्ट्रीकल फ्रेग्मेन्ट्स' खंडित छ अनि ऐतिहासिक पनि होइन तथा अर्कोतिर यदि टाडको कथनलाई विवेचक पाठकले ध्यानसँग अध्ययन गर्‍यो भने सही इतिहासको रूपमा विचार गर्दा रोमान्टिक पक्षमा देख्ने छ । दारा र उसको परिवारको चिकित्सक नै मानुक्की थियो अनि यसले बंकिमचंद्रलाई यो बुझ्न दिएन, एक जना इतिहासकार पूर्वाग्रहले अन्धो भएको हुन्छ । औरंगजेब जे जस्तो भए तापनि निर्बल चाहिँ अवश्यनै थिएन । सही अर्थमा यस्ता भारतीय शासक थौरे नै छन् जसको तुलना औरंगजेबसित बौद्धिक क्षमता र शारीरिक शक्तिको दृष्टिमा गर्न सकिन्छ । तर यस उपन्यासमा ऊ सम्पूर्ण रूपमा महिलाहरूद्वारा प्रभावित छ । उ मदिरा-रत उदीपुरीका लागि मतिभ्रष्ट भएको छ । एक जना खूंखार निर्दयी धर्मांध हुँदाहुँदै पनि उसले आफ्नी हिन्दु रानीहरूलाई उपन्यासकारको अनुसन्धान अनुसार, कट्टर हिन्दु जस्तै बस्ने अनुमति दिएको थियो अनि जब एक जना राजपूत बालिका उसको महलमा आउँछे तब उसको चाल अनुरूप नै आफूलाई सजिलै मूर्ख बनाउँछ । बंकिमचन्द्रले पहाड़को दर्रामा हुनेससानो युद्धलाई ज्यादैं महत्व दिएका छन् जसमा औरंगजेब दुइ दिनसम्म राजसिंहको दयामा थुनुवा परेको थियो । यो विवरण आर्मेबाट विवेचना नगरो नै लिएको अति काल्पनिक प्रसंग हो, तर यसलाई यदुनाथ सरकार[१] जस्ता आधुनिक इतिहासकारले सौझै अस्वीकार गरेका छन् । यो पनि विचारनीय कुरा छ, बंकिमचन्दको समकालीन मध्यकालका इतिहासविद एल्फिंस्टनले पनि यस प्रसंगलाई नजानिदो पारामा अवहेलिल गरेका छन् ।

राजसिंह र औरंगजेबमाझ भएको लड़ाइँको कथा वर्णन गर्दा, मणिकलाल र निर्मलकुमारी तथा तिनीहरूको करतूतको अनुसन्धान गर्दा बंकिमचन्द्र आफ्नो प्रचारवादी उत्साहद्वारा दिशा भ्रमित मात्र भएन परीकथाको मोहद्वारा पनि ठगिए । राजसिंहमा शौर्य अथवा क्षमताको अभाव छ भनेर कोही पनि प्रभावरहित रहन सक्दैन । रवीन्द्रनाथले चित्रपटको व्यापकता र वर्णनको गत्यात्मक बलतर्फ ध्यानाकृष्ट गरेका छन् जसले एउटा युगबाट अर्को युगतिर बढ़ने प्रवृति सृष्टि भएको छ । कलाको दृष्टिमा सबैभन्दा गतिशील प्रसंग मुबारक, जेबुन्निसा र दारियाको छ, तर यहाँ पनि मुबारकले फेरि जीवन पाउनुमा परीकथा प्रभाव चाहिँ अवश्य नै छ । नियति मुबारकको पछि छ अनि दुइ असाधारण महिलाहरू को आवेगपूर्ण कामातुरताद्वारा अभिभूत छ, एउटी महिला सामाजिक सोपानको शिखरमाथि अनि अर्को तल फेदमा । तर एकै जना पुरुषका लागि गरिने प्रेम एउटै तहमा

---

१. तर यो स्वीकार गर्न पर्छ, सरकार 'राजसिंह' लाई सत्य ऐतिहासिक उपन्यासको रूपमा मान्न तयार छैनन् ।

आउँछ तर दारियाको श्रद्धामा उन्माद छ अनि जेबुन्निसाको आवेगमा विकार छ । पुट्की दारिया राजशाही ठाटबाटका साथ अघि आउँछे, तर पराक्रमी सम्राटकी पराक्रमी छोरीले अन्तमा थाह पाउँछे, ऊ साधारण मानिस जस्तै हाड़मासुले नै बनिएकी छ । तिनीहरूमाझ सम्मोहनमा असहाय भएर निन्द्रामा हिँड़ने जस्तै शूरवीर मुबारक चहलपहल गर्छ अनि तीनै जनामाथि नियतिका छाया ढाकिन्छ जसको कार्य-प्रणाली कुटिल र अटल छ । मूल कथामा नाटकीय घटनामाथि नै ध्यान केन्द्रित हुने गर्छ अनि टैगोरले भने अनुसार सूक्ष्म चित्रण गर्ने आवश्यकता पर्दैन । तर मुबारकको प्रसंगमा मानवीय महत्व भारिएको छ अनि युद्ध-कथालाई गहिरोपन र गरिमा प्रदान गरेको छ किन भने जीवनको कुनै पक्षलाई स्पर्श गरेर उत्तेजित बनाएको हुन्छ ।

यस मध्यावधिमा उपन्यासकारको रूपमा कार्य गर्दा बंकिमचन्द्रले लेखेका तीन कथाहरू—इंदिरा (१८७३) 'युगलांगुरिया' अथवा 'दुइ औंठी' (१८७४) अनि 'राधारानी' (१८७७) को उल्लेख गर्न यहाँ जरूरी छ । यी कथाहरू सही तौरमा कथा विधाको अनुरूप छैनन् किन भने हामी कथा र उपन्यासमा भिन्नता देख्छौं; कथ्यको निरन्तरताभन्दा विलक्षण क्षणको प्रस्तुतीकरण कथामा पाइन्छ । यसै त कथामा प्रारम्भ, मध्य र अन्तको कुरा गर्न सकिन्छ, तर यसको सम्पूर्ण विशेषता एउटा विशेष बिन्दुमा केन्द्रित हुन्छ । यो झिल्का जस्तै हुन्छ, एकाएक झिलिक्क गर्छ अनि त्यसरी नै शेष पनि हुन्छ । बंकिमचन्द्रका कथामा यस प्रकारको एकाग्रता पाइँदैन । यी लघु उपन्यास हुन् जसमा सामान्य उपन्यासका सबै विशेषताहरू छन्, तर ससाना र कम जटिल छन् । काल्पनिक उड़ान पनि छ, त्यसै कारण बंकिमचन्द्र आफैले परी कथा (उपकथा) भनी छुट्याएका छन् । त्यसै त उनको हरेक रचनामा परीकथाका तत्त्वहरू छन्, तर ठूल्ठूला उपन्यासहरूमा यी तत्त्वहरू मनोविज्ञानको प्रभाव र 'संभाव्य तथा आवश्यक' विवेकले नियन्त्रित भएका छन् । यी उपकथाहरूमा काल्पनिक उड़ानको साम्राज्य एकछत्र छ ।

यी तीन कथामध्ये 'राधारानी' साहै नै कमजोर छ जसमाथि विस्तारपूर्वक चर्चा गर्ने आवश्यकता छैन । कथामा प्रत्येक पाइला अविश्वासनीय छ अनि यथार्थ प्रस्तुत गर्दै जाँदा असंगति बढ़ेको पाइन्छ, तर युगलांगुरिया सम्भव हुँदाहुँदै पनि असम्भव भएको छ । कथाको विषयवस्तु यस्तो समयसँग सम्बन्धित छ जब ताम्रलिप्त (तामलुक) एउटा बन्दरगाह थियो अनि बंगालको सुदूर सिलोन (श्रीलंका) सित व्यापार चल्ने गर्दथियो । ज्योतिषमा जनसाधारणको विश्वास थियो, जस्तो आज पनि मानिसहरू गर्छन, तर जुन कुराले हाम्रो ध्यान आकृष्ट गर्छ त्यो मानिसको क्रिया-कलाप र ताराहरूको गतिविधिबीच स्थापित उदेकलाग्दो मेल-मिलाप हो । एउटा दुल्हा र एउटी दुल्हीको बिहे आँखा छोपेर गरिन्छ, कसैलाई पनि थाह हुँदैन उसको जीवन-साथी को हो ? पाँच वर्ष बित्छ अनि तिनीहरूमा परिचय गराइन्छ, तब यो प्रष्ट पारिन्छ-हिरणमयी र पुरन्दर-दुल्हा-दुल्ही एका अर्कालाई बिहे हुनअघि जान्दथिए अनि वर्षौं देखि माया गर्दथिए । हिरणमयीले बुझेको अपवित्र सम्बन्ध पत्नीको अविचलित श्रद्धा मात्र भएको छ । कथा जति दक्षताका साथ भनिएको छ, मूल असम्भावनाले हाम्रो कल्पनालाई छुनै पाउँदैन अनि विकट मोड़

र विचित्र घटना देखिए तापनि पुरन्दरप्रति रहेको हिरणमयीको चाहना यथावत नै रहन्छ । उसको संकोच, उसको सम्झौता र उसको आफ्नै अनास्थाको अन्तिम जानकारीले उसको आराधनालाई व्यापक मात्र बनाउँछ ।

'युगलांगुरिया' भन्दा 'इंदिरा' धेरै लामो अनि विशिष्ट रचना पनि हो । यो निकट अतीतको कथा हो जब कलकत्ता महानगरीको रूपमा विकसित हुँदै थियो । तर गाउँ-बस्तीहरूमा डाकाहरूको जगजगी थियो अनि रेल सेवा नभएकोले पालकीमा यात्रा गर्नु खतरानै खतरा थियो । इंदिराको बिहे भएको आठ वर्ष बितिसकेको थियो अनि उसको लोग्ने बिछेपछि लगत्तै काम खोज्न बाहिरिएको हुनाले तिनीहरूले भेट हुन सकेन र इंदिरा पिताकै घरमा सुख-सविधामा भए तापनि भावनात्मक दृष्टिमा एक्लोजीवन बिताउन थाली । तब यहींदेखि कथा शुरू हुन्छ-उसको लोग्ने आफ्नो घरमा फर्किन्छ अनि खुशीले पागल भएर इंदिरा भेट गर्न हिंड्छे । बाटामा उसको दलमाथि डाकाहरूले आक्रमण गर्छन् अनि लूटलाट गरेर सघन बनमा छोड़िदिन्छन् । अब ओडिसी जस्तै इंदिराको भ्रमण-कथा शुरू हुन्छ अनि अनेकौं उकाली-ओराली नाघेपछि खुशीका क्षण समेत अन्तमा ऊ आफ्नो लोग्नेलाई भेट्छे । कथाको अन्त आकस्मिक हुन्छ भन्ने सोचाइअनुरूप बंकिमचन्द्रले कथालाई धेरै ससाना प्रसंग जोड़ेर बढ़ाए । धेरै वर्षपछि दुलहो र दुलहीको रूपमा पुनर्मिलन हुने भएकाले एका अर्कालाई जाँच-अवधि पनि जरूरी छ । कथाको पहिलो भाग विद्वतापूर्वक गुँथिएको छ तर इंदिराको लोग्ने त्यस घरमा आउनासाथ सम्पूर्ण स्वाद हराउँछ जहाँ उसले आश्रय पाएकी थिई । यसपछि उपन्यासकार हाम्रो ध्यान कृत्रिम ढंगमा आकर्षित गर्ने चेष्टा गर्छन, अनि कहिले-कहिले अपरिष्कृत ढंगमा पनि ।

'इंदिरा' को कथा राम्रो छ, तर यो लघु उपन्यास यसको विषय-वस्तुभन्दा प्रस्तुतीकरणको ढंगमा ज्यादा विचारणीय छ । कथावाचक इंदिरा आफै नै छे जो आफ्नो कुरा खोजीको सफल अन्तपछि शुरू गर्छे । ऊ प्रत्येक घटनाको वर्णन गर्दा आफ्नो प्रतिभा, सजीवता र विनोदप्रियता प्रकट गर्छे अनि शुरूदेखि अन्तसम्म जीवनको विम्ब र क्षणिकता प्रयोग गर्छे । पहिला भने जस्तै अन्ततिर कथाले आफ्नो स्पन्दन गर्ने विशेषता गुमाई सक्दा पनि उसको आनन्द-भाव र वर्णन गर्ने क्षमताले त्यसमा ओज र सजीवता थपिदिन्छ । तर पनि यस्तो सजीव वर्णन सचेत कला-प्रर्दशनको परिणाम कदापि होइन, बरू यो उसको अदम्य उच्च उत्साहको एकाएक उर्लेको प्रवाह मात्र हो । उपन्यासको महत्वको व्याख्या गर्न बंकिमचन्द्रले शेलीको कथन अघि बढ़ाएका छन् :-

रियरली, रियरली कमस्ट दाऊ
स्पिरिट अव् डिलाइट !
(विरलै, विरलै आउँछौ तिमी
उल्लासकी प्रेरणा !)

साँच्चै नै इंदिरा उल्लासको प्रेरणाको प्रतीक हो अनि जहाँसम्म शब्दले पात्रको चरित्र-चित्रण गर्ने कुरा छ, ऊ बंगला साहित्यमा अति विशिष्ट व्यक्तित्व मध्ये एक जना हो ।

# अन्तिम अवधिका उपन्यासहरू

अन्तिम अवधिका तीन उपन्यासहरू 'आनन्दमठ' (१८८२), 'देवी चौधरानी' (१८८४) अनि 'सीताराम' (१८८७)मा बंकिमचन्द्र फेरि आफ्नो विषय-वस्तुका निम्ति इतिहासतिर फर्केका छन् तर उनले धेरै-थेरै परिवर्तन र परिवर्द्धन गरेका छन् अनि उनले आफ्ना पाठकहरूलाई यी उपन्यासहरू ऐतिहासिक होइनन् भनी जानकारी दिएका छन् । यी कथाका साधारण कृतिहरू होइनन् जसको लक्ष्य केवल कथा भन्नु वा चरित्र-चित्रण गर्नु हुन्छ । यी वैचारिक उपन्यास हुन् अनि यद्यपि रोमाञ्चकारी घटनाहरूको अभाव छैन तथा केही पात्रको चित्रण सशक्त ढंगमा भएको छ, घटना र पात्रहरू मुख्य: केही निर्दिष्ट धार्मिक, दार्शनिक अनि राजनैतिक विचारका वाहक भएका छन् ।

यस अवधिको सबैभन्दा प्रसिद्ध उपन्यास 'आनन्दमठ' १७७० को भीषण बंगाल-अकाल र त्यससंग सम्बन्धित केही जिल्लाहरूमा भएको सन्यासी-विद्रोहमाथि आधारित छ । तर बंकिमचन्द्रले अकाल अनि त्यस समय फैलिएको अराजकताको अत्यधिक सजीव चित्रण गरे तापनि उनले विद्रोहलाई मान्यता नदिएको जस्तो बनाए । पात्रहरू काल्पनिक मात्र छैनन्, धार्मिक र राजनैतिक पुनरुत्थानको विचार पनि इतिहासबाहिर नै छ । हामीले ऐतिहासिक विवरणमा पाएका सन्यासी फकीरहरू अबंगाली थिए अनि तिनीहरू बंगालमित्र नपर्ने जिल्लाहरूमा क्रियाशील थिए । यदुनाथ सरकारले भने अनुसार तिनीहरू साधारण अनि विशुद्ध लुटाहा थिए; तिनीहरूमा न्याय र सुरक्षाको सिद्धान्तको आधारमा राज्य स्थापित गर्ने मनसुबा थिएन । तर ऐतिहासिक पृष्ठभूमि असंदर्भिक छैन । तर यसै पृष्ठभूमिलाई ध्यान नदिएको हुनाले यस महान् कृतिको पछि अति आलोचना भयो किन भने कथानकको क्षेत्र इतिहासले नै निर्धारण गर्छ । भारतीय राष्ट्रीय कंग्रेस स्थापना हुनु भन्दा तीन वर्षअघि अनि इलंबर्ट विधेयकमाथि धूमधाम बहस चलेको समयमा १८८२मा 'आनन्दमठ' प्रकाशित भयो । यसले भारतलाई महान् राष्ट्रीय गीत दियो जुन पहिले नै तयार भएको थियो अनि यो गीत भारतीय देश-प्रेममा आह्वान-गीत भयो । तर कथाका लागि दरिलो आधार बनिनु थियो, नत्र त्यो एकदम हलुको र काल्पनिक हुन्थ्यो । परिवेश बंगालकै चाहिएको थियो, त्यो पनि धेरै पुरानो नभएर त्यस समयको जब मुस्लिम सत्ता आखिरी पाइला टेक्दै होस् अनि अंग्रेज चारैतिर फैलिएको अराजकता शेष पार्नमा लागेको थियो; यस्तै पृष्ठभूमिले नै क्रान्तिकारी उपन्यासका लागि स्थानीय परिवेश दिनु सक्छ । यस्तो परिवेशमा यदि क्रांतिकारीहरूलाई ऐतिहासिक कथाका पात्र जस्ते विश्वासलाग्दो बनाउनु हो भने यो

आवश्यक छ, तिनीहरूले राजनैतिक स्वतन्त्रतालाई हिन्दु साम्राज्यको पुनरुत्थानको रूपमा सोचेको हुनुपर्छ । तर कथाको आकस्मिक विशेषताको रूपमा आएको साम्प्रदायिकताको मूल विचारधारासित कुनै संपर्क नै छैन । जब हामी उपन्यासको मूल नीतिमाथि विचार गर्छौं, हामीले ऐतिहासिक ढांचाको साँघलाई बिर्सिने गर्नुपर्छ—जसरी हामीले 'वंदेमातरम्'को शुरूका पंक्तिहरू उपेक्षा गर्छौं जसमा बंगालको हरियो खेतको चित्रण छ तर राजस्थानको मरूभूमि तथा पर्वत-खण्डको उल्लेख छैन तथा यसमा तीस-चालीस करोड़ भारतीयको उल्लेख नभएर सात करोड़ बंगालीहरूको उल्लेख चाहिँ छ ।

प्रश्न गर्न सकिन्छ, आधारभूत सिद्धान्त के छ अनि बंकिमचन्द्रले 'अर्चना अनि कविको सपना' कसरी साकार बनाए ? आनन्दमठका स्थापक, सत्यानन्द आफूलाई वैष्णववादको प्रवर्त्तक मान्छन् तर श्री चैतन्यको सरल, शान्त वैष्णववादको होइन; मूल वैष्णववाद 'महाभारत'मा पाइन्छ अनि यसको प्रतिपादन बंकिमचन्द्रको 'कृष्ण-चरित्र' र अन्य धार्मिक निबन्धमा हामी पाउँछौं । यहां ईश्वर प्रतीकको रूपमा छन् प्रेमको प्रतीक त्यति होइन जति न्यायको । उनीसँग शक्तिको हतियार छ अनि उनी रक्षा पनि गर्छन, दण्ड पनि दिन्छन् । यसको ऐतिहासिक महत्व जे भए पनि, यो अति सामान्य विचार हो जसले बंकिमचन्द्रको छविको महत्ता झल्किँदैन । देशलाई आमाको रूपमा हेर्नु नै देशभक्तिको अवधारणा मूल अनि सही हो । सन्तानहरू यसै आमाका नानीहरू हुन् अनि अर्को सम्बन्ध स्वीकार गर्दैनन् । आमाको रूपमा देशले घरेलु जीवनमा पवित्रतम स्थानको प्रतिनिधित्व गर्छ अनि धर्मको अधिष्ठात्री पनि हो । यस बाहेक र माथि केही पनि छैन; ईश्वरत्व सम्बन्धी हाम्रो सबै धारणा उसमैं प्रतीक बनिएको छ अनि अधिष्ठात्रीको रूपमा उसले हामीबाट एकनिष्ठ आज्ञाकारिता अनि अरू सबै सम्बन्ध परित्याग गर्ने दावी गरेको हुन्छ । यसै कारण सन्तानहरू नै सन्यासी पनि हुन् जसले संसार त्याग गरेको हुन्छ ।

तर एउटा विचार जति नै महत्वपूर्ण भए तापनि कलाको दृष्टिमा तबसम्म सिर्जनात्मक बनिँदैन, जबसम्म जीवन्त प्रतीकको माध्यमबाट अभिव्यक्त गरिँदैन । यसै कारण कलाले सक्रिय सजीव चरित्रको दावी गर्छ । यस उपन्यासमा कथाको शुभारम्भ गाउँबाट महेन्द्र र कल्याणीको पलायनसँगै हुन्छ, तर हेमचन्द्र और मृणालिनी जस्तै तिनीहरू कथालाई मात्र अघि बढ़ाउँछन् । तिनीहरूलाई कथामा प्राय: अघि-अघि ल्याइँन्छ, तर तिनको इतिहासको कुनै महत्व हुँदैन; किन भने महेन्द्रले विद्रोहको भूमिका गरे तापनि सही अर्थमा ऊ सन्तान होइन । सन्यासीहरूको अभियान र संग्रामको सशक्त वर्णन गरिएको छ, तर वर्णनले मात्र चरित्र चित्रांकन हुँदैन । आमाको आह्वान कति शुद्ध र निषेधक हुनुपर्छ यो सत्यानन्दका दुइ मुख्य सेनाध्यक्ष-भावानन्द र जीवानन्दको इतिहासमा हेर्न पाइन्छ । आमा सबै प्रकारका सम्बन्धलाई समर्पण गर्ने दानी गर्छिन् तर प्राणधारी मानिसहरूको आदिम आवेग स्त्री-पुरुषमाझ यौन आकर्षण को कारणले गर्दा भित्र बवंडर र ज्वरको के हुन्छ ? औपन्यासिक कलाको दृष्टिबाट विचार गर्दा महेन्द्रको स्वास्नीको रूपमा कल्याणीको त्यति महत्व छैन जति त्यस स्त्रीको रूपमा हुन्छ जसले भावानन्दको विश्वासको

आधार नै हल्लाई दिएको थियो । यहाँ हामीसँग तनाउ भएको नाटक मात्र छैन तर समस्याको गाँठो पनि छ, जसलाई प्रत्येक क्रान्तिकारीले कुनै न कुनै समय सुलझाउनु नै पर्छ । जीवानन्दको जीवनमा यस्तै समस्या अर्को रूपमा देखा पर्छ । ऊ एक जना विवाहित मानिस हो जसले आफ्नी स्वास्नी शान्तिसँग भेट गरेर आफ्नो प्रतिज्ञा नै भंग गर्‍यो अनि स्वास्नी सन्यासीको आश्रममा प्रवेश गर्छे अनि सन्तानहरूको सैनिक अभियानमा वीरतापूर्वक अंश ग्रहण गर्छे । जीवानन्द र शान्तिसँगै नै बस्छन् तर लोग्ने-स्वास्नीको रूपमा होइन । आदर्श, देशभक्ति र धर्मको खोजीमा तिनीहरूले आफ्नौ यौन-भावलाई बन्धुत्वमा परिवर्तित गरेको पाइन्छ । कथाको यस्तो परिवर्तनको प्रसंगले परीकथा बुझाउँछ तर यस परीकथाले समस्याको वास्तविकता अथवा संदेश-बिन्दु धमिल्याएको हुँदैन । गोर्कीको उपन्यासमा हामी पढ्छौं, क्रान्तिकारी भएर स्वास्नी राख्नु नसुहाउने व्यवस्था हो । बंकिमचन्द्र केवल सुविधाको दृष्टिले विषयलाई विचार गर्दैनन् । क्रान्तिकारीहरूका निम्ति आमा सबै थोक, सबै देवी-देवा हुन् जसले अरू सबैलाई नकारेको हुन्छ । द्वन्द्व, त्रासदी अथवा परिवर्तन हुनसक्छ तर समझौता हुँदैन ।

'देवी चौधरानी' को ऐतिहासिक आधार 'आनन्दमठ' भन्दा पनि बढ्ता संदिग्ध छ । यसमा वारेन हेस्टिंग्सले भारतमा ब्रिटिश शासन स्थापित गर्न अघि मुस्लिम शासनको आखिरी दिनको अराजकता उल्लेख छ । अराजकता र कुप्रशासनको यस्तो अवस्थामा बंगालको केही जिल्लाहरू डाकाहरूको अत्याचारले नाशिएको थियो । हंटरले 'स्टेटिस्टिकल अकाउन्ट अव् बेंगाल' ग्रन्थ ७मा डाकाहरूमध्ये दुइ—भवानी पाठक अनि देवी चौधुरानी नाउँ भएकी महिलाको उल्लेख छ । देवी चौधुरानी पाठकसँग मिलेर नाउहरूमा बस्ने गर्दथिई । तर मुख्य पात्रहरूको ऐतिहासिकता यहाँ शेष हुन्छ, किन भने इतिहासको पात्र पाठक न विद्वान थियो न उदार नै, जस्तो बंकिमचन्द्रले देखाएका छन् अनि हामीलाई थाह भए अनुसार देवी चौधुरानी नै साँच्चै लूटलाट गर्थी अनि कुनै पनि रूपमा देखावटी गर्दिन थिई । अराजकताको स्थिति इतिहासकारहरू अनुसार सठीक चित्रण भएको छ तर समाहित र सृष्टि गारिएका पात्र र विचार सबै बंकिंमचन्द्रका आफ्ना हुन् ।

पहिले नै भने जस्तै यी अन्तिम उपन्यास विचारका उपन्यास छन्, त्यसकारण आलोचनात्मक विश्लेषण विचारदेखि कथावस्तु तथा पात्रतिर बढ्नुपर्छ, कथावस्तु तथा पात्रदेखि विचारतर्फ चाहिँ होइन । बंकिमचन्द्र संस्कृतिको धर्मको विवेचना गर्न चाहन्छन्, जसको विषयमा उनले धार्मिक निबन्धमा दार्शनिक चर्चा गरेका छन् । संस्कृति अथवा धर्मको अर्थ शारीरिक, सौन्दर्यबोधात्मक तथा आध्यात्मिक सबै प्रकारका क्षमताहरूको सुव्यवस्थित विकास हो । विकासको फलस्वरूप सम्पूर्ण स्वार्थी इच्छाहरूमाथि विजय प्राप्त हुन्छ अनि स्त्री अथवा पुरुष फलको चिन्ता नगरी आफ्नो कर्त्तव्य पालन गर्न अघि बढ्छ । यस्तै अवस्थामा मात्र नै कर्म ईश्वरनिष्ठ हुनपुग्छ अनि सामाजिक कर्त्तव्यबाट पृथक बुझाउने त्यागभन्दा सासांरिक कर्महरूमा नै यस्तो धर्म प्राप्य छ । 'महाभारत'मा भगवान् कृष्णले गीताको माध्यमबाट दिएको संदेश यही हो । रवीन्द्रनाथ टैगोरले पछि

भनेका छन् "मुक्ति ? मुक्ति कहाँ पाइन्छ ? हाम्रा स्वामीले आफ्नै नै सप्रसन्न सिर्जनको जिम्मा लिएका छन्; उनी सदाका लागि हामीसँग संयुक्त छन् ।"

भवानी पाठकले यसै धर्मको शिक्षा दिन्छ अनि प्रफूल्ल यसैमा बाँच्छे । उसलाई आफ्नो लोग्नेको घरमा स्वीकृति प्राप्त भएन, किन भने उसको ससूरोले उसकी आमाको विषयमा निराधार अफवाह सुनेको थियो । उसले अचानक अपार सम्पत्ति प्राप्त गर्छे अनि उसको भेट महान् डाका भवानी पाठकसँग हुन्छ जो उसलाई लामो प्रक्रियाद्वारा शिक्षा-दीक्षा दिएर उसमा सबै क्षमताहरूको सुव्यवस्थित विकास गर्नमा प्रभावी हुन्छ अनि उसलाई देवी चौधुरानीकोरूपमा कुनै डर बिना तथा व्यक्तिगत लाभको आशा नगरी रानीको कर्त्तव्य पालन गर्न दुर्वललाई बचाउने अनि दुष्टलाई दण्ड दिने अभियान चलाउँछ । पाँच वर्षसम्म ऊ आफ्नो कार्य राजसी ठाट-बाटले तर विन्रमतासँग एकान्तमा पूरा गर्छे अनि उसको भेट आफ्नो लोग्नेसँग धेरै लामो समयपछि हुन्छ । उसको स्वास्नीमा हुने सुषुप्त मूल प्रवृति जागृत हुन्छ अचानक नै जसको अर्थ भवानी पाठकले उसलाई विश्वास गरेर सुम्पिएको कार्य नकार्नु नै हो । यस दिशातर्फ ऊ एक इञ्च पनि अघि बढ्न चाहदिन । पहिला ऊ अंग्रेजीसामु आत्म समर्पण गरेर फाँसीमा चढ्ने कुरा सोच्ने गर्दथिई तर अब उसको लोग्नेले स्वीकार गर्छ भन्ने आश्वासन पाएपछि उसमा बाँच्ने इच्छा जाग्यो । समयमा दैवी कृपा-स्वरूप आएको आँधीले उसलाई बचाउँछ अनि ऊ आफ्नो लोग्नेको घर फर्किन्छे जहाँ ऊ जे पनि गर्न तयार हुन्छे । तर ऊ तारा जस्तो पर-परै टाढ़ा बस्ने स्थिति कायम राख्छे किनभने ऊ लालायित थिइन । ऊसित रिसाएकी उसकी सौता नयनतारासमेत प्रत्येक नै ऊसँग प्रसन्न छन् । यहाँ आनन्दका हजारौं वाचा-बन्धनमा उसले साँचो मुक्ति र खुशी प्राप्त गर्छे ।

यस उपन्यासमा सामाजिक अनि पारिवारिक जीवनको चित्रण सुन्दर छ अनि प्रकृति तथा अराजकताको वर्णन सजीव र साँचो छ । तर मुख्य विषय-संस्कृतिको धर्मलाई साकाररूप दिने प्रक्रिया अनियमित र अशोभनीय ढंगमा भएको छ । स्वप्न-चित्रको तत्त्व छ जसलाई निक्के अघिको अतीतको ऐतिहासिक उपन्यासको रूपमा सहन गर्न सकिन्छ तर पारिवारिक जीवनको कथामा ठीक जँच्दैन । आँधी आएको प्रसंगमा कल्पना-चित्र चरम-विन्दुमा पुग्छ जसलाई प्रफूल्लको बचाउको उद्देश्यमा ईश्वरले पठाएको हो भनी हामी विश्वास गर्न सक्छौं । यदि हामी यस प्रसंगलाई ध्यान दिन्छौं भने देवी चौधुरानीको रूपमा प्रफुल्ल जीवन-लीला अविश्वासनीय हुन्छ । पाँच वर्षसम्म मुक्काबाजीदेखि दर्शन सबै क्षेत्रमा गतिलो प्रशिक्षण दिइन्छ,अनि ऊ आफ्नो राजसी कर्त्तव्य पालन गर्छे । यस कालकोकथामा विषय-वस्तु गहन भए तापनि चित्रण सोझो प्रकारले भएको छैन; यसलाई पाँच-छ: शब्दको सानो वाक्यमा नै छोटो बनाइएको छ । तब के प्रफूल्ल साँच्चै नै इच्छुक छैन ? प्रकृतिको हलुको स्पर्शले उसलाई सम्पूर्ण संसारबाट पृथक बनाइ-दिन्छ । सम्पूर्ण व्यक्तिगत रूपमा उसमा स्वास्नीपन जाग्छ जसले उसलाई प्रभावित पार्छ अनि उसको राजसी ठाटलाई अर्थहीन तुल्याउँछ । यसो भन्न सकिन्छ, ऊ आफ्नो लोग्नेको घरमा

स्वास्नीको रूपमा संस्कृतिको धर्म पालन गर्छे । तर यस सम्बन्धमा अन्तिम अध्याय वर्णन गरेभन्दा बढ्ता हामी केही ज़ान्दैनौं । यस दृष्टि अनुसार उपन्यास यस्तो बिन्दुमा आएर शेष हुन्छ जहाँबाट साँच्चै नै शुरू हुनु पर्ने थियो अथवा हामी भन्न सक्छौं, आरम्भ राम्रो छ, मध्य भारी छ तर अन्त भने छैन । हामी जे जति थाह पाउँछौं, त्यो हो प्रफूल्ल आफ्नो पारिवारिक कर्त्तव्य सुचारू रूपमा गर्छे अनि आफ्ना सबै इष्ट-मित्रलाई ऊ प्रसन्न राख्छे । उसको ससूरोको विरोध सबै शेष भएको जब हामी थाह पाउँछौं, अन्तले हामीमाथि ध्यान दिने जस्तो प्रभाव पार्दैन । जब हामी सोच्न थाल्छौं, डरलाग्दी देवी चौधुरानीले जे जति सिक्ने काम गरी मूर्खहरू र अज्ञानहरूलाई ठगठाग पार्न सिकेकी थिई तब प्रत्युत्कर्ष शुरू भए जस्तो लाग्छ ।

अन्तिम उपन्यास 'सीताराम' सम्म आइपुग्दा हामी कलात्मक शिल्पगत विशिष्टतामा ह्रास भएको पाउँछौ, किन भने त्यो आध्यात्मिक शुद्धता अनि अनिन्छुक कर्ममाथि 'गीता'मा व्याख्या गरिएको नैतिकता हो । इतिहासको पातलो तह छ अनि शुरूका अध्यायमा बेग्ला-बेग्लै घटनाहरूको वर्णन साह्रै सशक्त छ । सर्वाधिक मान्य इतिहासकार यदुनाथ सरकारको मतमा, बंकिमचन्द्रले ऐतिहासिक तथ्यबाट स्वाधीनता लिए तापनि उनले अठारौं शताब्दीको शुरूको बंगालको सामाजिक तथा राजनैतिक जीवन अनि लडाइँको तौर-तरीकाको सजीव चित्रण प्रस्तुत गरेका छन् । तर जब हामी इतिहासको यस ढाँचालाई विचार गर्दैनौ, कथा अनि पात्रहरू न सम्भाव्य लाग्छन् न आवश्यक नै ।

वैचारिक भुइँमा अडिएको विषय-वस्तु अनियन्त्रित लालसाले गर्दा महान् व्यक्तिको पतन जस्तो हो । अन्तोनी जस्तै सीताराम पनि एउटी आइमाईका लागि आफ्नो संसारनै गुमाउँछ, तर श्री नाउँ भएकी जुन आइमाईसित ऊ प्रेम गर्छ ऊ क्लियोपाट्रा जस्ती वेश्या होइन तर ऊबाट छुट्टिएकी अनि श्रद्धानत उसकै स्वास्नी हो,किन बने ऊ विवाहित महिला हो अनि संसार त्यागेकी साधुनी पनि हो । ऊ उसलाई कुनै समय रात होस वा दिन नजीकै बस्ने अनुमति दिन्छे तर ऊ उसलाई भने छुन पनि सक्दैन । यो एउटा असम्भव स्थिति हो, यसलाई मनोवेगको अतिसूक्ष्म क्रिया-कर्मको अन्तरङ्ग चित्रणद्वारा व्यक्त गरेर मात्र सम्भाव्य बनाउन सकिन्थ्यो, तर बंकिमचन्द्रले मनोविज्ञानको मदत नलिई अंधानुरक्तिको प्रभाव सीतारामको राज्यमा परेको अस्वाभाविक वर्णन गरेका छन् ।

जब हामी लोग्नेबाट स्वास्नीतिर् जान्छौं वर्णन अझै विश्वासलाग्दो हुँदैन । ज्योतिषको भविष्यवाणीद्वारा चेताउनी पाएपछि सीतारामले आफ्नी स्वास्नी श्रीलाई त्याग गर्‍यो अनि त्यो महिला एक्लै यताउता अलपत्रमा परी । उसलाई त्याग गर्ने लोग्नेप्रति उसको हृदयमा अगाध प्रेम शुरूका दिनमा भएको सुन्दर वर्णन हामी पाउँछौ । पछि विकट परिस्थितिमा उसको भेट सीतारामसित हुन्छ, भविष्यवाणीको कुरा उसलाई थाहा हुन्छ अनि यस पटक ऊ स्वयं उसलाई छोड़ेर भाग्छे । उसको भेट जयन्ती नाउँ भएकी जोगिनीसँग हुन्छ अनि जोगिनीमा परिवर्तित हुन्छे । जब ऊ आफ्नो लोग्नेको घरमा फर्किन्छे, ऊ परिवर्तित महिला हुन्छे किन भने सीतारामकी स्वास्नी नरहेर जयन्तीकी शिष्या भएकी हुन्छे । ऊ लोग्नेसँगै

बसे तापनि लोग्ने-स्वास्नीको रूपमा होइन अनि उसले उत्तेजित गरेको लोग्नेको भावावेगलाई तृप्त हुन नदिएर ऊ लोग्नेलाई शेष पार्नमा सहायक हुन्छे । ज्योतिषको भविष्यवाणी दोहोरो रूपमा ऊ पूरा गर्छे, ऊ आफ्नो प्रियजनलाई सर्वनाश पार्न तयार हुन्छे: ऊ स्वयं आफ्नो भाईको मृत्युको कारण बनिन पुग्छे अनि उसकै कारणले गर्दा नै सीतारामको नैतिक पतन हुन्छ अनि उसको राज्य बरबाद हुन्छ । भन्न सकिन्छ, ऊ कर्त्तव्य-पालनमा विचलित हुन्छे । बंकिमचन्द्रको भनाइ अनुसार सबैभन्दा पहिले सांसारिक जीवनले संन्यासवाद भन्दा धर्म-परायणलाई ज्यादा स्थान दिन्छ । साँचो धर्मले कर्म, ज्ञान र भक्तिमा मानवताको सुव्यवस्थित विकास दावा गर्छ । संन्यासवाद एकपक्षीय हुन्छ किनभने यसको तात्पर्य एउटा महत्वपूर्ण क्षेत्र—सामाजिक कर्त्तव्यबाट आफूलाई विमुख पार्नु हो । तब दोस्रो कुरा, कर्त्तव्य के हो ? यहाँ हामी बंकिमचन्द्रको परम्परावादलाई मूल उभ्याइएको ठाउँबाट स्थिति अनुरूप पाउँछौं । श्री स्वास्नी मान्छे हुनाले उसको परम कर्त्तव्य आफ्नो लोग्नेको सामान्य इच्छा पूरा गर्नु नै हुन्छ । तर ऊ सन्यासवादको आदर्शको आदेशमा आफ्नो पहिलो कर्त्तव्यको अवहेलना गर्छे, किन भने उसको सोचाइमा ऊभित्र स्त्रीको मूल प्रवृत्ति मरिसकेको छ ।

यी सबै कुरा दर्शनमा ठीक वा भूल हुनसक्छ । तर कलाले केवल दर्शनको प्रवचन गर्दैन; यसको प्राथमिक उद्देश्य जीवन्त प्रतीकहरू सिर्जन गर्नु हो । के उपन्यासको दोस्रो भागमा श्री जिउँदी जाग्दी महिला छ अथवा ऊ एउटा अमूर्त विचारको छ ? उसले स्वयं पनि संन्यासवादको मोटो तहपछि कहिले-काहीँ स्त्री-सुलभ इच्छाहरू जागृत भएको अनुभव गरेकी छ, किनभने उसले एक पटक आफ्नी गुरू आमा जयन्तीसामु स्वीकार गरेकी थिई, राजासमेत उसका बारहजना शत्रु छन् अनि उसलाई यस्तो लाग्छ—ऊ तपस्विनी न भएर एउटी स्वास्नी मान्छे हो । तर यो तीव्र आध्यात्मिक द्वन्द्वको हुनु पर्ने एउटा झलक मात्र हो । जयन्तीको सल्लाह मानेर श्री आफ्नो समस्याको समाधान भागेर र एक्लो बसेर गर्छे अनि यस प्रकार कलाको बलि अति नाटकीयताका लागि हुन्छ । हामी यस समाधान र यसबाट सृष्टि भएको जटिलताको तुलना 'रजनी'मा लवंगलता-अमरनाथ प्रसंग र शरद्चन्द्रको प्रसिद्ध उपन्यासमा राजलक्ष्मी-श्रीकान्तबीच आशा तथा निराशाको अन्तरक्रियासित गर्न सक्छौं । तर तर्क राख्न सकिन्छ, यदि बंकिमचन्द्रको तात्पर्य आध्यात्मिक द्वन्द्वसँग थियो भने उनले ऐतिहासिक उपन्यासको व्यापक आवश्यकतालाई अवहेलना गर्नु पर्ने थियो, किन भने राज्यको उत्थान-पतन अनि व्यक्तिहरूको भाग्यको आकस्मिकता मात्र वर्णन गरेको पाइन्छ् । तर यसले कथा-शिल्पको विषयमा एउटा विशाल प्रश्न उभ्याउँछ: ठूल्ठूला घटनाहरूको वर्णन गर्ने ऐतिहासिक उपन्यास मनोवैज्ञानिक सूक्ष्मतामा समावेश हुन सकछ ? यहाँ यति मात्र भन्न सकिन्छ, 'सीताराम'मा उद्वेलित घटनाहरू र मार्मिक वर्णन भए तापनि चरित्रको गहकिलो समस्या वरिपरि घुमेको मात्र छ ।

# साहित्यिक समीक्षा

बंकिमचन्द्र जति महान् उपन्यासकार थिए उति नै विख्यात समालोचक पनि थिए, तर सृजनशील कलाकारको रूपमा उनको वर्चस्व र भारतीय पुनरुत्थानमा उनको भूमिकाले समीक्षात्मक विचार र व्यवहारमा गरेको सहयोगलाई धेरथोर धमिलो बनाएको छ । तैपनि यदि उनले यदा-कदा दिएको प्रवचनलाई पन्छ्याइयो भने उनको समालोचना विचारणीय छ, किन भने मार्मिक तथा गहन, विश्लेषनात्मक र प्रेरक अनि पुरानो भ्रामक मतदेखि मुक्त छ, अर्को शब्दमा सही विवेकको परिपेक्ष्यमा प्रयोगसिद्ध छ ।

वंकिमचन्द्र विचार र व्यवहारमा मूलत: आधुनिक छन् । यद्यपि केही पक्षमा पुरातनवादी छन् तर समीक्षाको शुभारम्भ उनी साहित्यको परम्परावादी भारतीय तरीकालाई पर सारेर नै गर्छन् । उनको भनाइ छ, संस्कृत अलंकार अथवा काव्यमा प्रयुक्त परिभाषाहरू आधुनिक सन्दर्भमा अर्थहीन भइसके । उनी मानव-चरित्रको कैयौं पक्षहरूलाई आठ अथवा नौ भावमा सीमित गर्नुमा आपत्ति गर्छन् । उनी भन्छन्, यसै कारण हामीले पंडितहरूलाई प्रणाम गरेर उनको निष्कर्षलाई विदा दिनुपर्छ । बंकिमचन्द्रको आरम्भिक विन्दु सौन्दर्यप्रति मानिसको स्वाभाविक प्रेम हो जो विभिन्नर रूपमा सम्प्रेषित गरिन्छ । उनी आफूलाई रंग, आकृति, गति, ध्वनि अथि अर्थपूर्ण शब्दको माध्यमबाट अभिव्यक्त गर्छन् । जुन कलाकारले रंगलाई माध्यमको रूपमा लिन्छ, चित्रकार बनिन्छ । आकृति अभिव्यक्त गर्ने आकांक्षा दुइ प्रकारले व्यक्त गर्न सकिन्छ—एउटा जस अन्तर्गत बोट-बिरूवा तथा जीव-जन्तुबाहेक अरू संसारको विशाल वस्तुको संरचना पुनर्निर्माण गर्ने चेष्टा गरिन्छ, त्यो स्थापत्य-कला हो अनि अर्को जसले वनस्पति र चेतनायुक्त प्राणीको आकारको सुन्दरतालाई फेरि जीवित गर्ने लक्ष्य राख्छ, त्यसलाई 'मूर्ति-कला' भनिन्छ । नृत्यमा गतिद्वारा प्राप्त सौन्दर्यको संप्रेषण गर्ने प्रयास हुन्छ अनि संगीतद्वारा अभिव्यक्त गर्ने आधार ध्वनि हो तथा काव्यको वाहक अर्थपूर्ण शब्द हो ।

उपर्युक्त विश्लेषण मुख्यत: सामान्य बुद्धि र व्यावहारिक ज्ञानले पूर्ण छ, साथै अरस्तुको 'पोयटिक्स' को सम्झना गराउँछ । बंकिमचन्द्र काव्यका विभिन्न रूपहरू (सिर्जनात्मक साहित्यको व्यापक अर्थमा लिएर)—नाटक, महाकाव्य, गीत आदिको तुलना आफ्नै ढंगमा गर्छन् । तर महाकाव्य र नाटकको भिन्नता छुट्याउँदा उनी अरस्तुभन्दा बेग्लै तरीका अप्नाएर छुट्टिन्छन । दुवै विधामा क्रिया र सम्वाद पाइन्छ, तर नाटकमा प्रत्येक अभिव्यक्ति पात्रहरूको वार्तालापको माध्यमबाट हुन्छ अनि चरित्र कथानकमाथि प्रभावी हुन्छ ।

वर्णनात्मक काव्य वृहत् महाकाव्य अथवा ससाना पद्य-कथाहरूमा क्रियाको महत्व नै प्रमुख छ, यसै कारण कथा-वस्तु नै पात्रमाथि प्रभावी हुन्छ । यहाँ बंकिमचन्द्रको महत्त्वपूर्ण मौलिक देन गीतको परिभाषा हो । मानिसको मस्तिष्कमा रहस्यपूर्ण गहिराई हुन्छ, भावावेश हुन्छ जसलाई साहित्यमा बाह्य-क्रिया अर्थात् महाकाव्य वा अर्को वर्णनात्मक कलाद्वारा अभिव्यक्त गर्न सकिँदैन, नाटकका लागि उपयुक्त साधन सम्वादद्वारा पनि सकिँदैन । यस्तो भावावेगको झलकलाई एकालापको माध्यमबाट प्रस्तुत गर्न सकिन्छ अनि गीतको त्यही नै अभिन्न विशिष्टता हो, यसलाई वाद्ययन्त्र बजाएर गाउन सम्भव छैन अनि साँच्चे नै गाउने एकदमै आवश्यकता छैन । गीतले आत्माको गहिराइ नै खोज्ने गर्छ, जहाँ साहित्यको अन्य कुनै विधाको पहुँच हुँदैन । यसै कारण होला यो छोटो हुन्छ तर महाकाव्य (अथवा उपन्यास) अनि नाटकभन्दा बढ्ता प्रभावी हुन्छ । हामी महाकाव्यको वैभव अथवा नाटकीय जटिलता वा अन्तरभन्दा गीतको तीव्रताको कुरा बढ्ता गर्छौं । बंकिमचन्द्र यस्तो सुझाउ पनि दिन्छन्, जति-जति गीतको सन्दर्भ-क्षेत्र विस्तृत हुन्छ जस्तो समकालीन काव्यमा भएको छ -त्यसमा तीव्रता आउँदैन; उदाहरणका लागि वैष्णव कवि विद्यापति र चण्डीदास छन् जसको क्षेत्र सीमित थियो । यो एउटा सुझाउभन्दा बढ्ता केही नभए पनि तर विचारणीय अवश्य छ । यो महत्वहीन कुरा चाहिँ होइन, टी.एस. इलियट जब आधुनिक काव्यमा डनदेखि आफ्नो समयसम्म विभिन्न सूत्रबाट विवरण जोगाड् गर्ने कुरा गर्छन्; उनको अभिप्राय यही हुन्छ यस्तो काव्यको आकर्षण त्यसमा समाहित विरोधाभासी तत्वको तीव्रतामाथि भर पर्छ । बंकिमचन्द्रको कथनको आभास टी. एस. इलियटलाई अवश्य नै थिएन, तर उनी जुड्दै गरे जस्तो देखिन्छन् ।

बंकिमचन्द्रको समालोचनाको प्रमुख विशेषता उनको अजमाइस गर्ने प्रक्रिया हो । गीती-काव्य तथा जयदेव र विद्यापतिमाथि लेखेको निबन्ध पुनर्मुद्रण गर्दा उनले पाद-टिप्पणीमा भनेका छन, यी निबन्ध त्यस समय लेखिएका थिए जब रवीन्द्रनाथ टैगोरको मूल कृतिहरू मुख्य: गीती-काव्य प्रकाशित भएको थिएन् । यसर्थ यो सम्भाव्य बुझिन्छ, यदि टैगोरको काव्य उनकोभन्दा पहिला निस्कन्थ्यो भने मध्यकाल तथा आधुनिक गीती-काव्यको भिन्नतालाई नहटाए तापनि केही परिवर्तित अवश्य नै गर्ने थिए । साँचो अर्थमा यो विचारणीय छ, क्रोचेलाई अटकल लगाउँदै उनी स्वीकार गर्छन्, साहित्यिक वर्गीकरण अथवा साहित्यको विधाहरूको सूत्रीकरणको विषयमा अन्तिम निश्चय गर्न सकिँदैन । यद्यपि मिल्टनको 'कोमस', गेटेको 'फाउस्ट' तथा बायरनको 'मेनफ्रेड' सम्वादको रूपमा लेखिएका छन्, तर उनको भनाइ अनुसार यी कृतिमा नाटकीयता-भन्दा बढ्ता गीती-काव्यको विशेषता छ । यसैले उनी प्रश्न गर्छन्, स्कॉटको 'द ब्राइड अव् लेमरमूर' लाई के उपन्यास नभनेर नाटक भन्न सकिन्न ?

आदर्शवाद र यथार्थवाद अथवा शिवं र सुन्दरं जस्ता दार्शनिक विभेद कला-कृतिको सन्दर्भमा उपयोग गर्दा सापेक्ष हुन्छन् । यो साँच्चै नै सत्य हो, पत्रकार तथा पद्य-व्यंग्यकार, ईश्वर गुप्त जस्ता केही लेखकहरू छन् जो केवल आफ्नो अस्वस्थ अनुभव अथवा टाढ़ाबाट

देखेको फोहोर वस्तुको वर्णन गर्छन् । अवलोकन गर्ने सीमित क्षेत्रबाट बाहिर हेर्न सक्ने संकल्प नभएका यी यथार्थवादीहरूलाई महान् कवि भन्न सकिन्न । तर यहाँ हामीले फेरि सम्झना गर्नुपर्छ, यथार्थवाद र आदर्शवादमाझ रहेको विभेद सम्पूर्ण छैन । नाटककार दीनबन्धु मित्रको विषयमा लेख्दा उनी सिर्जनात्मक क्षमतालाई तीन भाग—अनुभव वा अवलोकन, सहानुभूति अनि सिर्जनात्मक कल्पनामा विश्लेषण गर्छन् अनि भन्छन्, एक जना महान लेखकमा यी तीनै तत्त्व एउटै भएको हुन्छ । सम्भवत: अरस्तुले यसै एकरूपताको उठान गरेका थिए भनी उनी आफ्नो कथनमा भन्छन्, काव्यले त्यही अनुकरण गर्छ जो हुनसक्छ । 'हुनसक्छ'मा शिवं र सुन्दरं दुवै समाहित छन् अनि जो छ त्यसबाट जन्म लिन्छन् ।

कविमा मौलिक प्रतिभा हुन्छ अनि यसै मौलिक प्रतिभाले उसलाई अरू मानिसबाट अलग गर्छ अनि उसलाई सृजनशील बनाउँछ । तर ऊ शून्यबाट केही पनि निकाल्न सक्दैन, बर्नार्डशाले यस्तै कुरा भनेका थिए, हावाबाट रूख उम्रिन सक्दैन । यसै कारण यो आवश्यक छ, उसले अवलोकनको क्षेत्र जति व्यापक हुन्छ, रचना त्यति नै महान् हुन्छ कि भनेर स्थितिको गहन अध्ययन गर्नुपर्छ । सृजनशील कलाकार आफ्नो अनुभवमाथि आधारित भएको हुनाले साहित्य र जीवन सम्पर्क अन्यान्य हुन्छ अथवा अर्को शब्दमा भन्दा साहित्य जीवनको दर्पण हो । बंकिमचन्द्रको मतमा 'महाभारत'को पहिलाको कृष्ण रूप तथा 'भागवत' सम्प्रदायको कृष्णको पछिल्लो रूपमा जुन भेद छ, त्यस विषयमा पहिले नै भनिएको छ । यदि हामीले बंकिमचन्द्रले भने जस्तो वाल्मीकिद्वारा चित्रांकित रामचन्द्र अनि फेरि शताब्दीपछि भवभूतिको 'उत्तरचरित' मा वर्णित रामचन्द्रको भिन्नता छुट्यायौं भने साहित्यमा यो विभेद पनि प्रष्ट हुन्छ । प्रत्येक रामचन्द्र त्यस युगको उपज हो जसमा कविले उसलाई रूपायित गरे, तर सबै युगमा ऊ आफै उपज पनि हो । यो अवश्य स्वीकार्य छ, बंकिमचन्द्रमा भवभूतिको नायकप्रति स्वच्छ विचार छैन तर उनको मूल तर्क दरिलो छ—प्रत्येक कलाकारले आफ्नो अनुभवबाट नै सामग्री जोगाड़ गर्छ अनि अनुभव उसको परिवेशद्वारा पोषित हुन्छ । यद्यपि ऊ आफ्ना अनुभवलाई रूपान्तरित गर्छ तर यसबाट नै उसको क्षेत्र अनि केही अंशमा कलाको गुणवत्ता निर्धारित हुन्छ ।

अवलोकन मात्रले मानिसलाई सूक्ष्म वर्णन गर्ने योग्य बनाउँछ जे उसले देखेको हुन्छ । कलाकार हुनका निम्ति उसमा अर्को क्षमता हुनु पर्छ जसलाई बंकिमचन्द्रले सहानुभूति भनेका छन् तर आधुनिक मनोवैज्ञानिकहरूले यसलाई तकनीकी नाउँ तदानुभूति दिएका छन् । कवि जे अवलोकन गर्छ त्यसलाई गहन रूपमा अनुभव गर्नुपर्छ अनि ती मानिस र वस्तुभित्र समाहित गर्नुपर्छ जो उसको कलाको सामग्री हुन् । यदि ऊ यस्तो गर्न सक्दैछ भने उसका नायकहरू आराध्य देवता हुनेछन् अनि खलनायक राक्षस हुनेछन् । शेक्सपियरमा आफ्नो अनुभव र अवलोकनभित्र समाहित हुने क्षमता भएकाले उसको एरियल तथा केलिबन जस्ता आत्मा र राक्षसहरूमा पनि मानवीय व्यक्तित्व पाइन्छ । यसै क्षमताले महान् लेखकलाई यथार्थवादी मात्र बनाउँदैन तर आदर्शवादी पनि बनाउँछ । यसै आधारमा 'नील दर्पण'

नाटकका रचयिता नाटककार दीनबन्धु मित्र आफ्ना अग्रणी पद्य-व्यंग्यकार ईश्वरचन्द्र गुप्तभन्दा अलग्गै छुट्टिन्छन् ।

सहानुभूति प्राय: फितलो भावुकतामा कालातीत हुन्छ । यदि भारतीय पौराणिक कलालाई उदाहरणको रूपमा विचार गर्‍यौं भने वाल्मीकिले शोकातुर क्रौंचमाथि सहानुभूति मात्र राखेका थिए, उनी त्यस घटनालाई अमर काव्यको रूप नदिएर मात्र रूने अनि विलाप गर्ने थिए । कवि हुनका निम्ति मुख्य विशेषता मध्ये कल्पना मानिससँग हुनु जरूरी छ । उसको सहानुभूति एक जना साधारण मानिसको मित्र-भाव होइन जो त्यसै अलमलिएर हिड्छ अनि आफ्नो स्वतन्त्र अस्तित्वको केही सिर्जन गर्न सक्दैन । कविको कल्पनाले नै उसलाई उसको अवलोकन र अनुभव, आदर्श र आभास परिवेश र नाम समेत दिने योग्य बनाउँछ अनि यसरी नै विशेष र व्यक्तिगत सार्वभौम हुनपुग्छ । यसै कारण होला वाल्मीकिले आफ्नो पहिलो पद्य रचना गरेपछि-टाढ़ाबाटत्यसलाई मनन गर्न थाले अनि एकाएक भने, "यो कुन उत्कर्ष हो जहाँ मेरो सहानुभूतिले मलाई पर्‍याएको छ ।" बंकिमचन्द्रले साँच्चैनै भनेका छन्, साँचो कविले सहानुभूतिलाई कल्पनाको अधीनमा राख्छ ।

बंकिमचन्द्रको साहित्यिक समालोचना सिद्धान्तवादीहरूमाथि उपहासपूर्ण दृष्टि राखेर शुरू भए तापनि उनले स्वयं पनि उपयोगी र प्रेरक धेरै-धेरै सिद्धान्तहरू सूत्रबद्ध गरेका छन् अनि यसबाट यो सिद्ध हुन्छ, व्यावहारिक र अनुभवी आलोचकले आफ्नो दृष्टि कलाको ठोस् कृतिमाथि राखे तापनि सार्वभौम उपयोगितालाई अमूर्त सरलीकरण नगरी रहन सक्दैन । यस प्रकार उनले हाम्रो परिप्रेक्ष्यलाई विस्तृत गर्न विभिन्न कृति र पात्रहरूको तुलना, जस्तै शकुन्तलाको डेस्डेमोना र मीरान्डासँग, शेक्सपियरको भवभूतिसँग, अथवा जयदेवको वर्डस्वर्थ-सँग गरेर तुलनात्मक समीक्षाको शिलान्यास गरे । यसलाई अहिलो तुलनात्मक साहित्यको अध्ययन भनिन्छ । उनले प्रतिपादित गरेको सिद्धान्तले अरस्तुको सम्झना गराउँछ अनि बेनेडिटो क्रोचेतिर बढ्छ । पहिले मै प्रष्ट पारे जस्तै उनी प्रत्यक्षवादी दर्शनबांट प्रभावित भएर सम्भवत: आधुनिक समाजवादी समालोचना तिर पनि बढ्छन् जसले साहित्यलाई सामाजिक-आर्थिक शक्तिको सृष्टि अनि समयको मागप्रति प्रतिक्रिया भनी विचार गर्छ ।

बंकिमचन्द्रको व्यावहारिक समीक्षा कहिले विस्तृत र विश्लेषणात्मक कहिले गहकिलो र छोटो हुन्छ, तर सम्पन्न-सुयोग्य निर्णायकको पूर्वघोषणाबाट सधैँ आशा गरे अनुरूप आलोचना सौष्ठवयुक्त, यथोचित र न्यायपूर्ण छ । यदि उनी कुनै पूर्वाग्रहले दबिएका छन् भने पनि उनीसँग आफ्नो तेज दृष्टि छ । लोकप्रिय कवि जयदेवको सत्य सृजनशील कलाकारको तुलना गर्दा उनले अति मधुर अनि प्रेम-कवि विद्यापतिलाई राखेर काटछाँट गरे । बाह्य प्रकृतिप्रति रहेको अगाध प्रेममा जयदेवको समवेदनशीलताको उल्लेख बंकिमचन्द्र गर्छन, अनि उनको तुलना वर्ड्स्वर्थसँग गर्छन् जसले विपरीत ध्रुवमा सधैँ आत्माको मर्मस्थल हेर्ने गरेको छ । प्रकृतिका महान् कवि वर्डस्वर्थप्रति यस्तो मन्तव्य प्रस्तुत गर्नु केही अंशमा अन्याय हो, किनभने उनले स्वयं 'द एजुकेशन अव नेचर' तथा 'रूथ' मा प्रकृतिको प्रभाव मानिसको स्वभावमा भएको भिन्नता अनुरूप बदली

हुन्छ भनेका छन्। 'कपालकुण्डला' का रचयितामा पनि यो तथ्य अनौठो ढंगमा अघि आउँछ, किनभने कपालकुण्डलाको काम-प्रवृतिको काखमा रहदा दबिन्छ अनि मनोरमाको अशान्त आत्मा रातिको अँध्यारो र एकान्त तालको शीतल पानीमा शान्त हुन्छ । तर यो विचारणीय छ, किनभने यसले वर्डस्वर्थको काव्यको आध्यात्मिक आधारलाई जारे दिएको छ, यसै त काव्य पहिलो नज़रमा नै ऐन्द्रीय बुझिन्छ ।

पहिलेनै प्रष्ठ भनिएको छ, बंकिमचन्द्र समीक्षकको रूपमा सौन्दर्य-शास्त्रको सैद्धान्तिक व्याख्याकारभन्दा बढ्ता व्यावहारिक र अनुभवी विचारक थिए । उनले कहिले पनि काव्यको मूलभूत समस्या तथा काव्यको परिभाषातिर ध्यान दिएनन्, यद्यपि उनी अरस्तु र क्रोचेको धेरै समीप थिए । उनको विचारधारा गम्भीर आधारभूत आपत्तिमाथि व्यक्त गरिएको केवल खुलस्त सुझाउ मात्र थियो जस्तो सुझाउ हुनु पर्ने छ । निर्दिष्ट सिद्धान्त प्रतिपादन गर्ने अन्तिम व्यक्ति उनी आफूलाई सम्झने गर्द थिए । गहिरो अर्थ र पहुँच भएको उनको केही रसिलो मन्तव्य किताबको समीक्षाको रूपमा पत्रिकामा लेखिएका छन्, जो अन्तसम्म रहने खालको थिएन । उदाहरणका लागि भन्न सकिन्छ, समीक्षा गर्दा उनले हास्यको प्रकृति अनुसन्धान गर्ने क्रममा सुझाउ दिएका छन्, 'त्रुटि'भन्दा, 'भूल' गहकिलो हाँस्ने विषय-वस्तु हुनु पर्छ । अरस्तुको 'पोयटिक्स' तर्फ गरिएको समीक्षा क्षणिक स्वाँग देखि निकै टाढ़ामा नै छ । तैपनि यो ध्यान दिने कुरा हो, अरस्तु 'त्रुटि' लाई द्ःखान्त रचनासँग मिलाउने गर्दथिए, सुखान्त रचनाको विषय-वस्तु बनाउँदैन थिए ।

आशा गरिए अनुसार बंकिमचन्द्र त्यस बखत पराकाष्ठामा हुन्छन् जब उनी मन्तव्य प्रस्तुत गरेर हामीलाई महान् कवि शेक्सपियरतिर लैजान्छन् अनि आफ्नो सिर्जनात्मक कृतिमा उनको गहिरो प्रभाव पनि प्रष्ट पार्छन् । यस्ता टिप्पणी मध्ये सबैभन्दा गहकिलो टिप्पणी भवभूतिको नाटक 'उत्तरचरित' को विश्लेषण गर्दा प्रस्तुत भएको छ । आफ्नो पवित्रताको दोस्रो प्रमाण दिनु अस्वीकार गर्दै सीता धरती माताको गर्भमा समाहित हुन्छिन् अनि खिन्न भएर राम एक्लो रहन्छन् । एक जना नीच जातको शुद्र ब्राह्मण जस्तै तपस्या गर्दैछ अनि त्यसको परिणामस्वरूप उसको राज्यमा भयंकर महामारी फैलिँदैछ भनी सुनेर उनी अस्त्र उठाउँछन् अनि पञ्चवटीतिर मिचाहालाई खोज्न निस्कन्छन जहाँ उनले सीतासँग खुशीका साथ वनवास व्यतीत गरेका थिए । मूल कथाबाट अलग भएर भवभूति सीतालाई वनमा रामचन्द्रसँग भेट गर्न पठाउँछन्, यद्यपि सीता प्रेतात्माका रूपमा अदृश्य हुन्छिन् । रामचन्द्रको दर्शन गर्ने उद्देश्य जानेर भवभूतिकी सीताले भन्छे : 'भाग्यवश यी राजा (जसले आफ्नो प्रजालाई फुल्याउन उसलाई नै वहिष्कार गरेका थिए)अहिले पनि आफ्नो राजकीय कर्त्तव्य पालन गर्नमा शिथिल भएका छैनन् ।' यस सारगर्भित कथनलाई उद्धृत गर्दै बंकिमचन्द्र टिप्पणी गर्छन्, ''साहित्यिक विशिष्टताको दृष्टिमा यो प्रसंग कुनै पनि भाषाको नाटकको सम्पूर्ण सौन्दर्यसँग तुलनीय छ....यस्ता वाक्यहरू शेक्सपियरका रचनामा मात्र पाइन्छन् ।'' यस टिप्पणीले शेक्सपियरमा गहकिलो बुझाइ भएको देखिन्छ । भवभूतिको नाट्य-प्रतिभाप्रति यो उत्तम उद्गार हो, तर यो बंकिमचन्द्रको समालोचनाको गहनता र तीव्रताको नाप पनि हो ।

# विविध लेखोट

बंकिमचन्द्र हाम्रा उपन्यासकारहरूमा प्रथम थिए अनि धेरै समीक्षकहरूको भनाइ अनुसार पछि रवीन्द्रनाथ टैगोर अनि शरदचन्द्र चटर्जी जस्ता महारथी जन्मे तापनि उनी अहिले पनि महत्तम उपन्यासकार हुन् । तर उनी बहुमुखी प्रतिभा पनि थिए जसले आफ्नो जादुको छड़ी गद्यमा कथाबाहेक साहित्यका धेरै विधाहरूमा घुमाए । उनको प्रारम्भिक साहित्यिक प्रयासहरूको उल्लेख परिचायक अध्यायमा गरिएको छ अनि त्यसको विषयमा विस्तृत विवरण जरूरी छैन । तर कथाहीन गद्यमा उनको पछिको प्रयास असाध्य सशक्त छ अनि 'कमलाकान्तेर दफ्तर' जो उनलाई साह्रै नै प्रिय थियो, मौलिकताको अनुसन्धान अनि कलात्मक शिल्पको दृष्टिमा सर्वश्रेष्ठ उपन्यास मान्न सकिन्छ । त्यसपछिका धेरै जसो रचनाहरू आफैद्वारा १८७२मा शुभारम्भ गरिएको पत्रिका 'बंगदर्शन'मा प्रकाशित भए । उनले यसको सम्पादन चार वर्षसम्म गरिनै रहे अनि जब १८७७मा उनको भाइको सम्पादनमा फेरि शुरू भयो, उनी नै मुख्य आधार थिए । १८७२ पछि उनका प्राय: सबै लेखोटहरू सबैभन्दा पहिला 'बंगदर्शन' मा नै प्रकाशित भए जसले बंगलाको पत्रकारितामा नयाँ आदर्श स्थापित गर्‍यो अनि 'प्रचार' र 'नवजीन'मा पनि उनका रचनाहरू छापिए । 'बंगदर्शन' मा यससित उनको नाउँ मुख्यत: जोडिएको छ, प्रत्येक प्रकारका रचनाहरू प्रकाशित भए उपन्यास र कथाहरू, गम्भीर र हास्य निबन्धहरू अनि साहित्यिक समीक्षाहरू । ध्यान दिने कुरो यो छ, यसमा बंकिमचन्द्रले आफ्ना रचनाहरू मात्र छापेनन्, तर स्तरीय लेखोट र राम्रो व्यवहारको स्तर निर्धारण गर्ने प्रयास पनि गरिनै रहे । केही समयका लागि उनले साहित्यिक संस्थानलाई मार्गदर्शन गरे । पत्रिकाहरूमा छापिएका उनका निबन्धमध्ये धेरै छड़के र व्यंग्यात्मक थिए, तर अस्थायी पत्रकारिताको रूपमा प्रस्तुत भए तापनि समयको कसौटीमा सही नै थिए । पत्रकारिताले स्थायी रूप लिँदा साहित्य बनिन्छ ।

बंकिमचन्द्रका उपन्यासहरूमा हास्यको प्रसंग कहिले काहीं मात्र पाइन्छ । यद्यपि धेरैको अन्त सुखद छ, तर 'इन्दिरा' मात्र पूर्ण हास्यप्रधान छ । विविध निबन्धहरूमा (पछि 'लोकरहस्य' नाउँमा प्रकाशित) बंकिमचन्द्रको प्रतिभाले हास्यको उन्मुक्त अभिव्यक्ति गरेको पाइन्छ । उनको हास्यमा घोच्ने व्यंग्य हुन्छ अनि साहित्यिक विधाहरूको शुद्धतामाथि जोर दिने व्यक्तिले रहस्यको नमूना भन्न सक्छ, किनभने त्यो विशिष्टताको भावनाले उप्जेको हुन्छ सहानुभूतिमा होइन अनि आफ्नो अधिकांश क्षमता शब्द-चमत्कारले नै प्राप्त गरेको

हुन्छ । तर यसको तात्पर्य यो होइन, यसले काबिलियतमा कमी ल्याउँछ, किनभने शब्द-चमत्कारद्वारा मौलिक प्रतिभा तथा कल्पना र कथा प्रदीप्त हुन्छ । उदाहरणको रूपमा आफ्नो केही निबन्धमा उनी 'मानवतालाई यस प्रकार हेर्छन् जस्तो एउटा बाघले अज्ञानता र एक्लोपनको स्थितिमा वरीपरी हेर्छ । एउटा अर्को निवन्धमा उनी कल्पना गर्छन्, 'महाभारत' मा आधुनिक बंगाली बाबूको सम्वन्धमा आकाशवाणी भएको छ अनि क्षीणबल बाबूलाई ईश्वरको अवतारको दर्जा दिएइको छ । उनको खिसीयुक्त बुद्धिले उनलाई भारतीय समाज र साहित्यको विषयमा अंग्रेजहरूको शेखीयुक्त अज्ञानताको अनौठो ढंग उपहास गर्ने योग्य बनायो । धेरै जसो शब्द-चित्रमा उनको कल्पनाको उडाइले गर्दा व्यंग्य उत्कृष्ट भएको छ, जो राइबेलाइसवादीभन्दा निम्न तर स्वीफ्टको सम्झना गराउने खालको चाहिँ छ ।

बंकिमचन्द्रको प्रतिभाको सबै धागाहरू पद्य-व्यंग्यात्मक निबन्ध-संग्रह 'कमलाकान्तेर दफ्तर'मा एउटा रूपमा बुनिएको छ, जो आधी हास्य आधी गम्भीर भए तापनि उनले त्यसलाई सर्वश्रेष्ठ कृति मानेका थिए । यहाँ हामी गहन आदर्शवादले गहकिलो बनाएको कल्पना, व्यंग्य, ज्ञान, चातुर्थ पाउँछौं । आलोचकहरू 'कमलाकान्तेर दफ्तर' को मौलिकता प्रति चिन्तित भएका छन् । कमलाकान्त अफिमलत मानिस हो अनि निबन्धहरू व्यक्तिगत विचार हुन् । केही पाठकहरूले अनुमान लगाएका छन्, कत्तै बंकिचन्द्रले डि क्विन्सीको 'कन्फेशन्स अव् एन ओपियम-इटर'मा मदत पाएनन् ? अथवा, केही अरू पाठकहरूले दिएको सुझाउ अनुसार, के उनले 'पिकविक पेपर्स' मा मजिस्ट्रेटको कोर्टको दृश्य त लिएनन् ? यी दुइ उदाहरणमा भएको समता यति नगण्य छ कि साहित्यिक गुण-विशेष सम्वन्धी सुझाउलाई खारेज गर्नु अनि कमलाकान्तलाई मौलिक रचना मान्नु नै उचित छ । साहित्यमा अन्यत्र कल्पना र यथार्थ, गीतात्मक भावना र तीखो व्यंग्य, गहिरो वैराग्य र तीव्र आवेग बीच यस्तो सम्मिश्रण दुर्लभ छ । अनि आफ्नो गरीबी र ज्ञान, अफिमको लत र दूधको चाहनासँग कमलाकान्त अत्यधिक प्यारो मानवीय चरित्रको रूपमा छ ।

सामाजिक चिन्तन र दर्शनको क्षेत्रमा बंकिमचन्द्रको देनको विषयमा पहिले नै भनिएको छ अनि स्थानाभावले अझै विस्तृत चर्चा गर्ने अनुभति दिँदैन । उनको वैज्ञानिक निबन्धहरू विज्ञानलाई लोकप्रिय रूपमा प्रस्तुत गर्न सक्ने मार्गदर्शनको दृष्टिमा विचारणीय छन्, तर साहित्यको रूपमा स्थायी हुन सकेनन्, सम्भवत: कारण यही हो कि विज्ञानको सत्य साहित्य र कलाको जस्तो स्मरणीय हुँदैन । उनले एक-दुइ पटक शैक्षिक पाठ्य-पुस्तकको क्षेत्रमा पनि पदार्पण गरे, तर ती रचनाहरूको विश्लेषण अथवा समीक्षाको कुनै आवश्यकता महसूस हुँदैन । उनका धेरै समीक्षात्मक रचनाहरूको बारेमा, विशेष गरेर तिनमा प्रतिफलित आलोचनात्मक दृष्टिकोणको विषय अन्तिम टिप्पणी अभिव्यक्त गर्न सकिन्छ । बंकिमचन्द्रले साहित्यमा एउटा आदर्श पनि प्रस्तुत गरेनन् । उनको विचारमा साहित्यको लक्ष्य दुइवटा कुरामाथि हुनुपर्छ—सौन्दर्यको सिर्जन अथवा मानव-जातिको कल्याण । तर प्रश्न उठ्छ: जो सुन्दर हुन्छ, के कल्याणकारी हुँदैन ? उनले साहित्यका दुइवटा भेद छन् भनी

छुट्याए—एक प्रकारको साहित्यले लुकेका आवेग र उच्च आकांक्षालाई प्रकाशमा ल्याउँछ अनि अर्को प्रकारको साहित्यले धरती तथा धरतीसँग सम्बन्धित विषय अवलोकन गर्छ, वर्णन गर्छ अनि उद्घाटित गर्छ जस्तो ईश्वरचन्द्र गुप्तको साहित्यले गर्छ । कविहरू जयदेव जस्तै ऐन्द्रिक अनि वर्डस्वर्थ जस्तै आध्यात्मिक हुन सक्छन् । दुवै प्रकारको चरमपनलाई टार्न सकिन्छ । सिद्धान्तवादीको रूपमा उनले दुइ प्रकारको विचाराधारालाई एकाकार बनाउने चेष्टा कहिले गरेनन् । उनको आफ्ना लेखोटहरूमा हामी उनमा नैतिक शिक्षक र सौन्दर्य-सिर्जक भएको को आभास पाउँछौं । यी दुवै लक्ष्य 'कृष्णकान्तेर वील' 'आनन्दमठ' र मनोरमाको रूपमा 'मृणालिनी'मा एकीकृत भएको छ; 'कपालकुण्डला' मा सत्य र ईश्वरत्वको द्विविभाजनलाई छर्लङ पार्ने कला हामी पाउँछौं अनि यही कुरो 'विषवृक्ष' र 'रजनी'मा व्यापक रूपया भएको तथ्य सत्य हो । तर कहिले-कहिले यी कुरा बेग्लै देखिन्छन् अनि 'राजसिंह', 'देवी चौधुरानी' तथा 'सीताराम'मा रचनात्मक कल्पना कहिलकाहीँ प्रचारवादी उत्साहले छोपिएको पाइन्छ । ओस्कार वाइल्डले भनेका छन्, 'सबै कला अनैतिक हुन्छ' तर यो पनि साँचो हो, सव रचनात्क कला नैतिक हुन्छ, किन भने मानवीय व्यवहारलाई सौन्दर्य-बोधात्मक ढाँचा ठाल्नु बाहेक यसले हाम्रो सहानुभूतिलाई व्यापक बनाउँछ अनि हाम्रो मानसिक क्षितिजलाई विस्तृत पार्छ । यस अर्थमा जहिले पनि बंकिमचन्द्रले सौन्दर्यको सिर्जन गरे, उनले वृहद् नैतिकताको शिक्षा पनि दिने गरे अनि यसैले शैवालिनी पछिभन्दा शुरूमा नै ज्यादै नैतिक चरित्र भएकी छ, मनोरमा पनि सूर्यमुखी अथवा आयशा भन्दा बढ्तानै नैतिक व्यवहार सिकाउँछे अनि लवंगलताको कमजोरी उसको शक्ति भन्दा बढ्ता मूल्यवान् सामाजिक दृष्टि अनि अति प्रसन्नता हो ।

# परिशिष्ट

## वन्दे मातरम् (१८७६-१९७६)

बंकिमचन्द्रको 'वन्दे मातरम्', जसको रचना संस्कृत अनि बंगलाको मिश्रित रूपमा भएको छ, भारतीय संस्कृतिको अमूल्य निधि हो । त्यसै त देश-भक्ति गीत र राष्ट्रीय भजनको मूलत: प्रादेशिक आकर्षण हुन्छ नै, यसैले एउटा देशको राष्ट्रीय गीतसित अर्को देशको राष्ट्रीय गीतको तुलना गर्नु अप्ठ्यारो छ किनभने यस्ता सबै गीतहरू स्थानीय भूगोल, इतिहास र परम्परासँग सम्बन्धित हुन्छन् । तैपनि यो दावा गर्न सम्भवत: सकिन्छ, धेरै कम राष्ट्रीय गीतले वंदे मातरम्भन्दा गहिरो र व्यापक प्रतिक्रिया जन्मायो अनि धेरै कम नाराले यति ज्यादा मानिसलाई प्रोत्साहित गर्‍यो ।

यो गीत सर्व प्रथम 'आनन्दमठ' उपन्यासमा देखा पर्‍यो तर यसअघि 'बंगदर्शन'मा धारावाहिक रूपमा छापियो अनि पुस्तकको रूपमा १८८७२मा प्रकाशित भयो । उपन्यासको आत्मा र कथावस्तुसँग गीतको सम्पर्क गहिरो छ अनि यो मुख्य पात्रको अधरबाट स्वाभाविक रूपमा गुञ्जित हुन्छ । सबै पाठकहरूले यो थाहा पाएर छक्क परेका छन्, यसको रचना १८७५/७६मा आकस्मिक प्रेरणाको क्षणमा युगांतर कृतिको रचना हुनुभन्दा केही वर्षअघि भएको थियो जसको सन्देश यसमा छोटकरीमा प्रस्तुत छ । भारतीय गणतन्त्रका प्रथम राष्ट्रपति राजेन्द्र प्रसाले अर्कै सन्दर्भमा भनेका थिए, बंगालबाहिर हजारौं मानिसहरू जसले एउटा मञ्चदेखि अर्को मञ्चमा गीत गाए अनि करौड़ौं मानिसहरू जसले नारा लगाए—त्यस कथाको विषयमा केही जान्दैन थिए जसमा यो देखा परेको थियो ।

१८८२मा जब बंकिमचन्द्रले 'आनन्दमठ' प्रकाशित गरे, त्यस बेला चारैतिर राजनैतिक उत्तेजना व्याप्त थियो अनि यूरोपेली तथा स्थानीय मानिसबीच सही न्यायको व्यापक माग स्थानीय मानिसहरूका लागि देशको प्रशासनको क्षेत्रमा ज्यादाभन्दा ज्यादा भागको दावीसँगै गरियो । १८८५मा भारतीय राष्ट्रीय कंग्रेसको स्थापना हुँदा जनगणको आकांक्षाले अभिव्यक्ति पायो, भारतको भविष्य निर्माणमा संस्थाको भूमिका महत्वपूर्ण थियो । प्रत्येक निर्माणमा संस्थाको भूमिका महत्वपूर्ण थियो । प्रत्येक महान् कला-कृति एउटा सीमित ढाँचामा हुन्छ जसलाई एउटै दृष्टि बुझ्न सकिन्छ तर यसले सार्वभौम अर्थ अवश्य पनि प्रस्तुत गर्नुपर्छ । यस कारण आनन्दमठ, संरचनात्मक एकताका निम्ति, स्थानीय विद्रोहसम्म नै सीमित हुन्छ, तर सम्पूर्ण आधुनिक भारतको स्वाधीनता-संग्राममा प्रतीक बनिएको छ जहाँ

धेरै ठूल्ठूला प्रान्तहरू छन् अनि विभिन्न जातका मानिसहरू बसोवास गर्छन् । यो गीत एक जनाबाट अर्को हुँदै देश वर्षभित्र राष्ट्रीय गीतको रूपमा प्रतिष्ठित भयो, जसलाई भारतका अग्रणी कवि रवीन्द्रनाथ टैगोरले १८९६[१] को कंग्रेस अधिवेशनमा गाएका थिए।

त्यस पछिको दशकको अन्तमा लर्ड कर्जनद्वारा बंगालको विभाजन गरियो जसको एक मात्र उद्देश्य राजनैतिक अस्थिरता दमन गर्न थियो तर विपरीत अझै चर्को हुँदै गयो । स्वदेशी तथा बहिष्कार आन्दोलनको समर्थन पाएर विभाजन-विरोधी विद्रोह सम्पूर्ण स्वतन्त्रताका लागि जोधाहा संग्रामको रूपमा गहिरो र व्यापक भयो, जो एक जना नामी वाक्पटु प्रवक्ताको शब्दमा, गाउँदेखि गाउँ, शहरदेखि शहर अनि प्रान्तदेखि प्रान्त हुँदै सम्पूर्ण देशमा फैलियो । वन्दे मातरम् ती देशभक्तहरूका निम्ति युद्ध-उद्गार भयो जसले महान् कार्यमा आफूलाई बलिदान गरे अनि शहीदहरू आफ्नो अधरमा जादुयुक्त नारा उच्चारण गर्दै फाँसीमा चढ्न अघि बढ्े । श्रीअरविन्द एक जना कविको रूपमा आन्दोलनका अगुवाहरू मध्ये थिए जसले आफ्नो प्रमुख दैनिकको नाउँ 'वंदेमातरम्' राखेका थिए जसमा उनले १९०७ मा लेखेका थिए, "एउटा राष्ट्र अथवा मानवतालाई एउटा महान् अनि प्राणदायक सन्देश दिनु थियो अनि ईश्वरले त्यस मुखलाई छाने जहाँबाट सन्देश का शब्दहरू साकार हुनेछन् । खाँदिलो दृष्टि प्रगट गर्नु थियो, यसैले सर्वशक्ति सबैभन्दा पहिलो उनको आँखा खोल्ने छन् ।" (वाङमय, खण्ड १७ पृष्ठ ३४४)

यस महान गीतले आफ्नो शुभारम्भको नारा सहित राजनैतिक, आर्थिक तथा सांस्कृतिक स्वाधीनताको आन्दोलनलाई प्रेरित गर्‍यो अनि सम्पूर्ण संसारले थाहा पायो, एउटा शक्तिशाली राष्ट्र एक जना सशकत मानिस जस्तै निंद्राबाट बन्धनहरू पन्छ्याउँदै कसरी उठयो । छक्क पर्ने कुरा होइन, यसले गर्दा शासक-वर्ग आतङ्कित भए अनि बन्देमातरम भारतीय प्रायद्वीप 'उसको अर्को द्वीपमा जोनबुल' लाई देखाउने रातों कपड़ा भयो । नारा विद्रोहको प्रमाण-प्रतीक बनियो अनि 'आनन्दमठ' माथि यद्यपि कुनै प्रतिरोध लागेन तर वन्देमातरम्माथि भने प्रतिबन्ध लाग्यो । १९०५मा घटेको चाखालाग्दो घटना'ले ती दिनहरूको विस्फोटक स्थितिको गतिलो वर्णन गरयो । बनारसंमा भारतीय राष्ट्रीय कंग्रेसको अध्यक्षता गोपालकृष्ण गोखलेले गरिरहेका थिए अनि उपस्थित व्यक्तिहरूमा टैगोरकी भतिजी, विख्यात गायिका, सरला देवी थिईं जसको बिहे त्यसै बेरा निर्भय राष्ट्रवादी रामभजदत्त चौधरीसित भएको थियो । उसलाई देखेर विशाल जनसमूहले वन्दे मातरम् गाउन जोर लगाए, जसले गर्दा आयोजकहरूलाई अप्ठयारो पर्‍यो अनि डर भयो कतै अधिवेशनलाई भताभुङ्पार्न पुलिसले मौका त पाऊँदैन । आफूलाई दुविधामा पाएर अध्यक्षले सरला देवीसमक्ष एउटा चिर्कोट

१. हेमचन्द्र वंद्योपाध्यायको कविता 'राखी बन्धन' मा एउटा सन्दर्भ आधारमा भनिएकोछ, १८८६को अधिवेशनमा यो पहिलो पटक गाइयो । तर यो मत भरपर्दो छैन; तैपनि हेमचन्द्रले १८६६को अधिवेशनको सन्दर्भ दिएको बुझिन्छ । उनको सङग्रहीत कृतिहरूमा 'राखी बन्धन' महारानी भिक्टोरियाको जयन्ती (१८८७) सित. सम्बन्धी विजय-गीत र बंकिमचन्द्रको देहान्तसित सम्बन्धित शोकगीत पछि आउँछ ।

हतार-हतार पठाए जसमा जन-समूहलाई सन्तुष्ट गर्न केही पंक्ति गाउन भनिएको थियो नत्र जनगण नियन्त्रबाहिर हुन सक्छन् । तर उसले पहिलो पंक्ति जसै गाई, जोशले परिपूर्ण-श्रोताहरू उसको प्रशंसामा वाह-वाह गर्न थाले अनि अध्यक्षले अनुमति नदिए तापनि सम्पूर्ण गीत गाउन पर्‍यो । पुलिसले दखल दिने कार्य अथवा हिम्मत नै गरेन !

सरकारले आफ्नो लगातारको शत्रुतामा अलिकति कमी गरेन् तर वन्देमातरम्ले प्रशासकीय यातना केही अंशमा सँहदै पनि आफ्नो प्रेरक प्रभाव पार्दै गयो । त्यसपछि जुन परिवर्तन आयो, त्यो स्वत: र अप्रत्याशित थियो । पहिलो विश्वयुद्धको समाप्तिले विश्वमा र विशेष गरेर भारतीय स्थितिको सन्दर्भमा नयाँ युग ल्यायो । जलियाँवाला वागको नरसंहारपछि, जसले साम्राज्यवादको साँचो चित्र उद्‌घाटित गर्‍यो अनि असहयोग आन्दोलन शुरू भएपछि, जसले ब्रिटिश सरकारलाई खुला रूपमा शैतान घोषणा गर्‍यो-वन्देमातरम् फेरि सामु आयो । अड्डाशाही प्रशासनसम्मले ज्यादै अत्याचार भएको अनुभव गऱ्यो, यस गीत अथवा नारामाथि दखल दिनु उचित हुँदैन । प्रतिबन्ध आफ्नै समझौता अनुरूप हराएर गयो ।

वन्दे मातरम् अड्डाशाही प्रशासनको यातनमा बाँचे पनि आन्तरिक षड्‌यन्त्रबाट फुल्किनु निक्कै गाह्रो भयो किनभने यो साम्राज्यवादी दाउपेंच को आँकुरो थियो । जब कर्जनको ठाउँमा उभन्दा कम ओहदा भएको लर्ड मिन्टोलाई भारतको वाइसरायको पदमा नियुक्ति दिइयो, तब कर्जन विचलित भएर चिच्च्यायो, "मपछि मिन्टो ।" तर विनम्र व्यवहार भएको मिन्टो सफल भयो अनि रवाफिलो कर्जन पछारियो । मॉर्लेको सहयोगमा उसले केही नरम भारतीय राजनीतिज्ञहरूलाई फुल्याउन केही सुधारको स्वीकृति दियो—अथवा स्वीकृतिको देखौवा गर्‍यो, तर हिन्दु अनि मुसलमानका लागि बेग्ला-बेग्लै मताधिकारको व्यवस्था लागु गरेर छुट्याउने कीलो भने अवश्य नै गाड्यो । पछि दुवै बंगाल एक भए तापनि 'फोर र राज गर' नीतिको अन्तिम परिणाम सम्प्रदायको आधारमा युद्ध भयो, जसमा वन्दे मातरम् नै आक्रमणको मूल तारो भयो । जब तीसको दशकको अन्ततिर कंग्रेस मन्त्रीमण्डलले यसलाई केही प्रान्तहरूमा राष्ट्रीय गीतको रूपमा स्वीकार गरे तब हिन्दु बहुदेववादको संकेत बुझाएर गहकिला आपत्तिहरू उठाइए । यस कटु वाद-विवादको इतिहास धेरै ठाउँहरूमा भनिएको छ तर राजेन्द्र प्रसादद्वारा लिखित 'इंडिया डिवाइडेड' (१९४५)मा जस्तो तटस्थ वर्णन कतै छैन किन भने उनी यस अविधमा केही समयका लागि कंग्रेसका अध्यक्ष थिए । अन्तमा कंग्रेस कार्यकारी समितिले १९३७मा वन्दे मातरम्लाई राष्ट्रीय गीतको रूपमा राख्यो तर अपूर्ण रूपमा; साधारण जनसभामा पहिलेका दुइ श्लोक मात्र गाउन दिइयो । तर दश वर्ष भित्र नै बंगाललाई विभाजन गर्ने योजना फेरि जीवित भयो अनि एक पटक फेरि विभाजन 'निश्चित तथ्य' भयो । इतिहासको विडम्बना, अन्ततिर हांसो नै भयो । १९४७को नयाँ विभाजनसँगै नै भारतमा ब्रिटिश साम्राज्यको अन्त भयो जसलाई लर्ड कर्जनले १९०५मा बंगाललाई विभाजन गरेर स्थापित गर्ने प्रयास गरेको थियो ।

स्वतन्त्र भारतले टैगोरको 'जनगणमन' लाई सरकारी तवरमा राष्ट्रीय गीतको रूपमा

स्वीकार गरेको छ, किनभने सूर-तालको सुविधा छ अनि केही हदसम्म धर्म-जातिवादीहरूको मुख बन्द हुन्छ । तर बन्दे मातरम्ले राष्ट्रीय चेतनामा यति गहिरो जरा गाड़ेको छ, त्यसलाई सजिलै विस्थापित गर्न अप्ठ्यारो छ; यसै कारण सहायक राष्ट्रीय गीतको रूपमा स्वीकार गरिएको त्यस समयदेखि अहिलेसम्म तीन दशक बिती सक्यो अनि पुरानो विवादको भुङ्ग्रो निभ्यो । यसर्थ निष्पक्ष भएर हामी वन्देमातरम'को काव्यात्मक विशेषताहरू र राष्ट्रीय गीतको सुरीलोपनमा यसका लोकप्रियतामाथि पुनर्विचार गर्न सक्छौं ।

'जनगणमन' मधुर र सुरिलो तथा सुन्दर कविता हो अनि यसले भारतीय राष्ट्रीयताको सजीव चित्र प्रस्तुत गर्छ । तर कवि तथा कविताप्रति सम्पूर्ण सम्मान राख्दै भन्न सकिन्छ, यसमा न वन्दे मातरमको जस्तो शक्ति र आगो छ, न वन्दे मातरम् जस्तो ऐतिहासिक संबद्धता नै छ । यदि कसैले धर्म-जातको आधारमा आपत्ति गर्छ भने उसले बुझ्नेछ, राष्ट्रीय वन्दना गीतमा त्यही नै विशिष्ट हुन्छ । भनिएको छ, बन्दे मातरम् भारतको राष्ट्रीय गीत हुन सक्दैन; यो यस्तो देश हो जहाँ विभिन्न जात र धर्मका मानिसहरू बसोबास गर्छन्, यहाँ हिन्दु बहुदेववाद छ अनि हिन्दु -देवस्थलमा देवीहरूको विशेष गरेर गुणगान गरिन्छ । तर यस्तो दृष्टि हलुको र भ्रामक हुन्छ ।

काव्यात्मक तथा सैद्धान्तिक दृष्टिमा बन्दे मातरम् को मुख्य आकर्षण के छ भने यसमा आमालाई सर्वव्यापी र सर्वोपरि मानिएको छ । यो कारडूक्कीको 'ओड इन क्लाइटमनस' जस्तो कविताभन्दा भिन्नै हो, जसमा पुराना देवी-देवताहरूको प्रसंगले यदा-कदा क्षणिक साँध नाघे तापनि इटालिया आफ्नो धरती र इतिहाससँग जोडिएकी नै छे । यसरी नै यो टैगोरको 'जनगणमन' र अरू यस्तै कविताभन्दा बेग्लै छ, किन भने भारतलाई ईश्वरको अधीनमा देखाइएको छ जसले नियतिको निर्धारण गर्छ अथवा यस्तो चिरस्थायी रथारोहीको जिम्मामा मानिएको छ जसले भारत तथा अन्य देशहरूलाई नियन्त्रण गर्छ । गीतमा जुन देवीहरूको उल्लेख भएको छ ती सबै आमाको विविध रूपी व्यक्तित्व का विभिन्न पक्ष हुन् । गीतमा एक मात्र सदृशता छ जसप्रति मेरा मित्र एन.सी.एम[१] ले मेरो ध्यान आकर्षित गरेको छ, त्यो डेल्फिक प्रिस्टहूड नाउँ भएको रहस्यपूर्ण संगठनको आदर्श र धारणा हो। यस संस्थाले उन्नाइसौं शताब्दीको शुरूमा इटलीको स्वाधीनता र एकीकरणका लागि संघर्ष गरेको थियो । नाउँले नै अधर्मी संस्थाको सम्झना गराउँछ भनी उल्लेख गर्न सकिन्छ : ''डेल्फी पूजारी, देशभक्त पूजारी अनि संग्रामी पूजारीले भने- मेरी आमासँग समुद्र पहिरन छ अनि अग्ला पहाड़ राजदण्ड हुन् । आमाको हुन भनी प्रश्न गर्दा जवाफ थियो—'जुन महिलाको कपाल कालो छ, जोसँग सौन्दर्य, बुद्धि र शक्ति छ, जसले स्त्री-धनको रूपमा लहलहाउँदो सुवासित फूलले परिपूर्ण बगैंचा भेटेको छ जहाँ अंडीरको रूख र अंगूरको लहराले बहार ल्याउछ जो अहिले हृदयमा आक्रमण भएकोले

१. हेर्नुस् एन.सी. एम. पोर्ट्रेट्स एंड मेमोरिज, १९७५

कराउँदै छ ।'' (द सेक्रेट सोसाइटिज अव् अल एजेज एण्ड कंट्रीज, रचयिता सी डब्लयू. हेकेथॉर्न, लन्दन, १८९७, खण्ड २ पृष्ठ १८८) । 'आनन्दमठ'को मुख्य पात्र सत्यानन्द एक जना देशभक्त र विप्लवी संन्यासी हो जसले आमाको प्रतिविम्ब जस्ती उनी थिइन् जस्ती छिन् अनि जस्ती हुनेछिन, त्यस अनुरूप बनाउने गर्छ । बंकिमचन्द्र एक जना महान् रचनात्मक कलाकार बाहेक एक जना स्थापित विद्वान थिए जसको जिज्ञासा व्यापक थियो । कुनै मौकाद्वारा के उनले डेल्फिक समाजको विषयमा जानकारी हासिल गरेनन् ।

# गीत

(वन्दे मातरम् स्वयं पनि पाठकहरू र श्रोताहरूको कल्पना विचार्न समर्थ छ । तर कुनै मानिसले यसको सन्देश प्रचार गर्नमा अनि भारतीय राष्ट्रवादीहरूका लागि समर-गीत बनाउनमा मदत गर्‍यो भने उनी श्री अरविन्द थिए जसले गीतको अनुवाद अंग्रेजीमा गद्य र पद्य दुवै रूपमा गरे । पद्य अनुवादले ज्यादै प्रसिद्धि पायो तर यो राम्रो अनुवादभन्दा कविको पुर्सिजन थियो । अनुवादले मूलको सौन्दर्य फेरि सिर्जन गर्न सक्दैन तर पाठकहरू यहाँ प्रस्तुत गद्य भागबाट बंकिमचन्द्रको गीतको स्वच्छ विचार पाउन सक्छन्, किन भने यो साहित्यिक छ अनि गद्यको मधुरतासँग गीतको ताल मिलाउनमा सफल भएको छ)

Indian ... Advance ...
116979
8/12/04
SHIMLA

# बंकिमचन्द्रका कृतिहरू

१. ललिता ओ मानस : बाल कविताहरू, १८५६
२. दुर्गेशनंदिनी : उपन्यास, १८६५
३. कपालकुण्डला : उपन्यास, १८६६
४. मृणालिनी : उपन्यास, १८६६
५. विषवृक्ष : उपन्यास, १८७३
६. इंदिरा : उपन्यास, १८७३
७. युगलांगुरीय (औंठीको जोड़ा) : उपन्यास, १८७४
८. लोक रहस्य : हास्य प्रधान शब्द-चित्र संग्रह, १८७४
९. विज्ञान रहस्य : विज्ञान सम्बन्धी निबन्ध संग्रह, १८७५
१०. चन्द्रशेखर : उपन्यास, १८७५
११. राधारानी : उपन्यास, १८७५
१२. कमलाकान्तेर दफ्तर (कमलाकान्तका कागजहरू), १८७५
१३. विविध समालोचना : निबन्ध, १८७६
१४. रजनी : उपन्यास, १८७७
१५. कृष्णकान्तेर वील : उपन्यास, १८७८
१६. कविता पुस्तक : १८७८
१७. साम्य : निबन्ध-संग्रह, १८७९
१८. प्रबन्ध पुस्तक : निबन्ध, १८७९
१९. राजसिंह : उपन्यास, १८८२
२०. आनन्दमठ : उपन्यास, १८८२
२१. मुचीराम गुरेर जीवन चरित : व्यंग्य, १८८४
२२. देवी चौधुरानी : उपन्यास, १८८४
२३. कृष्ण चरित्र : निबन्ध, १८८६
२४. सीताराम : उपन्यास, १८८७
२५. विविध प्रबन्ध, भाग १ : निबन्ध संग्रह, १८८७
२६. धर्मतत्व भाग १ तथा अनुशीलन (संस्कृति), १८८८
२७. विविध प्रबन्ध, भाग २ : निबन्ध संग्रह १८९२
२८. सहज रचना शिक्षा : पाठ्य पुस्तक, १८९४

२९. सहज अंग्रेजी शिक्षा : पाठ्य पुस्तक, तेस्रो संस्करण १८९४ यसको कुनै प्रति उपलब्ध छैन

३०. श्रीमद् भगवद गीता : गीताको अनुवाद र टीका (अपूर्ण) मृत्युपरान्त १९०२मा प्रकाशित ।

३१. राजमोहन्स वाइफ : अंग्रेजी उपन्यास (इंडियन फिल्डमा १८९४ मा धारावाहिक प्रकाशित) : पुस्तकाकार (पहिलो पटक १९३५ प्रकाशित) ।

बंगालको साहित्यिक संसारमा बंकिमचन्द्र चटर्जी (१८३८-१८९४)को आविर्भाव आकाशमा सूर्य उदाउनु समान हो । हामीले उहाँका चिन्तनको मौलिकता वा गुणवत्ताको मूल्यांकन जस्तै प्रकारले गरेपनि, आधुनिक भारतमा प्रथम उपन्यासकारको रूपमा उहाँको स्थान सुनिश्चित छ औ उहाँलाई सदैव महानतम् उपन्यासकारहरूमै गनिनेछ ।

उपन्यासकारको रूपमा त बंकिमचन्द्र महान हुनुहुन्थ्यो नै, आलोचकको रूपमा पनि उहाँ सुविख्यात हुनुहुन्थ्यो । तर सृजनशील कलाकारको रूपमा उहाँको वर्चस्वता तथा भारतीय पुनरुत्थानमा उहाँको भूमिकाले गर्दा, आलोचनात्मक चिन्तन तथा त्यसको व्यवहार्य रूपलाई उहाँको देनले धेरथोर धमिल्याएको छ ।

बंकिमचन्द्रको 'वन्देमातरम्' भारतीय संस्कृतिको एक अमूल्य निधि हो । यस महान गीतको पहिलो पंक्तिले राष्ट्रीय नाराको रूप लिएर हाम्रो देशको राजनैतिक एवं सांस्कृतिक चेतनालाई प्रेरित गरेको छ । भारतीय राष्ट्रवादीहरूका निम्ति यो, युद्धको उद्घोष बनेको छ ।

सुप्रसिद्ध विद्वान तथा बंकिम-साहित्यक 'भारतीय साहित्यका निर्माता' शृंखलाधीन निबन्धकार तथा आलोचकको रूपमा बंकिमच प्रस्तुत गर्नुभएको छ ।

Library IIAS, Shimla
N 891.440 92 C 392 S
00116979

ISBN 81-260-0001-5

पन्ध्र रूपियाँ